## अध्याय-एक

## परिचय (Introduction)

### १.१ पृष्ठभूमि (Background)

तामाङ जाति नेपालको विभिन्न जातिहरु मध्ये एक महत्वपूर्ण प्राचिन जाति हो । यो जाति मुख्य गरि नेपालको काभ्रेपलाञ्चोक, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ्ग, काठमाडौं, ललितपुर, रसुवामा बसोवास भएपनि नेपालका पचहत्तर जिल्लामै छरिएर रहेको पाईन्छ । नेपाल वाहिर भारतको पश्चिम वङ्गाल राज्यको दार्जीलिङ, सिक्किम तथा भूटान, बर्मा र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको केरुङ, सिगात्सेसम्म पनि वस्ति बसेको पाईन्छ ।

तामाङ जातिको आफ्नै भाषा, संस्कार रहेको पाईन्छ । यस जातिमा समयको विकास सँगै आफ्ना मौलिकपनहरुमा केहि परिवर्तन आएको पाईन्छ । यसरी आएको परिवर्तनले तामाङ जातिहरुको सामाजिक आर्थिक, सांस्कृतिक पक्षहरुमा ठूलो प्रभाव पारेको पाईन्छ । यसरी परिवर्तनको क्रममा आउने गरेको प्रभावले तामाङ संस्कारलाई भने अछुतो राख्न सकेको पाईदैन । संस्कार भन्नाले जन्मदेखि मृत्युसम्म वा मृत्यु पछिको अवधिमा समेत गरिने धार्मिक तथा आध्यात्मिक कर्मकाण्ड हो । राजवली पाण्डेयका अनुसार, "संस्कारको अर्थ मात्र वाह्य धार्मिक क्रियाकलाप, अनुष्ठान, कामकाजका आडम्बरी क्रियाकलाप, कर्मकाण्ड, राज्यद्धारा निर्दिष्ट चालचलन, नियम र अनुशासित ब्यवहार होईन संस्कार शब्दको सही अर्थ अंग्रेजी शब्द 'Rituals' बढि उपयुक्त रहेको छ जसको अर्थ धार्मिक बिधि, बिधान अथवा त्यस्तो कार्य हो जसले आन्तरिक तथा आत्मिक सौन्दर्य बढाउँछ" (खनाल, २०६१) । तामाङ जातिको संस्कारमा ताम्बा, बोन र बौद्ध धर्मको प्रत्यक्ष प्रभाव रहेको पाईन्छ । यस जातिको अन्य जातिहरुको भन्दा फरक सामाजिक संस्कारहरु रहेका छन् । जस्तै जन्म संस्कार, कर्म संस्कार र मृत्यु संस्कार, यी संस्कारहरु नै तामाङ जातिका सामाजिक संस्कारहरु हुन् । यी सामाजिक संस्कारहरुमा आउँदै गरेको परिवर्तनले तामाङ समाजलाई नै परिवर्तन गरिरहेको छ । यी जातिहरुको संस्कारमा जन्मदेखि मृत्यु सम्मका संस्कारको ब्यबस्था भएता पनि मृत्यु संस्कार नै प्रमुख बौद्ध संस्कार रहेको छ । तामाङहरु अन्य संस्कारको बेलामा बोम्बो र ताम्बाबाट तामाङ संस्कार गर्दछन भने मृत्यु संस्कारमा लामाको भूमिका अपरिहार्य रहन्छ ।

तामाङहरुको परम्परागत भेषभूषा पुरुषले बाक्लो कपडा, दौरा, सुरुवाल टोपी, लुकुनी, कम्मरमा पटुकी, बाँधेर खुकुरी भिर्ने गरेको पाईन्थ्यो भने महिलाहरुले फरिया, चोली, स्यामा, पटुकी लगाउने गर्दथे । गरगहनाहरुमा चेप्टेसुन, मुगामाला, गाँहुमाला, कानढुँग्री, कुण्डल, आदि लगाउने गरेको पाईन्थ्यो । अहिले आएर विभिन्न विज्ञापनहरु, आधुनिक फेसन, अन्तराष्ट्रिय सम्पर्क आदिले गर्दा विशेष गरि युवा पुस्तामा सर्ट, पेन्ट, टाई, छोटा फेसनदार कपडाहरु तथा विभिन्न गरगहनाहरु पनि लगाउन मनपराई रहेको देखिन्छ । यिनीहरुको मुख्य खानाको रुपमा थुक्पा, बावर, छ्याम्बा (ढिँडो), आलुम, छ्याङ, आईरक (रक्सी), आदिको ठाउँमा मम, वियर, कोकाकोला आदिको प्रयोग गर्न रुचाउन थालेको पाईन्छ । यिनीहरुको नाचमा डम्फूनाच, सरस्वति नाच, तामाङ सेलो, फावर गीत, देवता गीत आदि हुन् । कोही मृत्यु भएमा साथै बिभिन्न अन्य केहि क्रियाकलापहरु गर्नु परेमा साईत हेराएर सम्पन्न गर्ने गर्दछन् । तर अहिले आएर युवा पिँढिहरुमा भने केहि परिबर्तन भएको पाईन्छ ।

२०५८ सालको जनगणना अनुसार नेपालमा तामाङहरु कुल जनसंख्याको ५.६४ प्रतिशत, अर्थात १२,८२,३०४ रहेका छन् । जस मध्ये पुरुषको जनसंख्या ६,४१,३६१ र महिलाको जनसंख्या ६,४०,९४३ रहेको छ । नेपालमा भएका कुल तामाङहरु मध्ये ८८.८ प्रतिशतले आफ्नो तामाङ भाषा बोल्ने गरेको पाईन्छ (केतवि, २०५८) । संखुवासभामा भने तामाङहरुको जनसंख्या १५,०४८ अर्थात ९.४५ प्रतिशत रहेको छ (District and VDC Profile, 2010:18,19) । तामाङहरु तेस्रो ठूलो जनसंख्या भएको नेपालका ५९ आदिवासि जनजातिहरु मध्येको एक हो । यो जाति पूर्वमा दुधकोशी देखि पश्चिममा बुढिगण्डकी सम्म र दक्षिणमा चुरे पर्वतमाला देखि उत्तरमा चीनसँगको सीमारेखा सम्म रहेको छ । यो भूभागलाई प्रथम अन्तराष्ट्रिय तामाङ सम्मेलन २००२, काठमाडौंको घोषणा पत्रले पनि तामाङको साझा मुलथलोको रुपमा स्विकारेको छ (तामाङ, २०६४) । स्वशासन र साझा शासनको उपयुक्त सन्तुलनले संघिय संरचना भित्र सामाजिक, सांस्कृतिक स्वायत्तता राजनीतिक एकता ल्याउन सम्भव हुन्छ (तामाङ, २०६५) । मुख्य रुपमा काठमाडौंको वरीपरिको पहाडी क्षेत्रका ९ वटा जिल्लाहरुमा मूख्य बाहुल्यता जमाएर बसेका तामाङ जातिहरु यस क्षेत्रलाई “ताम्सालीङ” बनाउनु पर्दछ (तामाङ, २०६४) भनेर वहस सुरु गर्न थालेको पाईन्छ ।

तामाङहरुको इतिहासमा बिभिन्न अस्पष्टता पाईए पनि शर्मा (२०५८), ले आज भन्दा एक हजार वर्ष पहिला तिब्बतमा गलङमर्म नाम गरेका एउटा बुद्ध धर्मका बिरोधी राजा थिए । उनलाई ग्याल्बो लुन्दर पनि भनिन्थ्यो । यी राजाले बुद्ध धर्मालम्बिलाई दमन गर्दथे । त्यस समयमा बौद्ध गुम्बाहरुमा आगो लगाउनका साथै लामा अनुयायीहरुलाई गृहस्थ बन्न बाध्य गराउनका साथै बुद्धका मुर्तिहरु पनि नष्ट गरे । यस प्रकारको यस्तो दमनका कारण बौद्ध भिक्षुहरु भागेर अन्तै गए । यस्तो दमनको बिरोध गर्दै एक जना दपलग्नी दोर्जे नाम गरेका भिक्षुले आफ्नो भेष बदलि राजाको हत्या गर्न सफल भई आफ्ना सहयोगी सँगै घोडामा चढेर तिब्बतबाट दक्षिण तर्फ लागे । तिनीहरुलाई लखेट्दै बौद्ध धर्म बिरोधीहरुले आजको नुवाकोट जिल्लाको उत्तरी भाग सम्म आएका थिए । ती लखेटिएका भिक्षुहरु नै आएर रसुवा र नुवाकोट तिर बस्न थाले । आज यिनै ब्यक्तिहरुका सन्ततिहरु काठमाडौं उपत्यकाको आसपास, सिन्धुपाल्चोक, धादिङ र अन्य जिल्लामा फैलिएर रहेको उल्लेख गरिएको छ ।

यसै गरि तामाङको नेपाल आगमन विषयमा विभिन्न विद्धान र विदुषीहरुको वीचमा विभिन्न कुराहरु पाईन्छ । जसमा नेपाल सरकार र सोभियत संघ रुस सरकारवीच भएको सांस्कृतिक सम्झौता अनुसार लेनिनग्राद विश्वविद्यालय पुरातत्व संस्थानका प्राग ऐतिहासिक पुरातात्वविद डा.अनातोलिया याकोब्लेभ शेटेन्को वि.सं. २०३४ सालको हिउँदको अन्त्यमा २ महिनाको लागि अर्थात 15 Janaury to 24 March 1978 सम्म नेपालको पुरातात्विक अध्ययन भ्रमणमा नेपाल आएका थिए । उनले यहाँ वस्दा पुरातात्विक विभागको सहयोगमा अनेक प्राग ऐतिहासिक पुरातात्विक स्थलहरुको अध्ययन गरे जसमा काठमाडौं उपत्यकाको बुढानिलकण्ठको दक्षिण पूर्वतिर पर्ने वणिय पाखा र पण्डित गाउँको वीचमा रहेको धोवी खोला पनि एक हो । त्यसवेला डा.शेटेन्कोले ई.३०,००० वर्षभन्दा पहिलाका मङ्गोलियन गोवि नमुनाका ढुङ्गे हतियारहरु फेला पारेका थिए । उक्त हतियारलाई डा. शेन्टेन्कोले तीन भागमा वर्गीकरण गरेको छ ।

क. गोवी नमुनाका धार भएका,

ख. दुई धारे प्रिज्म्याटिक र

ग. तीन चुच्चे ।

उक्त तथ्यले काठमाडौं उपत्यकामा मङ्गोल जातिका मानिसहरु उत्तरतिरबाट आएर बसेको कुरा पुष्टि हुन्छ । यसबाट तामाङ जातिहरु मङ्गोल मुलको अत्यन्तै पुरानो मानिन्छ । सम्भवत पहिले चर्चा गरेझै मङ्गोल जातिका मानिसहरु कुनै समय पहिले काठमाडौं उपत्यकामा आवाद भएर काठमाडौं बाहिर बस्ने मानिसहरुको बसोबास काठमाडौं उपत्यकामा भएपछि ती मङ्गोलहरु उपत्यका भन्दा बाहिर रहेका पहाडी भूमितिर लागे । रहँदा बस्दा तिनै मङ्गोलहरु पछिल्लो कालमा आएर तामाङ, मूर्मी आदि अनेक नामले सम्बोधित हुँदै गए । यी जातिहरुको बाह् र अठार थर बिभाजन भई उत्पति भएको पाईए पनि थरहरुमा खासै अन्तर रहेको भने पाईदैन । तामाङहरुको एक सय पैंतीस थरहरु ( अनुसुची-चार) भएको पाईएको छ (तामाङ, २०६१) । जो आज पनि त्यसै उपत्यकालाई चारैतिर घेरेर बसेको पाईन्छ । त्यसैकारण काठमाडौं उपत्यकाको वर्णन गर्दा नेपालका पुराना बंशावलीहरु "नेपाल उपत्यकालाई आवाद गर्न मन्जुश्री वोधिसत्व स्वयं अनेक शिष्यहरुका साथ महाचीनबाट आएका हुन् ।" यसै भनाईबाट पनि डा.शेटेन्कोको भनाई र तामाङहरुको भावनालाई पुष्टि गर्दछ ।

तामाङ नेपालको उच्च भाषा धारण दर भएको सबै भन्दा ठूलो टिबेटो वर्मन भाषिक समुदाय हो (Tamang, 2008) । यसरी तामाङ जातिको इतिहासमा अस्पष्टता भएपनि यो जाति मंगोलियन नश्ल हो र तिब्बती समाज र संस्कृति सँग नजिक रहेको छ । तिब्वतबाट कविलाहरु विभिन्न झुण्डको रुपमा नेपाल पसेका थिए र नेपालमा आएर विशिष्ट तामाङ संस्कृतिमा विलिन भएका थिए भन्न सकिन्छ । यहि विशिष्ट संस्कृतिको कारण नै तामाङ जाति अन्य हिमाली मूलका तथा गैर हिमाली मूलका जाति तथा जनजातीहरु भन्दा अलग जातीय पहिचान बनाएको छ (तामाङ, २०६०:२,३) ।

## १.२ समस्याको कथन (Statements of the Problem)

परिवर्तन प्राकृतिक नियम हो । परिवर्तन पुरानो संस्था, चालचलन, मूल्य मान्यता, ब्यबहार र सम्बन्धको अन्त्य र नयाँको प्रार्दुभाव हो । कुनै निश्चित समय अवधि भित्र वस्तुको स्वरुप र संरचनामा आउने फरक पनले परिवर्तनलाई जनाउने गर्दछ । Maclver and Page (1996), का अनुसार एक अवस्थाबाट अर्को अबस्थामा मानवीय सम्बन्ध, चालचलन, ब्यबहारमा आउने फरकपन नै परिवर्तन हो । परिवर्तन समाजका लागि आवश्यक हुन्छ । कुनै पनि समाज भित्र विभिन्न जातजातिहरुले आफ्नो संस्कृति अनुसार

गर्भधानको अवस्था देखि मृत्यु अवस्था सम्म धेरै वा थोरै केहि बिधि बिधानको अनुसरण गर्दै आएको पाईन्छ जसलाई संस्कार भनिन्छ । संस्कार कुनै पनि स्थान अनुसार त्यस ठाउँको सामाजिक, सांस्कृतिक विशेषताहरुले निर्धारण गर्दछ र त्यहि अनुसार सामाजिक संस्कारहरु पनि परिवर्तन हुदै जान्छ (तामाङ, २०६०) ।

संस्कारले कुनै पनि ब्यक्तिलाई परिवर्तनसिल सामाजिक स्थितिबारे अवगत गराउनुको साथै सामाजिक जीवनको प्रारम्भ हुने समय देखि नै आफ्नो संस्कृति अनुसार विशेष ज्ञान वा शिक्षा दिने कार्य गर्दछ । मानिस एक अवस्थाबाट अर्को अवस्थामा अर्थात वाल्यकालदेखि युवा अवस्था र युवा अवस्थादेखि बृद्ध अवस्थामा प्रवेश गर्नका लागि केहि बिधि बिधानको आवश्यकता पर्दछ । यसको प्रमुख कारण नै उसलाई समाजमा वस्न पर्ने र समाजमा केहि कर्तब्य पुरा गर्नु पर्ने भएकोले हो । संस्कारले नै कुनै पनि ब्यक्तिलाई त्यस अवधिमा गर्नु पर्ने सम्बन्धित भूमिका बारे पनि जानकारी दिने कार्य गर्दछ । संस्कारले गर्दा ब्यक्तिको सम्पूर्ण जीवन नियमबद्ध रहन्छ । यसको अर्थ हो मानिसको जीवनलाई निश्चित नियम अनुसार सामाजिक जीवनका साथमा समन्वय र सामन्जस्य गराउने काम हुन्छ ।

मानिस एक सामाजिक प्राणि हो । समाजमा बस्दा आफ्नो सामाजिक चलन, ब्यबहार, ब्यक्तित्व, धर्म, विश्वास, आस्था, मृत्यु मान्यता, नीति, नियम बारे जान्नु पर्ने, सामाजिक तथा बैधानिक मान्यता प्राप्त गर्नु पर्ने अनिवार्य रहेको हुन्छ । मानिस आफ्नो संस्कारले गर्दा आफ्नो समाज भित्रको एउटा सदश्य बन्न पुग्छ । आदिवासि जनजातिहरुको आफ्नै भाषा आफ्नै संस्कार र संस्कृति हुने भएकोले उनीहरुको विकासको लागि परम्परागत रुपमा अपनाउँदै आएका सामाजिक संस्कारहरुको जानकारी लिई संरक्षण र विकास गर्नु आवश्यक हुन्छ ।

नेपाल एक बहुजाति, वहुसांस्कृतिक र वहुभाषिक मुलुक भएपनि बिबिधता भित्र समानता पनि रहेको पाईन्छ । जातीय र सांस्कृतिक रुपमा तामाङ जातिहरु भिन्न देखिए पनि अहिले वर्तमान समयमा आएर केहि मात्रामा भएपनि अन्य जातिहरु सँग समानता र समकक्षता प्राप्त गर्दै गएका छन् । यी तामाङ जातिमा विविध सामाजिक संस्कारहरु प्रचलनमा रहेका छन् । संस्कारका अनेक उद्देश्यहरु हुन्छन् तर मोटामोटी रुपमा संस्कार शुद्धिकरण, सामाजिकीकरण, सामाजिक ऐकवद्धता र सांस्कृतिक निरन्तरताका द्धृष्टिले सम्पन्न गरिन्छन् । यसरी हेर्दा मैले गर्ने अध्ययनमा नेपालका तामाङहरु खासगरि संखुवासभा

जिल्ला मादी राम्वेनी गाउँ विकास समितिका तामाङहरुको सामाजिक संस्कार र त्यो संस्कार विशेष गरी आधुनिकताले गर्दा विश्वब्यवस्थाको सम्बन्धमा उनिन पुगेर बाह्य देशमा रोजगारीका लागि जाने प्रचलन, देश भित्रै पनि शहरसँग हुने सम्पर्क, शिक्षा, सञ्चारको विकास, आधुनिकताको नाममा नक्कल गर्ने कारण आदिले तामाङ संस्कारमा फरक आउन थालेको पाईन्छ । यसरी तामाङले गर्ने संस्कार र त्यसमा आउँदै गरेको परिवर्तन के ले ल्यायो ? कुन सामाजिक संस्थाहरुको भूमिका, राजनैतिक संरचना, संघर्ष आदिले परिवर्तन सम्भव भयो ? पत्ता लगाउने प्रयासमा निम्न अनुसन्धानात्मक प्रश्नहरु उठाईएको छ ।

(क) तामाङ जातिको मुख्य सामाजिक संस्कारहरु के के हुन् ?

(ख) तामाङ जातिले सामाजिक संस्कार कस्तो तरिकाले सम्पन्न गर्दछन् ?

(ग) तामाङ जातिको सामाजिक संस्कार गर्ने तरिकामा के कस्तो नयाँ कुराहरु देखिन थालेका छन् ?

(ङ) तामाङ जातिको सामाजिक संस्कार गर्ने तरिकामा परिवर्तन आउने कारण के हो ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

मानिस एउटै भएता पनि प्रत्येक समुहका आस्था, विस्वास र चालचलनहरु भने विविध देखिन्छन् । विविध हुनुमध्ये कुनै पनि जातिको आफ्नै मौलिक साथै भौगोलिक परिवेश, समय अनुसारको फरक-फरक किसिमको संस्कार रहेको हुन्छ । त्यसैले मेरो अध्ययनको सामान्य उद्देश्य तामाङ जातिहरुले गर्ने सामाजिक संस्कारहरु र तिनिहरुमा आएको परिवर्तन र यसको कारणहरु पत्ता लगाउनु रहेको छ ।

**विशिष्ट उद्देश्य :-**

(क) तामाङ जातिको सामाजिक संस्कार गर्ने तरिकाबारे अध्ययन गर्ने,

(ख) तामाङको सामाजिक संस्कार गर्ने तरिकामा आएको परिवर्तन र कारणहरु अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व (Importance of the Study)

नेपाल अनेकता भित्र एकता भएको धर्म निरपेक्ष स्वतन्त्र सार्वभौम राष्ट्र हो । यहाँ वसोवास गर्ने सम्पुर्ण जातजातिहरुको आ-आफ्नै छुट्टै र स्वतन्त्र सामाजिक मूल्य, मान्यता, संस्कार रहेको छ । जुन आजको परिवर्तित समाजमा अध्ययन अनुसन्धान गरि वास्तविक जानकारी प्राप्त गर्न आवस्यक रहेको छ ।

नेपालका विभिन्न जातिहरु मध्ये तामाङ जातिको सामाजिक संस्कारबारे वर्तमान अध्ययन विभिन्न दृष्टिकोणले महत्वपूर्ण रहेको छ । तामाङ जातिहरु नेपालमा प्रायः सवै भूभागमा बसोवास गरेको पाईन्छ । नेपाल भरि नै बसोवास गरेका तामाङको संस्कार भने सबै तिर निरपेक्ष हुदैन । कुनै पनि समाजमा भएको गरिवी, भोकमरी, बेरोजगारी, शिक्षा रोजगार, आधुनिकताको प्रभाव, आदि जस्ता सामाजिक पक्षहरुले निर्धारण गरिरहेका हुन्छन् । त्यति मात्र नभएर एउटै जाति भित्र हुने गरेका फरक सम्बन्धहरुले पनि फरक समाज अनुसार संस्कार गर्ने तरिकामा विविधता ल्याएको हुन्छ । त्यसै कारणले गर्दा पनि यस अध्ययनको महत्वपूर्ण भूमिका रहेको छ ।

पूर्वी नेपालको हिमाली जिल्ला संखुवासभाको मादी राम्वेनीमा बसोबास गर्ने तामाङ जातिको बारेमा आज सम्म पनि केहि अध्ययन, अनुसन्धान भएको पाइदैन । यहाँका तामाङहरुको सामाजिक संस्कार र तिनीहरुमा आउँदै गरेको परिवर्तनबारे केहि पनि जानकारी बाहिर आउन सकिरहेको छैन । त्यसैले पनि समाजशास्त्री/मानवशास्त्रीहरुका लागि समेत यो अध्ययन महत्वपूर्ण रहेको छ । कुनै पनि जातिको संस्कार सामाजिक परिवेश अनुशार फरक फरक हुने भएकाले तामाङ संस्कारबारे भविश्यमा जानकारी लिन चाहने नेपाल सरकार, गैरसरकारी, अन्तराष्ट्रिय गैरसरकारी संघ, संस्था र यो विषयसँग जानकारी लिन चाहने जो कोहिलाई पनि उपयोगि हुनेछ । यसरी नै तामाङको सामाजिक संस्कारबारे अझ विस्तृत र गहिरो अध्ययन गर्न चाहने स्वदेशी तथा विदेशी समाजशास्त्री/मानवशास्त्रीहरुको लागि यो गरिएको शोध कार्यले एउटा आधारसिलाको कार्य गर्नेछ वा सहयोग पुर्याउनेछ । यस तामाङ संस्कार र परिवर्तन बारे गरिएको अध्ययन, अनुसन्धानले वर्तमान शोध कार्य र भविश्यमा हुने शोध कार्यको विचको तुलनात्मक अध्ययन पनि हुनसक्नेछ । तामाङ संस्कारका कुन कुन पक्षमा कस्ता कस्ता परिवर्तनहरु देखा परे र परिवर्तनका कारकहरुका बारेमा ज्ञान दिलाउन सहयोग पुर्याउनेछ ।

# अध्याय - दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

## (Review of Related Liteeature)

नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन सुरु भएको धेरै भएको छैन । केहि विदेशी विद्धानहरुबाट स.न. १९५० अगाडी सामान्य अध्ययन भएको पाईए पनि वैज्ञानिक अध्ययन गरेको पाईदैन । केहि फुटकर लेखहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाईन्छ । नेपालका विभिन्न आदिवासि जनजातिहरु मध्ये तामाङ पनि एक हो । तामाङ जातिको बारेमा बिभिन्न स्वदेशी विदेशी विद्धानहरुले तामाङ जातिको उत्पति र विकास, सामाजिक संस्कार, संस्कृति र परिवर्तनका वारेमा विभिन्न तर्कहरु पेश गरेका छन् ।

प्रतिकात्मक तथा संस्कार उपागमनमा कुनै पनि समाजमा ब्यक्तित्व, ब्यवहार, क्रियाकलाप, संस्कार तथा संस्कृतिमा विभिन्न पक्षको तहमा रहेर विश्लेषण गर्नु पर्दछ । कुनै पनि स्थानहरुमा त्यहाँको स्थानीय परिस्थिति अनुसार फरक फरक किसिमको संस्कार र संस्कृतिहरु रहेको हुन्छ । जुन अन्य ठाउँहरुमा नमिल्न अथवा एउटै अर्थ नलाग्ने पनि हुन सक्छ । स्थानीय परिवेश अनुसार कुनै पनि जातिको आफ्नै भाषा, संस्कार तथा प्रतिकहरु रहेका हुन्छन् । जसको अर्थ त्यहिँ जाति वा त्यहिँ समाजले मात्र लगाउन सक्छ । जसको अर्थ अरुले नबुझ्न वा नलगाउन सक्छन् । ती प्रतिक तथा संस्कारहरुको अर्थ त्यहिँ जाति वा समाज भित्र पसेर मात्र लगाउन सकिन्छ । त्यस्तै David H. Holmberg को 'Order in Paradox: Myth Ritual and Exchange among Nepal's Tamang' मा पनि तामाङहरुको भाषा, संस्कार तथा प्रतिकहरुको आफ्नै अर्थ लगाईएको छ । तामाङ समुदाय भित्र रहेको वैवाहिक सम्बन्ध, सांस्कृतिक लेनदेन तामाङ जातिमा रहेको पाईन्छ । जन्मे पछि क्रमसः न्वरान, भात खुवाई, केटाको तीन, पाँच, नौ वर्षमा छेवर, केटी सात वर्षकी हुँदा कपडा दिने, विवाह तथा मृत्यु संस्कार परम्परागत मान्यता अनुरुप सम्पन्न गरिन्छ । समुदायका सदश्यहरु, नाता सम्बन्ध विच बिभिन्न उत्सव पर्व तथा विवाह लगायतका संस्कारहरुमा गरिने आपसि विनिमयले सामाजिक, सांस्कृतिक ब्यबहारमा संस्कारको के कस्तो सम्बन्ध र प्रभाव छ भन्ने देखाउनका साथै त्यस्ता ब्यबहारमा रहेको प्रतिकात्मक अर्थहरुको बारेमा प्रकाश पार्दै तामाङलाई बुझ्न उसका विभिन्न संस्कारहरु बुझ्नु पर्छ भन्ने निष्कर्ष निकालिएको छ । जुन अर्थ अर्को जाति वा समाजमा खासै महत्व राख्दैन ।

संरचनात्मक प्रकार्यवादमा इमाईल दुर्खिम, मेलिनोस्की, रेडक्लिफब्रोन आदिका अनुसार सामाजिक परिस्थितिलाई एउटा प्रणाली मान्दछ । यहिँ प्रणाली संञ्चालनको लागि विभिन्न उपभागहरु सम्लग्न हुन्छन् । यिनै उपभागहरुको प्रकार्यात्मक सम्बन्धबाट मुल व्यबस्था संञ्चालन भएको हुन्छ । त्यस्तै गोपाल सिंह नेपालीको द नेवार मा पनि नेवारी समाजलाई एउटा बृहत संरचना मानि त्यस अर्न्तगत हुने गुठी, नाता सम्बन्ध, संस्कार आदिलाई उपब्यबस्था मानि ती उपब्यबस्था भित्रको प्रकार्यबाट नै नेवारी समाज संञ्चालन भएको छ । त्यसैले यस संरचनात्मक प्रकार्यवाद अनुसार कुनै पनि जातिको सामाजिक संस्कारलाई एउटा प्रणाली मानी त्यस संस्कार गर्दा गरिने अन्य कुराहरुलाई उपब्यबस्था मानि ती उपब्यबस्था भित्रको प्रकार्यात्मक सम्बन्धबाट सामाजिक संस्कार सम्पन्न भएको हुन्छ ।

आधुनिकीकरण तथा पश्चिमीकरणको कारणले नेपाली समाज र संस्कृतिमा प्रभाव पारेको हुन्छ । यसले सांस्कृतिक तथा संस्कारगत परिवर्तनलाई अझ प्रेरित गर्दछ । धार्मिक कट्टरताहरु प्रतिको सोचाईमा लचकता आउने, शिक्षा, विज्ञान, भाषा, कला, साहित्य तथा सामाजिक मुल्य मान्यता प्रतिको पुरातन मान्यतामा आधुनिकीकरणले गर्दा नयाँ दृष्टि कोणको विकास भएको पाईन्छ । पश्चिमी राष्ट्रहरुको प्रभावको कारणले सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, लगायत अन्य कार्य प्रणाली, तरिका र मान्यतालाई अवलम्बन गर्ने वा नक्कल गर्ने, विज्ञान, प्रविधि देखि आर्थिक र सामाजिक विकासका क्षेत्रमा पश्चिमी राष्ट्रहरु बढि विकसित भएका कारण चाहेर वा नचाहेर पनि पश्चिमी बन्नु परेको यथार्थता देखिन्छ । जसले गर्दा सामाजिक संस्कारमा परिवर्तनहरु आउन पुग्छन् ।

विश्वब्यवस्थात्मक सिद्धान्तमा विश्व ब्यबस्था भित्र संम्लग्न राष्ट्रहरु विच सीमा बन्देज हुदैन । जसले गर्दा विश्व ब्यबस्था भित्र संम्लग्न राष्ट्रहरु विच असमान विनिमय सम्बन्ध रहेको हुन्छ । वर्तमान विश्वब्यबस्था भनेको नै पूँजीबादी विश्व अर्थब्यबस्था हो । जसले गर्दा एक देशबाट अर्को देशमा शिक्षा, रोजगारी, ब्यापार व्यवसायमा कुनै रोकावट हुदैन । संस्कार तथा संस्कृतिहरु एक आपसमा अर्न्तराष्ट्रिय स्तरमा सम्लग्नता रहेको हुन्छ । आचार्य (२०६४) मा उल्लेख भए अनुसार समीर अमिन, जेम्स एफ फिसर आदिका अनुसार विश्वब्यवस्था भित्र सम्लग्न राष्ट्रहरु विच श्रम, ब्यापार आदि विचमा असमान विनिमय

सम्बन्ध रहेको हुन्छ । जसले गर्दा शक्तिशाली राष्ट्रहरुले कम विकसित राष्ट्रहरुलाई हरेक क्षेत्रमा शोषण गरिरहेका हुन्छन् ।

मिश्र, (२०६७) का अनुसार परिवर्तन भएको बुझ्नका लागि ऐतिहासिक रुपले श्रृजित वस्तुगत अवस्थाको विश्लेशण गर्नु पर्दछ । संस्कृति अर्न्तगत रीतिरिवाज, संस्कार, धर्म, अन्धविश्वास आदि परम्परागत मूल्य-मान्यता मात्र निहित हुने होईन । संस्कृति निरन्तर रुपमा परिवर्तनशील हुन्छ । कुनै पनि ऐतिहासिक खण्डको, कुनै पनि समाजको संस्कृति स्थुल र निख्खररुपले एकत्रित र एकछत्रीय हुन सक्दैन । समाजमा रहेका बिभिन्नता र असमानताः यी दुईविच हुने अन्तर्क्रिया र द्वन्दले सांस्कृतिक अन्तर्बिरोध सिर्जना गर्दै सांस्कृतिक परिवर्तनको ढोका निरन्तर खुल्ला राखेका हुन्छन् । बाहिरी संस्कृति सँग पनि यस्तो अन्तर्बिरोध रहन्छ । यसले पनि 'आन्तरिक' संस्कृतिलाई परिवर्तित तुल्याउँछ । यसका साथै अर्थतन्त्र र राज्यसत्ता/राज्यब्यबस्थामा भईरहेका परिवर्तनले संस्कृतिलाई परिवर्तन गर्छन् ।

Ahearn, (2004) का अनुसार परिवर्तनको सिद्धान्तले सांस्कृतिक परिवर्तनलाई सुक्ष्म तरिकाले उजागर गर्दछ । सबै समाजहरु निरन्तर रुपमा आफै वा कुनै कारणले परिवर्तन भै राखेका हुन्छन् । कुनै पनि समाजमा जुन संस्कृति बलियो छ त्यसले समाजका अरु संस्कृतिलाई अधिनमा राखेर शासन गर्ने गर्दछ । कसैले संस्कृति बुझ्नको लागि त्यहाँको नेतृत्व पनि बुझ्नु पर्दछ । कुनै समयमा समाजमा वस्तुहरु किन परिवर्तन हुन्छन् र कुनै समयमा किन परिवर्तन हुँदैनन् जस्ताको त्यस्तै रहन्छन् ? सामाजिक पुनरउत्पादन र सामाजिक परिवर्तनका प्रश्नहरुलाई ध्यान राख्दै जनजातीय अध्ययनले समाजको अध्ययनमा योगदान पुर्याउँछ ।

विष्ट, (२०६६) मा उल्लेख भए अनुसार सन् 1989 को ILO को महासन्धि १६९ भनेर चिनिने महासन्धि नं १६९ ले आदिबासी जातिलाई यसरी परिभाषित गरेको छ, "स्वाधिन देशका ती जनताहरु जो कुनै देश वा उक्त देशको कुनै भौगोलिक क्षेत्रमा विजय वा औपनिवेशीकरण वा वर्तमान राज्यको सिमाना स्थापना हुनु भन्दा पहिले देखि बसोवास गरेका जनसंख्याका सन्तति भएकाले आदिवासि जाति मानिन्छन् र जसको जुनसुकै कानुनि हैसियत भएको भए पनि उनिहरुले आशिंक वा सम्पूर्ण आफ्ना सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक संस्थाहरु कायम राखेका हुन्छन् ।"

Bhattachan, (2008) का अनुसार आदिवासी जनजाति महासंघ (MEFEN) सल्लाहकार परिसद्ले indigenous peoples and nationalities दुवै terms एक अर्काका पर्यायवाचि नभए पनि नेपालको सन्दर्भमा जनजाति पनि आदिवासी नै देखिएका छन् भनि उल्लेख गरेका छन् ।

Patton, (1990) का अनुसार जातीय अध्ययन भन्नाले कुनै पनि मानव समुदाय विभिन्न अभ्यासहरुको बारेमा अध्ययन गर्ने एउटा बिधा बुझिन्छ । कुनै पनि मानव समुदाय वा समुहमा विभिन्न सांस्कृतिक अभ्यासहरु भईरहन्छन् । ती अभ्यासहरु विस्तारै परिवर्तन भईरहन्छन् । ती अभ्यास भन्नाले सांस्कृतिक गुणहरु, विशेषताहरु भन्ने बुझिन्छ । ती अभ्यासहरुको सुरुवात कहिले भएको हो ? कसरी भयो ? तिनीहरुको विकासक्रम कस्तो छ ? कसरी समुदायमा स्थापित हुदै आए ? आदि विभिन्न प्रश्नहरुको बारेमा अध्ययन गर्ने बिधा नै Ethnography हो । जातिगत अध्ययनको मुख्य प्राथमिकता वा अध्ययनको केन्द्र विन्दु मानिसको एउटा समुहको संस्कृति के हो ? भन्ने नै हुन्छ ।

मिश्र, (२०६६) का अनुसार जात जातीय पहिचान लगायत सारा सामाजिक कुरा ऐतिहासिक रुपले बन्ने र बिग्रने कुरा हो भन्दछन् । खास ऐतिहासिक प्रक्रिया अर्न्तगत यिनिहरु तिक्ष्ण बन्दछन् र खास ऐतिहासिक प्रक्रिया अर्न्तगत यिनिहरु भ्रन्ते बन्दछन् । नेपालमा कति जात नयाँ बनेका छन्, कति जात राजाले दिएका छन् त कति जातैबाट च्युत भएका छन् । तसर्थ जात बन्ने, दिने र बिग्रिने कुरा हो । वि.सं. २०१७ साल अगाडि तामाङ नै थिएन फलानो-फलानो जातले तामाङ लेख्नु भन्ने उर्दि नेपाल सरकारबाट जारि गरियो र यसरि तामाङ जात एक्कासि बन्यो । अर्को उदाहरणको रुपमा मिश्र नेवार जातलाई सार्दछन्, कति जात नेवार भित्र छिरेका छन् । नेवार भित्र वाहुन कति छन् कति ! राजोपाध्याय, मिश्र, झा के-के छन् के-के । हामि तिनिहरुलाई सांस्कृतिक रुपमा नेवार भनेर चिन्दछौँ । अझ सोह्रौं शताब्दी अगाडी काठमाडौं आएर बस्ने र नेवारी बोल्ने जति सबै नेवार भएका हुन् चाहे ति अग्रवाल हुन् चाहे मिश्र ।

लामा, (२०५१) ले तामाङ जातिमा प्रचलित तामाङ गीत र त्यसमा नेपाली भाषाको प्रभावबारे लेखेका छन् । उनका अनुसार प्राचिन तामाङहरुले आजभोलीको झैं जतिवेला पायो, जे मन लाग्यो जथाभावी गीतहरु गाउँदैन थिए । विहेवारी हुँदा दाजुभाई जम्मा भएको बेलामा गीत जान्ने व्यक्तिलाई धुप, सगुन राखि गीतको माग गरिन्थ्यो । गीत गाउँने

ब्यक्तिले पहिले धुपको विबरण गरेर गाउँछन् र सकेपछि सगुनहरु देविदेवतालाई चढाउँछन् । त्यसपछि सगुन अम्दत हो भन्ने सिद्ध गरेपछि सबैले प्रसाद खान्छन् । प्रसाद खाईसकेपछि गीत शुरु गर्दछन् । हाल आएर तामाङहरुले नेपाली भाषा र तामाङ भाषा मिलाएर छ्यासमिसे गीत गाउँन थालेको पाईन्छ जसले गर्दा ठेट तामाङ गीत लोप हुँदै गएको छ ।

लामा, (२०६६) ले 'नेपालका आदिवासी तथा जनजाति संस्कार एकः परिचय' मा तामाङहरुको मुल धर्म बौद्ध भएपनि कट्टरता पाईदैन । यिनीहरु भूत, प्रेत, पिशाच भगाउन सिपता थानमा बलि चढाउने, भूमि पुजा गर्ने र मंसिर महिनामा खेतिपाती जोगाउन तन्तर मन्तर गरि पुजा गर्ने चलन रहेको छ । यी तामाङहरु दशैमा दुर्गाको पुजा गरी बलि चढाएको देखासिखिमा सिकेको पाईन्छ । तामाङ जाति मानिस मर्दा तीन दिन सम्म नुन, तेल नखाई जुठो बार्दछन् र तीन दिनमा नै शुद्ध हुन्छन् । अन्तेस्टिलाई घेवा पुजा भन्दछन् । घेवा तेह्र दिन, उनन्चास दिन अथवा छ महिनामा गरिन्छ । तामाङहरु मृत्यु भएपछि उनिहरुको उद्धार र सम्झनाको लागि ठाउँ ठाउँमा बौद्ध चैत्य बनाउँछन् । त्यस्ता चैत्यलाई म्हाने पनि भनिन्छ । यिनिहरु भोज गर्दा, मानिस मर्दा, वालक पास्नी गर्दा लामा पुरोहितहरुले पाठपुजा गर्दछन् । तर आजको समयमा विवाह प्रचलन गर्दा बौद्ध गुम्बामा ब्यबस्था मिलाई लामा पुरोहितबाट पनि विवाह गराउने चलन चलेको देखिन्छ ।

तामाङ, (२०५१) ले 'तामाङ जाति' मा तामाङ जातिको संस्कृति, संस्कार र आर्थिक पक्षको बारेमा भरपुर बिष्लेषण गरेका छन् । तामाङहरुले जीवन यापनकालागि विभिन्न आर्थिक क्रियाकलापहरु संचालन गरी आएका छन् । यिनीहरुले जीवन यापनकालागि समुन्द्र सतहको एक हजार देखि सत्र सय सम्मको प्राकृतिक स्रोत र साधनलाई उपयोग गरेको देखिन्छ । तामाङहरुको वसोवास काठमाडौं जस्तो महानगरी सँग जोडिएको र त्यतिकै विकट ठाउँमा पनि भएकाले आर्थिक स्रोतको परिचालनमा निकै विविधता देखिन्छ । शहरका नजिकका तामाङको तुलनामा ग्रामिण तामाङको अर्थतन्त्र मौद्रिकरण कम भएको देखिन्छ । तामाङहरुको कृषि भूमिलाई खेत र बारी गरि दुई भागमा बाँड्न सकिन्छ ।

शर्मा, (२०५२) ले 'नेपाली जनजीवन' मा तामाङहरुको वारेमा यसरी जानकारी दिएका छन् । तामाङहरुको परम्परागत गाउँको संगठनमा सात सदश्यहरु हुन्छन्, जस्तो अध्यक्ष (मुल्मी) जो गाउँको मुखिया , डाप्ता (पुरोहित), डोप्ता (साधु), आला (ठालु), ताबा ( वंशावली लेखक), र गुर्मी गोडाई (सचिव) रहने ब्यबस्था छ । तामाङहरुको समाज मुख्य दुई

वर्गमा बाँडिएको पाईन्छ, एक बाह्र जात र अर्को अठार जात छन् । यिनीहरु गुजुमुज्ज घर बनाएर बस्न मन पराउँछन् । यिनीहरुको आफ्नै सांस्कृतिक विशेषता रहेको छ । यिनीहरु दाहसंस्कार घाटको सट्टा डाँडामा गर्ने गर्दछन् । दाहसंस्कार भई रहेको बेला नजिकमा लामाहरु पलेटी कसेर शाष्त्र पढिरहेका हुन्छन् । मृत व्यक्तिको घरबाट पकाई ल्याएको खानपिन जाँड, रक्सी खाँदै पढ्नमा तल्लिन हुन्छन् । साधारणतया मलामीहरुले त्यहाँ केहि खाँदैनन् तर दाहसंस्कार गरि फर्के पछि मृतकको घरमा बसेर चिया, खाजा खान बाधा छैन ।

तामाङ, (२०५४) ले 'तामाङ रीमठीम' मा तामाङहरुले गर्ने सामाजिक संस्कारहरु गर्भधारण, जन्म, नामाकरण, भातखुवाई, नाक कान छेड्ने, गुन्यूचोली दिने, छेवर, विवाह र प्रकार, मृत्यु संस्कारमा दाहसंस्कार, घेवाको बारेमा विष्लेषण गरिएको छ ।

शर्मा, (२०५८) ले 'हाम्रो समाज एक अध्ययन' मा नेपालको तामाङ समाज भन्नासाथ बौद्ध धर्ममा आस्था राख्ने श्रमजीवि र साहसिला प्रकृतिका नेपालका पुराना वासिन्दा मध्ये एक समुहको स्मरण हुन्छ । धार्मिक दृष्टिले भोटतिरको अर्थात उत्तरतिरको प्रकृति यिनिहरुमा देखिएपनि रहनसहनमा ठेट पहाडीयापन पाईन्छ । खानपानमा पनि यिनिहरुको आफ्नै किसिमको धारणा रहेको छ । उनीहरु पाए सम्म कोदो, मकै, जौ र गहुँको पिठो उपयोग गर्न मनपराउनुका साथै मासु पनि मनपराउँछन् र यिनीहरु मध्यपान प्रेमी हुन्छन् । यिनीहरुको सांस्कृतिक कार्यहरु मध्यपान (जाँड, रक्सी) बेगर सम्भव र सम्पन्न हुदैन ।

तामाङ, (२०६०) ले 'तामाङ संस्कार र संस्कृति' मा तामाङ जातिको संस्कार, तामाङ जातिमा पहिले देखि चलिआएका नियम, चालचलन, रीतिथिति, पुर्ख्यौली प्रचलन, प्रथा परम्परा, जन्म, कर्म, मृत्यु संस्कारको पक्षमा भरपुर बिष्लेषण गरिएको छ । यसमा तामाङ जातिमा कुनै पनि विवाहित स्त्री गर्भवति भएमा फो पुईबा भन्दछन् । गर्भिणी हुँदा पोषिलो खानेकुरा र भारी बोक्न लगाउँदैनन् । सुत्केरी हुँदा वच्चाको नाइटो सफा हतियारले काट्नुको साथै तीन दिनमा सुत्केरी चोख्याउँछन् । वच्चाको नाम लामा वा पुरेतले राख्दा जन्मेको वारको नाममा र छोरा भए दोर्जे, छोरी भए डोल्मा जोडेर न्वारान (थाम्साङ) गर्दछन् । नवजात शिशु जन्मेको प्रथम पल्ट अन्न खुवाउने संस्कारलाई कान ख्वाबा भनिन्छ, जसमा आमाले वच्चालाई नुहाई बुम्बा (कलस) स्थापना गरि देवताको पुजा गर्दछन्, जुन छोरी भए पाँच र छोरा भए छ महिनामा गरिन्छ । छेवर मामाले भान्जाको दीर्घायू र कर्म

चलाउन तीन वा एघार वर्षमा लामा द्वारा साईत हेराई तीन दिन सम्म गरिन्छ । यसलाई कपाल खौरने कर्म (क्रा ब्रेबा) पनि भनिन्छ । हुर्केकी छोरीलाई शुभ साईत पारि आमा, बाबुले टिका लगाई दिएर गुन्यूचोलो दिन्छन् यसलाई स्यामा पिम्बा भनिन्छ । तामाङहरुको विवाह चरणवद्ध हुन्छ, जोडीमा केटीको उमेर बढि हुन्छ, केटी खोज्ने काम केटाबाट हुन्छ भने विवाह मागी, चोरी, प्रेम, जारी, विधवा र अर्न्तजातीय हुने गर्दछ । मृत्यु हुँदा गान्बाको नेतृत्वमा दाहसंस्कार सम्पन्न हुन्छ । मृत्यु संस्कारमा लामाको भूमिका महत्वपूर्ण हुनुको साथै अन्तिम संस्कारको रुपमा घेवा गरिने गरिन्छ ।

तामाङ, (२०६१) ले 'तामाङ जाति इतिहास देखि वर्तमान सम्म' मा तामाङ जाति एक सभ्य र सू संस्कृत जाति हो । जन्म देखि मृत्यु सम्म नै वौद्ध धर्म अर्न्तरगत पर्ने विविध संस्कार र जातिय संस्कृति अनुसार तामाङ जातिलाई परिचित गराएको छ । जन्म संस्कारमा गर्भवति अवस्थामा वा मासिक धर्ममा बार्ने चलन छैन । तीन वा पाँच दिनमा छोरीको र सात वा नौ दिनमा छोराको न्वरान गरिन्छ । विवाह मागी, चोरी आदि बिभिन्न किसिमले गरिन्छन् ।

तामाङ, (२०६४) ले 'ताम्सालीङ चुनौती र सम्भावनाहरु' मा तामाङ जाति संस्कारकाबारेमा सन् २००१ को नेपाल तामाङ घेदुङको तीन वर्षे लामो खोज तथा छलफलमा तामाङ जातिको गर्भमा वच्चा रहेदेखि मर्दा सम्मका कर्म संस्कारबारेमा के गर्ने के नगर्ने भन्ने बारे प्रष्ट पारेको छ । यसमा हिन्दु समाज र धर्मको दमन र प्रभाव तामाङमा परेको र त्यहिँबाट हामीले शुद्धिकरण आन्दोलन अघि बढाउनु पर्ने कुरा उल्लेख गरेको पाईन्छ । तामाङको जन्म, विवाह देखि लिएर आमा बाबुको मृत्यु हुँदा छोराहरुले गरेको केश खौरने तथा सेतो कपडा लाउने प्रथा तामाङमा चलेको छ, यो हिन्दु समाज कै अन्धानुकरण हो । तामाङ धर्म ग्रन्थले कपाल खौरने तथा नुन तेल बार्ने कुरा कतै गरेको छैन ।

विष्ट, (२०६४) ले 'सवै जातको फूलवारी' मा 'हामी तामाङ' शीर्षकमा तामाङ आदिकालदेखि नै काठमाडौं उपत्यकाको वरीपरीका डाँडाहरु रसुवा, सिँधुपाल्चोक, काभ्रेपलान्चोक, मकवानपुरमा वसि आएका छन् । भोटे अक्षर पढ्ने र लामा धर्म मान्ने हुनाले उहिले उहिले यिनीहरुलाई भोटे पनि भनिन्थ्यो । यिनीहरुमा मामा, फुपु चेला, मामा चेली विचमा विवाह चल्छ । धर्ममा वुद्ध, हिन्दु र बोन्पो लामा धर्म मान्दछन् ।

Bista, (1972) ले तामाङ मध्येका लामाहरु आफुलाई बढि परिष्कृत ठान्छन् । त्यसैले विहाबारीमा लेनदेन गर्दा सकेसम्म लामा लामा कै परिवार भित्र गर्दछन् । लामाहरु मात्र धार्मिक बिधिमा तालिम पाएका मानिस हुनाले यिनीहरुबाट नै पुरोत्याईको काम हुन्छ । लामा भन्ने खास थर नभईकन पेशा मात्र भएका कारण जुन सुकै थरको मानिस पनि लामा हुन सक्छन् तर लामा कै परिवार भित्र हुर्के बढेका केटाकेटीहरुलाई पढ्न लेख्न र काम सिक्न सजिलो पर्ने हुनाले यो पारिवारीक पेशा हुन जान्छ । त्यसकारण लामा नाच प्रचलित हुँदै जाँदा थर र जात नै लामा भएर गएको हुन्छ । यस्ता थर भएकाहरुले आफुलाई उक्त तामाङ भन्दा माथि ठान्न थाल्छन् ।

Fricke, (1986) को 'Himalayan Household : Tamang Demography and Domistic Process'मा काठमाडौंबाट उत्तर पश्चिम भागमा अबस्थित तिर्मलिङ (Timling) भन्ने स्थानमा तामाङ जातिको अध्ययन यसमा गरिएको छ । तामाङहरु स्थानीय वातावरणमा समायोजन हुन ढिलो विवाह तथा पैत्रिक सम्पतिको हस्तान्तरण ढिलो गर्ने, लामो स्तनपान, कम सहवास गर्ने गर्दछन् । यिनीहरु मामा चेला फूपुचेली विवाह (Cross cousin marriage) गर्ने प्रणाली रहेको र महिलाको भूमिका राम्रो रहेको छ । खेती पातिको लागि संस्कारगत विदाका दिन (Ritual holiday), माघ पुर्णिमा एक दिन, वर्मा तीन दिन, साउन संक्रान्ति एक दिन, वुद्ध पुर्णिमा दुई, दशै तीन, तिहार तीन, जात्रा तीन दिन, काम नगर्ने उल्लेख गर्दै आर्थिक कार्यमा संस्कारको प्रभाव पर्दछ  भन्ने तथ्य देखाईएको छ । तामाङहरु सामान्य पाका मानिससको सहयोगमा बच्चा जन्माउने, दुई वर्षमा वच्चाको कपाल काट्ने (छेवर), बीस वर्षको उमेरमा प्राय: विवाह गर्ने, विवाह पछि लोग्नेको घरमा जाने, मृत्यु संस्कार महत्वपूर्ण रहेको  विधुर  तथा आमा वावु  नभएको छोरा छोरीले मात्र लास  लैजान्छन् र दाह संस्कार गरी सवै कर्म गर्दछन् ।

March,(1983) को 'Weaving, Writing and Gender' मा नेपाली तामाङ समुदाय जुन काठमाडौं उपत्यकाको उत्तर र पश्चिमी क्षेत्रमा वसोबास गर्दछन्  त्यस ठाउँमा आधारित भएर अध्ययन गरिएको छ । तामाङ समाजमा महिला र पुरुषको फरक भूमिका रहेको छ जुन प्रतिकात्मक रहेको देखाउँदै लामाको भूमिका उच्च रहेको देखाइएको छ । यसमा विवाह पछि महिला लोग्नेको घरमा जाने र पुरुष भने जीवनभरी आफ्नै घरमा बस्ने, मामा चेला फूपुचेली विच विवाह हुन्छ । विवाहमा कपडाको महत्व बढि हुने, विवाह

लगायत अन्य संस्कारहरु वच्चाको कपाल काट्दा, मृत्यु हुँदा आदिमा महिलाले बनेको कपडाको आदान प्रदान हुने कुराको उल्लेख गरिएको छ । सामाजिक ढाँचा पुरुष प्रधान रहेको र लामाहरुबाट उनीहरुमा भएको अशुद्धता हटाउनु पर्ने मान्यता रहेको उल्लेख छ । महिलाबाट वच्चाको शरिर दिने काम हुन्छ भने पुरुषबाट त्यसमा ज्ञान भर्ने काम हुन्छ, त्यो ज्ञान भर्ने काम लामाबाट हुन्छ । सबै तामाङ पुरुषहरु लेखाईका माध्यमबाट लामा बन्न चाहन्छन् । यसरी महिलाहरु समाजका सामान्य वस्तु हुन् भने पुरुषहरु ज्ञानका दाता हुन् भन्ने बिभेदपूर्ण मान्यतालाई यहाँ देखाईएको छ ।

तामाङ जातिको विषयमा जतिजना लेखकहरुले कलम चलाएपनि यसको संस्कार गर्ने प्रक्रियागत पक्षलाई ध्यान दिईएको पाईदैन । त्यसैले संस्कारगत पक्षलाई पनि ध्यान दिनु जरुरी छ । तामाङ जातिको विषयमा जति जना लेखकहरुले लेख्ने कोसिस गरे पनि सवैले तामाङ जातिको उत्पति वसोवास लवाईखुवाई र पशुपालन, कृषि, सङ्गितका बारेमा सुचना दिने काम गरेका छन् तर विस्तृत र वैज्ञानिक ज्ञान दिने खालको कृतिहरु प्रकाशमा आएका छैनन् ।

## अध्याय - तीन

## अनुसन्धान विधि (Research Methodology)

### ३.१ अध्ययन क्षेत्रको छनौट (Rationale of the Site Selection)

यस अनुसन्धान नेपालको पुर्वाञ्चल विकास क्षेत्रमा पर्ने दुर्गम पहाडी हिमाली जिल्ला संखुवासभाको मादी राम्वेनी गाउँ विकास समितिलाई उद्देश्यपूर्ण नमुना छनौट बिधि प्रयोग गरि क्षेत्र छनौट गरिएको थियो । यस अध्ययनको लागि मादी राम्वेनी गाउँ विकास समितिको तामाङ जातिलाई अध्ययन क्षेत्रका रुपमा छनौट गर्नका निम्न कारणहरु छन् ।

(क) मादी राम्वेनी गाउँ विकास समितिमा बसोबास गर्ने तामाङ जातिको बारेमा अफै सम्म कुनै पनि अध्ययन अनुसन्धान नभएकोले,

(ख) तामाङ जातिको आफ्नो छुट्टै प्रकारको संस्कार गर्ने तरिका भएकोले,

(ग) तामाङ जाति भित्रको संस्कारमा आएको परिवर्तन र यसका कारणहरु प्रकाश पार्नको लागि ।

### ३.२ अनुसन्धान ढाँचा (Research Design)

कुनै पनि अध्ययन अनुसन्धान आफैमा महत्वपूर्ण र जटिल कार्य हो । अनुसन्धानले कुनै पनि विषय वा समस्याका बारेमा विस्तृत जानकारी गराई निश्चित निष्कर्षमा पुग्न मद्दत गर्दछ । अध्ययन अनुसन्धानबाट अपेक्षित उद्देश्य पुरा गर्न निश्चित बिधि तथा प्रक्रियाको अवलम्बन गर्नु पर्छ । पूर्व निर्धारित बिधि तथा प्रक्रिया अवलम्बन गरिएन भने सहि निष्कर्ष निकाल्न सकिदैन । यो अनुसन्धान जनजाति वर्णनात्मक बिधिको प्रयोग गरि अध्ययन गरिएको छ । वर्णनात्मक पद्धतिको प्रयोग गरि प्राप्त सुचनाहरुको विश्लेषण र ब्याख्या गरिएको छ ।

### ३.३ नमुना छनौट (Sampling Procedure)

यस शोध कार्यका लागि मादी राम्वेनी गाउँ विकास समितिमा बसोबास गर्ने समग्र २०२ तामाङ घरधुरीहरुबाट २५ प्रतिशत तामाङका घरधुरीहरु पर्ने गरि अर्थात ५३ वटा घरधुरीहरु Random sampling method को प्रयोग गरि छानिएको थियो । यसरी

समग्रताबाट नमुना छनौट गर्नको लागि समग्र घरधुरी २०२ का घरमुलीको नाम वडा अनुसार छुट्टाछुट्टै रुपमा सूचिबद्ध (अनुसूचि ३ मा उल्लेख गरिएको छ) गरेर चिट्ठामा लेखि प्रत्येक वडाबाट २५ प्रतिशत घरधुरीहरु पर्ने गरि जम्मा ५३ वटा घरधुरीहरु थुतेर अध्ययनरत घरधुरीहरु छनौट गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलनका श्रोतहरु (Sources of Data Collection)

यस अध्ययनको विषय सँग सम्बन्धित आवश्यक तथ्य तथा सूचनाहरु संकलन गर्न प्राथमिक र द्वितीय दुवै सूचनाका स्रोतहरुको प्रयोग गरिएको थियो ।

### ३.४.१ प्राथमिक स्रोतहरु

अध्ययनको विषय सँग सम्वन्धित सुचनाहरु संकलन गर्न अध्ययन क्षेत्रमा भएका बुढापाका, लामा, जानिफकार ब्यक्तिहरु सँग अर्न्तवार्ता लिई आवश्यक सूचनाहरु संकलन गरिएको थियो । यसरी सूचना संकलन गर्दा प्रत्यक्ष भेटघाट गरि, अवलोकन गरि आवश्यक जानकारी लिईएको थियो । यसरी सूचना लिंदा जनसंख्याको विवरण, पारिवारिक सदश्यको पेशा, शिक्षा, धर्म र संस्कार सम्बन्धि तथ्य, तथ्याङ्कहरु भने नमुना छनौटमा परेका प्रत्येक घरबाट एक एक जना सँग प्रत्यक्ष भेटेर आवश्यक जानकारी लिईएको थियो ।

### ३.४.२ द्वितीय स्रोतहरु

तामाङ जातिको सामाजिक संस्कार र परिवर्तनको बारेमा सूचना संकलन गर्दा पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, लेख, शोधपत्र, शैक्षिक तथ्याङ्क, अभिलेख, फाईलहरु, आदिको प्रयोग गरिएको थियो । जुन स्रोतहरु प्राप्त गर्न पुस्तकालय, केन्द्रीय तथ्याङ्क विभाग, ईन्टरनेट, जस्ता सरकारी तथा गैरसरकारी संघ, संस्थाहरुबाट तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन बिधि (Tools of Data Collection)

कुनै पनि विषयको अध्ययन गर्दा तथ्याङ्क संकलनको आवश्यकता पर्दछ । अध्ययनबाट वास्तविक सूचना तथा निष्कर्ष प्राप्त गर्न सूचना संकलनका विधिहरुले सहयोग पुर्याउँछ । कुनै पनि अध्ययन अनुसन्धान कार्यक्षेत्र अध्ययन तथा प्राथमिक सूचनाका स्रोतहरुमा निर्भर हुने हुँदा निम्न बिधि प्रयोग गरि सूचना संकलन गरिएको थियो ।

### ३.५.१ अर्ध संरचनात्मक अर्न्तवार्ता

यस अध्ययनको लागि चेकलिष्टका आधारमा खुल्ला प्रश्न अनुसार मूख्य रुपमा संस्कार गर्ने तरिका, परिवर्तन र त्यसको कारणलाई विशेष जोड दिँदै तामाङ संस्कार सम्बन्धि राम्रो जानकारी दिन सक्ने स्थानीय तामाङको लामा सहित आठ जना तामाङहरु सँग विस्तृत रुपमा अर्न्तवार्ता लिईएको थियो । अध्ययन छनौटमा परेका ५३ घर परिवारहरुमा प्रत्येक परिवारबाट एक-एक जना सँग तयार पारिएको प्रश्न अनुसार आवश्यक तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । यसरी प्रत्येक परिवारका लागि तयार पारिएको प्रश्नहरु मध्ये तामाङ संस्कार सम्बन्धि प्रश्नहरुको जबाफमा धेरै तामाङ परिवारहरुले संस्कार लामाद्धारा गराईने हुँदा लामाले भने अनुसार नै हामिले गर्ने हुनाले त्यति राम्रो थाहा हँदैन भनेकोले थोरै मात्र जानकारी प्राप्त गर्न सकिएको थियो ।

### ३.५.२ अवलोकन

संखुवासभा जिल्लाको मादी राम्वेनी गाविसका तामाङहरुको घर, गाउँ, वसाई, लवाई, खुवाई, भेषभुषा, भाषा, वोलचाल र संस्कारहरु जस्ता आदि विषयमा प्रत्यक्ष अवलोकन गरी आवस्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ बुढापाका तथा जानिफकार ब्यक्तिहरु सँग अर्न्तवार्ता र छलफल

अध्ययन क्षेत्रमा गई आवश्यक सूचनाहरु संकलन गर्नको लागि तामाङ जातिका बुढापाका तथा जानिफकार ब्यक्तिहरु सँग तामाङ जातिले गर्ने सामाजिक संस्कारहरु र तिनिहरुमा देखिदै आएको परिवर्तन, त्यसका कारणहरु आदि जस्ता विषयहरुलाई समेटेर आवश्यक पर्ने तथ्य, तथ्याङ्कहरु संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको विष्लेषण (Data Analysis)

अनुसन्धान गरि संकलन गरेर ल्याईएका तथ्य, तथ्याङ्कहरुलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । यो शोध कार्य पुरा गर्ने क्रममा माथि उल्लेखित बिधिहरुबाट आएका जन्म, कर्म, मृत्यु जस्ता सामाजिक संस्कारका बारेमा जे जसरी तथ्यहरु संकलन गरिएको थियो ती सवै गुणात्मक तथ्यको आधारमा ब्याख्या र विश्लेषण गरिएको छ । जन्म, कर्म,

मृत्यु संस्कार बाहेक जनसंख्याको विश्लेषण, पेशा, शिक्षा, धर्म, जमिनमा पहुँच आदिको तथ्याङ्कहरुलाई संख्यात्मक ढाँचाको प्रयोग गरेर ब्याख्या र विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा (Limitation of the Study)

अध्ययनको लागि आवश्यक पर्ने स्रोत, साधन र समयको सिमिततालाई ध्यानमा राख्दै यस अध्ययन गर्दा निम्न सीमाहरुलाई अवलम्वन गरिएको छ ।

(क) यो अध्ययन संखुवासभा जिल्ला मादी राम्वेनी गाउँ विकास समितिका तामाङ जातिहरुको मात्र रहेको छ ।

(ख) यो अध्ययनमा सो गाविसका तामाङ जातिको सामाजिक संस्कार गर्ने तरिका के कस्तो रहेछ त्यसमा के कस्तो परिवर्तन हुदै गएको छ र त्यसरी परिवर्तन हुने कारण के रहेछ भन्ने कुरालाई मात्र समेटिएको छ ।

(ग) यो अध्ययन स्नातकोत्तर तहको समाजशास्त्र/मानवशास्त्र विषयको लागि आंशिक कार्य परिपुर्ति गर्न तयार पारिएको हो । त्यसैले अनुसन्धान गर्दा समय, स्रोत र साधनलाई मध्यनजर गर्दै अध्ययन गरिएको छ ।

(घ) यो अध्ययनले संखुवासभा जिल्ला मादी राम्वेनी गाउँ विकास समितिका तामाङ जाति बाहेक नेपालका अन्य क्षेत्रका तामाङ जातिहरुको प्रतिनिधित्व नगर्न पनि सक्नेछ ।

## अध्याय - चार

## अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

यस अध्यायमा अध्ययन क्षेत्र रहेको गाउँ विकास समितिको जानकारी को साथै अध्ययन गरिएको तामाङ जातिहरुको जनसंख्या, धर्म, शैक्षिक अवस्था, आर्थिक अवस्था, जमिनमा पहुँच, परिवार, नातेदारी ब्यबस्था, भेषभूषा, भाषा, चाडपर्व आदि जस्ता पक्षहरुको बारेमा उल्लेख गरिएको छ । नेपालको हिमाली प्रदेशमा रहेको पूर्वको एक पहाडी दुर्गम जिल्ला संखुवासभाको दक्षिण भागमा अवस्थित मादी राम्वेनी गाउँ विकास समितिका तामाङ जातिहरुको संस्कार र परिवर्तन यस अध्ययन क्षेत्रको केन्द्र विन्दु रहेको छ ।

### ४.१ अध्ययन क्षेत्र (Study Area)

मादी राम्वेनी गाउँ विकास समिति कोशी अञ्चलको संखुवासभा जिल्लामा पर्दछ । यस जिल्ला प्रशासनिक विभाजनको दृष्टिले दुई वटा निर्वाचन क्षेत्र, ३३ गाविस, १ नगपालिका र ११ वटा इलाकामा विभाजन गरिएको छ भने जिल्लाको सदरमुकाम खाँदवारीमा रहेको छ । यस जिल्लामा २०५८ सालको जनगणना अनुसार जम्मा जनसंख्या १,५९,२०३ रहेको (जिल्ला एक चिनारी २०६१) भएता पनि स.न. २०१० को प्रक्षेपण अनुसार भने पुरुष ८६२९२ र महिला ९०,१६८ गरी जम्मा १७६,४५९ जनसंख्या रहेको छ (District and VDC Profile, 2010) । १६ उच्च मावि, ५१ मावि र ५ वटा क्याम्पस रहेको यस जिल्लामा उष्ण देखि टुन्ड्रा सम्म हावापानी पाईन्छ । यस जिल्लामा ६७ किसिमका जडीबुटीहरु, ५० थरीका स्तनधारी, ४४० भन्दा बढि प्रजातिका चराहरु, १५० प्रकारका पुतलीहरु, २९ प्रजातिका गुराँसहरु पाईनुको साथै संसारको कतै नपाईने काँडेभ्याकुर, विश्वको सबै भन्दा होचो अरुण उपत्यका, विश्वको पाँचौ ठुलो मकालु हिमसृङखला, प्रसिद्ध गल्छि पोपटी भन्ज्याङ्ग, यस जिल्लामा रहेको छ । यहाँ बसोबास गर्ने मुख्य जातिहरुमा उत्तर क्षेत्रमा भोटे, शेर्पा, गुरुङ आदि छन भने दक्षिण क्षेत्रमा ब्राम्हण, क्षेत्री, नेवार, राई, तामाङ, कामि, सार्की, माझी, कुमाल, भुजेल, लिम्बु आदि रहेका छन् (जिल्ला एक चिनारी २०६१, जिबिस २०६७ र संखुवासभा टेलिफोन डायरी २०६६) । यस गाउँ विकास समिति भने जिल्लाको दक्षिणमा पर्दछ । यस गाविसको पूर्वमा मावादिन, पश्चिममा मार्मलिङ्ग, उत्तरमा चैनपुर र सिद्धकालि र दक्षिणमा मादी मुलखर्क गाविस रहेको छ ।

शिक्षाको विकासको दृष्टिले यस गाविसमा वि.सं. २००८ सालमा स्थापना भएको मादी उच्च माध्यमिक विद्यालय र निजि क्षेत्रबाट संञ्चालित वि.सं. २०४४ मा मादी बहुमुखी क्याम्पस स्थापना भएको थियो । अहिले आएर ७ वटा सामुदायिक प्रावि, १ वटा सामुदायिक उच्च मावि, २ वटा सामुदायिक निमावि, १ निजि क्षेत्र बाट संञ्चालित मावि रहेको छ भने ६ वर्ष भन्दा माथिको साक्षरता ७८.९७ प्रतिशत रहेको छ (गाविसको पार्श्व चित्र, २०६६ र साअके, २०६७) ।

## ४.२ जनसंख्या (Population)

कुनै पनि निश्चित स्थानमा निश्चित समयमा बसोबास गरेका महिला तथा पुरुषको संख्यालाई त्यस ठाउँको जनसंख्या भनिन्छ । कुनै पनि ठाउँको जनसंख्याले त्यस ठाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, आदि विभिन्न क्षेत्रहरुमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यसरी प्रभाव पार्ने यस गाउँ विकास समितिमा बसोवास गर्ने पुरुष तथा महिलाहरुको जनसंख्यालाई तलको तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**वडा अनुसार मादी राम्वेनी गाविसको जनसंख्या**

| वडा नं. | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | ३५४ | ३२२ | ६७६ | ११.४१ |
| २ | १५७ | १५८ | ३१५ | ५.३२ |
| ३ | ३७६ | ३४५ | ७२१ | १२.१८ |
| ४ | ३०७ | ३११ | ६१८ | १०.४३ |
| ५ | ४२७ | ४२९ | ८५६ | १४.४६ |
| ६ | ४०४ | ३७७ | ७८१ | १३.१९ |
| ७ | २६६ | २८१ | ५४७ | ९.२३ |
| ८ | ४०८ | ३९० | ७९८ | १३.४८ |
| ९ | ३०१ | ३०९ | ६१० | १०.३० |
| **जम्मा** | **३०००** | **२९२२** | **५९२२** | **१००.००** |

स्रोत- मादी राम्वेनी गाविसको पार्श्व चित्र, २०६६ ।

माथिको तालिका नं. १, अनुसार मादी राम्वेनी गाविसमा महिला भन्दा पुरुषको जनसंख्या बढि रहेको देखिन्छ । यस गाविसमा सबै भन्दा बढि जनसंख्या वडा नं. ५ मा १४.४६ प्रतिशत रहेको छ । त्यस्तै सवभन्दा कम जनसंख्या वडा नं. २ मा ५.३२ प्रतिशत रहेको देखिन्छ । यस गाविसको सबै वडाहरुमा गरि कुल जनसंख्या ५९२२ रहेको छ ।

अध्ययन गरिएको तामाङ जातिको छनौटमा परेका ५३ तामाङ घर परिवारहरुको जनसंख्यालाई भने तलको तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**अध्ययन गरिएको जनसंख्या**

| क.सं. | उमेर समुह | पूरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ० - १४ | ५३ | ४८ | ९१ | ३३.१० |
| २ | १५ -५९ | ७८ | ६९ | १४७ | ५३.४५ |
| ३ | ६० वर्ष | २१ | १६ | ३७ | १३.४५ |
| **जम्मा** | | **१४२** | **१३३** | **२७५** | **१००.००** |

स्रोत - स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. २, अनुसार छनौटमा परेका ५३ घर परिवारमा ०-१४ वर्ष उमेर समुहमा जम्मा ९१ जना मध्ये पुरुष तर्फ ४३ जना वालक र महिला तर्फ ४८ जना वालिका रहेका छन् । त्यसै गरी १५-५९ उमेर समुहमा ७८ पुरुष र ६९ जना महिला देखिन्छन् । ६० वर्ष भन्दा माथि उमेर समुहमा २१ जना पुरुष र १६ जना महिला छन् । छनौटमा पर्ने कुल जनसंख्यामा पुरुष १४२ जना र महिला १३३ गरी कुल जनसंख्या २७५ रहेको छ ।

## ४.३ जातको अधारमा जनसंख्या (Population by Caste)

जन्ममा आधारित अपरिवर्तित हुने निर्दिष्ट गरिएको पद तथा भूमिका जहाँ ब्यक्तिले के गर्नु हुन्छ र के गर्नु हुँदैन ? भनेर अधिकार र कर्तब्य निर्धारण गर्ने हिन्दु समाजमा पाईने सामाजिक संगठन तथा संस्था नै जात हो । जातीय बिबिधता भएको नेपालमा धर्म, संस्कृति, रीतिरिवाज र परम्पराले धनि रहेको छ । यस गाउँ विकास समितिमा पनि विभिन्न

जातजातिहरु बसोबास गरेको पाइन्छ । यी जातजातिहरुको जातिगत आधारमा निम्न जनसंख्या र घरधुरीहरु रहेको छ, जसलाई तलको तालिका नं. ३ मा देखाइएको छ ।

**तालिका नं. ३**

**जातको आधारमा जनसंख्या र घरधुरी विवरण**

| क.स. | जात | घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | ब्राम्हण | ३३१ | १६७१ |
| २ | क्षेत्री | २०५ | १०६० |
| ३ | तामाङ | २०२ | १०३२ |
| ४ | सार्की | ७२ | ३४८ |
| ५ | घर्ति | ७१ | ३६९ |
| ६ | कामी | ६९ | ३५२ |
| ७ | दमाई | ६४ | २८३ |
| ८ | राई | ४८ | २६० |
| ९ | गुरुङ | ३६ | २३९ |
| १० | शेर्पा | ३३ | १५३ |
| ११ | सन्यासी | १० | ५२ |
| १२ | मगर | ८ | ५० |
| १३ | नेवार | ६ | ४१ |
| १४ | लिम्बू | ३ | १२ |
| **जम्मा** | | **११५८** | **५,९२२** |

स्रोत - मादी राम्वेनी गाविसको पार्श्व चित्र, २०६६ ।

माथिको तालिका नं. ३, अनुसार सबै भन्दा बढि घरधुरी र जनसंख्या ब्राम्हण जातिको रहेको छ । सबै भन्दा कम रहेको जाति लिम्बू जसको ३ वटा मात्र घरधुरी र जम्मा जनसंख्या १२ रहेको छ । जात जातिगत आधार भित्र पनि जनजातिलाई हेर्दा सबै भन्दा धेरै तामाङ जातिको बसोवास रहेको देखिन्छ ।

यस गाविसमा वडा अनुसार बसोवास गर्ने तामाङको जनसंख्यालाई तलको तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

**वडा अनुसार मादी राम्वेनी गाविसका तामाङको जनसंख्या**

| वडा नं. | घरधुरी | पूरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | २७ | ७८ | ७५ | १५३ |
| २ | ८ | १७ | २० | ३७ |
| ३ | ४२ | १२० | ११२ | २३२ |
| ४ | १७ | ४२ | ४१ | ८३ |
| ५ | ३४ | ८३ | ८० | १६३ |
| ६ | ३४ | ८७ | ७८ | १६५ |
| ७ | ६ | ११ | १५ | २६ |
| ८ | ३४ | ९१ | ८२ | १७३ |
| ९ | - | - | - | - |
| **जम्मा** | **२०२** | **५२९** | **५०३** | **१०३२** |

स्रोत- मादी राम्वेनी गाविसको पार्श्व चित्र, २०६६ ।

माथिको तालिका नं ४ अनुसार यस गाविसको वडा नं ९ मा तामाङको बसोवास नै रहेको देखिदैन । तामाङहरु बसोवास मुख्य गरेर वडा नं ३ र ८ मा बढि बस्ने गरेको देखिन्छ । यहाँका तामाङहरुमा महिलाको भन्दा पूरुषको जनसंख्या बढि रहेको देखिन्छ ।

## ४.४ धर्म (Religion)

धर्मले आध्यात्मिक शक्ति प्रतिको मानवीय विश्वासलाई जनाउने गर्दछ । व्यक्तिहरुले आफ्नो विश्वास अनुसार फरक-फरक नीतिगत मान्यता बोकेका धर्महरु मध्ये कुनै एक अँगालेको पाईन्छ । नीतिगत मान्यता अनुसार धर्मले सामाजिक तथा व्यक्तिगत जीवनलाई गहिरो प्रभाव पारिरहेको हुन्छ । यस गाउँ विकास समितिमा धर्मको आधारमा निम्न जनसंख्या बसोबास रहेको पाइन्छ । जसलाई तलको तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**धर्मको अधारमा जनसंख्या**

| क.स. | धर्म | जनसंख्या |
|---|---|---|
| १ | हिन्दु | ४३७० |
| २ | बौद्ध | १५१९ |
| ३ | किराँत | ३३ |
| **जम्मा** | | **५,९,२२** |

स्रोत- मादी राम्वेनी गाविसको पार्श्व चित्र, २०६६ ।

माथिको तालिका नं. ५, अनुसार यस गाउँ विकास समितिमा सबैभन्दा बढि हिन्दु धर्म रहेको पाइन्छ । यसरी हेर्दा यस गाउँ विकास समितिमा हिन्दु धर्मवलम्बीहरु बढी भए पनि तामाङहरुले मान्ने बौद्ध धर्म यस गाविसमा भएका तामाङहरुको जनसंख्या भन्दा धेरै भएकाले अरु जातिहरुले पनि बुद्ध धर्म मान्ने गरेको देखिन्छ ।

## ४.५ शैक्षिक अवस्था (Educational Condition)

मानिसको जीवनमा शिक्षाको महत्वपूर्ण आवश्यकता रहेको हुन्छ । यहाँका तामाङहरु शिक्षाको क्षेत्रमा वर्तमान समयमा आएर चेतनाको कारण आफ्ना छोरा छोरीहरुलाई शिक्षाको महत्व बुझि औपचारिक शिक्षामा जोड दिन थालेको पाईन्छ । यस अध्ययन छनौटमा परेका तामाङ जातिको शैक्षिक अवस्थालाई तलको तालिका नं. ६, मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**अध्ययन क्षेत्रको शैक्षिक स्थिति**

| क्र.सं. | विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ८४ | ७७.७८ | ६३ | ४८.८४ | १४७ | ६२.०२ |
| २ | निरक्षर | २४ | २२.२२ | ६६ | ५१.१६ | ९० | ३७.९८ |
| **जम्मा** | | **१०८** | **१००.००** | **१२९** | **१००.००** | **२३७** | **१००.००** |

स्रोत- स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ६, अनुसार महिलाको भन्दा पुरुष साक्षरता बढि देखिन्छ । महिला निरक्षर ५१.१६ प्रतिशत रहेको छ भने पुरुष निरक्षर २२.२२ प्रतिशत देखिन्छ ।

यसबाट यहाँका तामाङहरुमा पुरुषको भन्दा महिलाको शैक्षिक अबस्था कमजोर रहेको पाईएता पनि कुलमा हेर्दा निरक्षर तामाङहरु ३७.९८ प्रतिशत रहेको र साक्षरता १४७ जना अर्थात ६२.०२ प्रतिशत रहेका तामाङहरुको शैक्षिक स्तर भने निम्न रहेको तलको तालिका नं ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**अध्ययन क्षेत्रको शैक्षिक स्तर**

| क्र. सं. | विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रा. वि. | ३५ | २६ | ६१ | ४१.४९ |
| २ | नि. मा. वि. | २६ | २२ | ४८ | ३२.६६ |
| ३ | मा. वि. | १५ | ११ | २६ | १७.६९ |
| ४ | SLC माथि | ८ | ४ | १२ | ८.१६ |
| **जम्मा** | | **८४** | **६३** | **१४७** | **१००.००** |

स्रोत- स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ७ अनुसार यहाँका तामाङ जातिको सम्पुर्ण साक्षर जनसंख्या मध्ये प्रत्येक तहमा नै ठूलो तह देखि क्रमसः सानो तहमा पुरुष र महिलाको जनसंख्या बढ्दै गईरहेको छ । SLC भन्दा माथिल्लो तहमा ८ जना रहेका पुरुषहरु प्राविमा ३५ जना र ४ जना SLC माथि रहेका महिलाहरु प्राविमा २६ जना रहेका छन् । यसरी सानो तहमा बढि रहेको तामाङको शैक्षिक स्तर भविश्यमा गएर माथिल्लो तहमा प्रवेश गर्दै जाँदा उच्च शिक्षा हाँसिल गर्ने तामाङ महिला तथा पुरुषको जनसंख्या बढ्दै जाने देखिन्छ ।

### ४.६ आर्थिक अवस्था ( Economic Status)

कुनै पनि ब्यक्ति वा समाजको मान, इज्जत, प्रतिष्ठा वचाई राख्नको लागि आर्थिक अवस्थाले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । कुनै पनि ब्यक्ति वा समाजको प्रतिष्ठालाई मापन गर्ने साधनको रुपमा आर्थिक अवस्थालाई लिईन्छ । जो ब्यक्ति आर्थिक रुपले सक्षम छ उ हरेक क्षेत्रमा अगाडी पुग्न सहयोग गर्दछ । ब्यक्ति वा समाजको सामाजिक परिवर्तन ल्याउने, नल्याउने जस्ता कुरामा आर्थिक अवस्थामा नै निर्भर रहेको हुन्छ । यहाँका तामाङ जातिको आर्थिक अबस्थालाई पेशागत रुपमा तल तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

**तामाङ जातिको पेशागत अवस्था (घरमुलीको आधारमा)**

| क्र.सं. | विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २१ | ३९.६२ |
| २ | ब्यापार | ४ | ७.५५ |
| ३ | सरकारी जागिर | ४ | ७.५५ |
| ४ | ज्याला मजदुरी | ११ | २०.७५ |
| ५ | बैदेशीक रोजगार | १३ | २४.५३ |
| **जम्मा** | | **५३** | **१००.००** |

स्रोत- स्थलगत अध्ययन, २०६७।

माथिको तालिका नं. ८, अनुसार यहाँका तामाङहरु मध्ये सबै भन्दा बढि कृषि पेशामा ३९.६२ प्रतिशत संम्लग्न रहेका छन्। त्यसपछि यहाँका युवा तामाङहरु बेरोजगारको अवस्था र जग्गा जमिन पनि कम भएकाले बिदेशमा रोजगार गर्न जाने प्रचलनले परिवारले गरिरहेको संस्कारमा वास्ता नगर्ने, विदेशी मूल्य मान्यतालाई ब्यवहारमा लागु गराउन खोज्ने प्रचलन बढि रहेको छ । ब्यापार तथा सरकारी जागिरमा संम्लग्नता भने यहाँका तामाङहरुको ज्यादै कम रहेको छ।

यहाँका धेरै तामाङ परिवारहरु कृषि पेशामा संम्लग्न भएको पाइए पनि आफुले उत्पादन गरेको वस्तुले खानको लागि नपुगेर बजारमा गएर किनेर ल्याई आफ्नो परिवारको जीवन निर्वाह गर्ने गर्दछन्। यहाँका तामाङहरु धान, मकै, कोदो आदि जस्ता कृषि बालीहरु लगाउँछन्। यहाँका धरै मानिसहरु बिदेशमा रोजगारीको लागि गएका हुनाले परिवारमा केहि आर्थिक सहयोग पुर्याएका छन्।

## ४.७ जमिनमा पहुँच ( Access in Land)

कुनै पनि ब्यक्तिको सामाजिक, आर्थिक हैसियतको लागि जग्गा जमिनमा के कस्तो पहुँच देखिन्छ ? भन्ने कुराले पनि निर्धारण गरेको हुन्छ । जग्गा जमिनमा बढि पहुँच हुनेहरुले सहि तरिकाले जमिन सदुपयोग गरेमा त्यसको प्रभाव सकरात्मक रुपमा देख्न सकिन्छ। यहाँका तामाङ जातिको जमिनमा रहेको पहुँच तलको तालिका नं. ९ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ९**

**तामाङ जातिको जमिनमा पहुँच**

| क्र.सं. | विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नो जग्गा नहुने | १६ | ३०.१९ |
| २ | १ - १० रोपनी | १५ | २८.३० |
| ३ | ११ - १५ रोपनी | १२ | २२.६४ |
| ४ | १६ - २५ रोपनी | ७ | १३.२० |
| ५ | २६ रोपनी माथि | ३ | ५.६७ |
| | **जम्मा** | **५३** | **१००.००** |

स्रोत- स्थलगत अध्ययन, २०६७।

माथिको तालिका नं. ९, अनुसार सबै भन्दा बढि अर्थात ३०.१९ प्रतिशत तामाङ परिवारको आफ्नो नाममा दर्ता भएको जमिनमा पहुँच नै छैन । आफ्नो नाममा जमिन दर्ता भएकाहरु मध्ये पनि २६ रोपनी भन्दा माथि ५.६७ प्रतिशत मात्र पहुँच रहेको देखिन्छ । यसबाट के देखिन्छ भने तामाङ जातिमा जमिनमा कम पहुँच रहेको छ ।

पंञ्चायती शासन प्रणाली र त्यो भन्दा अगाडीको समय तिर यस गाविसमा बसोवास गर्ने केहि शक्ति र पहुँचमा रहेका उच्च जाति भनिनेहरुले केहि तामाङहरुको आफ्नो नाममा भएको जमिनका कागज पत्रहरु हराउँछ, सुरक्षित राख्नु पर्दछ, तिमिहरुको मालपोत हामि तिरि दिन्छौ भनि कागजपत्रहरु मागेर लगि ती जमिनहरु आफ्नै नाममा पारेको कुरा यहाँका तामाङ बुढापाकाहरु बताउँछन् । अहिले हुनेहरुमा पनि कसैको मात्र पुर्ख्यौली रहेको छ भने धेरै जसोले पछि मात्र किनेको पाईन्छ । विदेशबाट आएर र केहिले वर्तमानमा आएर जग्गा जमिन जोडेको पाईन्छ भने अधिकाम्स तामाङहरु अर्काको जग्गामा कमाई गरी खाएर बसेको पाईन्छ ।

## ४.८ स्वास्थ्यको अवस्था (Health Condition)

यहाँका तामाङहरु अधिकाम्स मात्रामा विरामी भएर उपचार गराउँदा सर्बप्रथम धामीझाँक्रीलाई देखाएर मात्र औषधी उपचार गर्न तिर लाग्दछन् । त्यसैले यहाँका तामाङहरुमा अझै पनि अन्धविश्वास रहेको पाईन्छ । यहाँका तामाङहरु सबै भन्दा पहिले धामीझाँक्रीकामा गएपनि उपचार गराउनको लागि नजिकको मादी राम्वेनी स्वास्थ्य चौकी

जाने गर्दछन् । त्यहाँ नहुने भए चैनपुर, धनकुटा, धरान, विराटनगर आदि जस्ता अन्यन्त्र ठाउँमा लाने गर्दछन् । यीनिहरुमा रुढिबादी परम्परा, अगाडीका पुस्ताहरुले गरेको देखासिखि, अज्ञानता, पुरानो सोचले गाडेको आध्यात्मिक जराको कारणले गर्दा बढि मात्रामा इश्वर, भूतप्रेत, पिशाच, जंगली, आदिमा विश्वास गर्ने, धामीझाँक्रीद्धारा जोखाना हेराउने, कुखुरा, अण्डा, आदिको पुजा गर्ने वा बली दिने गर्दछन् । त्यसैले यस तामाङ समुदायमा स्वास्थ्य उपचार सम्बन्धि धारणा अझै परम्परागत नै रहेको छ ।

## ४.९ परिवार (Family)

परिवारबाट नै मानिसले सामाजिक ब्यबहार सिक्ने गर्दछ । यहाँका तामाङ परिवारमा बुबा, आमा र दाजु, भाई सँगै बसि रहेर पछि विवाह गरिसकेपछि आफ्नै अनुसारले ब्यबहार गर्ने र विदेशमा गएर फर्केर आएपछि बाह्य देशको जीवन शैलीलाई अनुकरण गर्ने, पुजीँलाई प्रधानता दिने, आधुनिक समाजको नक्कल गर्ने, परिपाटीले गर्दा आफ्नो जोडजाम आफै गरेर परिवारबाट अलग हुन थालेका छन् । यहाँको तामाङ जातिको परिवार निम्न प्रकारको रहेको तलको तालिका नं. १० मा देखाईएको छ ।

**तालिका नं. १०**

**तामाङ जातिको परिवारको किसिम**

| क्र.सं. | विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | २९ | ५४.७१ |
| २ | संयुक्त परिवार | २४ | ४५.२९ |
| **जम्मा** | | **५३** | **१००.००** |

स्रोत- स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. १०, अनुसार यहाँका तामाङहरु धेरै जसो एकल परिवार अर्थात ५४.७१ प्रतिशत रहेका छन् । संयुक्त परिवारबाट यहाँका तामाङहरु क्रमसः एकल परिवार तर्फ आकर्षित हुन थालेको पाईन्छ ।

यसरी यहाँका तामाङहरुमा एकल परिवार तिर जाने प्रचलनले गर्दा र शैक्षिक चेतना, जातीय चेतनाले गर्दा परम्परागत रुपमा गरिदै आएका संस्कार, मूल्य, मान्यता, आस्था र विश्वासहरुमा केहि परिवर्तन आउन थालेको पाईन्छ ।

## ४.१० नातेदारी व्यवस्था (Kinship System)

यहाँका तामाङहरु नातागोतामा बढी ध्यान दिने गर्दछन । आफू भन्दा ठूलालाई आदर सम्मान गर्ने, सानालाई माया गर्ने, आफ्नो सांस्कृतिक चालचलन अनुसार छोरी, ज्वाँई (म्हा), दाजुभाई, माईती (मयुङ), सम्धी, सम्धीनी, फपु (आङी), फुपाजु, मामा (आस्याङ) आदिलाई हैसियत अनुसारले मान्ने गर्दछन् । श्रीमान-श्रीमति बिच पनि समान सह-सम्बन्ध रहेको पाईन्छ । बिभिन्न चाडपर्ब, मेला पातहरुमा पनि नाता अनुसार नै कुन स्थान हो त्यसै अनुसार श्रम बिभाजन गरि काम गर्ने गर्दछन् ।

## ४.११ शारीरिक बनावट (Body)

यहाँका तामाङहरु प्रायः गोला आकारको अनुहार जहाँ गहुँगोरो, नाक थेप्चो, आँखा चिम्रिक्क परेको, मध्यम उचाईका रहेको पाइन्छ ।

## ४.१२ बसाईको अवस्थिति र घरको प्रकृति (Settlement and House Structure)

बसाईको अवस्थितिले समुदाय र जातीय वातावरणको अवस्थालाई प्रदर्शन गर्दछ । तामाङहरु अन्य जात भन्दा अलग्गै बसेका छैनन् । अन्य जात र तामाङहरु प्रायः सबै समुदायमा बसेका छन् । धेरै जसो घरहरु ढुङ्गा र माटोले बनाएका छन् भने केहि घरहरु मात्र बाँसका झुपडीहरु छन् । धेरै जसो घरहरु कोठा बिहिन छन् भने केहि घरहरुमा चार, पाँच वटा सम्म कोठा बनाएको देखिन्छ । घरहरु प्रायः गरि दुई तले परालले छाएको पाईन्छ तर अहिले केहि घरहरु तीन तले र कसैले जस्ताले छाएको पाईन्छ । घरको मुल ढोका अगाडी पिँढीमा खाट राखिएको हुन्छ । त्यस खाटमा बसेर कुराकानी गर्ने गर्दछन् । घरको छेउमा पाली (मतान) बनाईएको हुन्छ जहाँ गाई, बाख्रा, बाच्छा, भैसी, गोरु पाल्ने गर्दछन् । कसै कसैले कुखुरा र बाख्राका पाठा पाठीहरुलाई पनि भान्साको छेउमा नै राख्ने गरेको पाईन्छ । तामाङहरुको घर गरिवीको कारण साना र साँगुरा किसिमका छन् । प्रायः वर्षको एक पटक पुरै घर सफा गर्ने चलन यहाँ पाईन्छ ।

## ४.१३ भेषभुषा/गहना (Costume\Ornament)

यहाँका तामाङहरुमा पुरुषले दौरा, सुरुवाल, टोपि लगाउने गर्दछन भने कतिले ज्याकेट, क्याप समेत लगाउन थालेको पाइन्छ । महिलाहरुले गुन्यु, चोली, लुङ्गी, पछ्यौरा र

बर्को लगाउने गर्दछन् । महिलाहरुले पोते, तिलरी, सूनचाँदीको विभिन्न गहनाहरु, फुली, बुलाकी, मुन्द्री लगाउने गर्दछन । अहिलेका केटी तथा युवतिहरुले पश्चिमीकरण तथा पूजीँबादी विश्वब्यवस्थाको कारण आधुनिक नयाँ-नयाँ फेसनको विकास, टेलिभिजनमा देखाईएका बिभिन्न फेसनहरुको नक्कलले गर्दा कुर्था, सुरुवाल, सट, पेन्ट कानमा सुनको रिङ, कपालमा पलिस लगाउने गर्दछन् । अहिले आएर युवायुवतिहरुको तुलनामा आइमाईहरु परम्परागत पोशाकमा देखिन्छन भने युवायुवतिहरु विदेशी पोशाकमा रमाएका देखिन्छन् ।

## ४.१४ भाषा (Language)

यस गाविसमा बस्ने तामाङ जातिको आफ्नै मातृभाषा तामाङ रहेको छ । यस गाविसमा तामाङहरु बिच कुराकानी गर्दा आफ्नै तामाङ भाषामा गर्ने गर्दछन । तामाङ भाषामा बोले पनि राम्ररी नेपाली भाषा बोल्ने गर्दछन् । अहिले युवापुस्ताहरुमा भने तामाङ भाषालाई भन्दा परसंस्कृतिग्रहणको कारण तथा राज्यले पनि नेपाली भाषालाई महत्व दिएकाले नेपाली भाषालाई नै बढि मात्रामा प्रयोग गर्दै आएको पाइन्छ । यसरी नै युवा पुस्ताहरुले तामाङ भाषा भन्दा अन्य भाषालाई जोड दिइ रहने हो भने यस गाविसमा तामाङ भाषा लोप हुने स्थितिमा रहेको देखिन्छ ।

## ४.१५ चाडपर्व (Religion)

मादी राम्वेनी गाविसका तामाङहरुमा हिन्दू धर्मको प्रभाव चाडपर्वहरुमा रहेको पाइन्छ । यहाँका तामाङहरुले मुख्य रुपमा निम्न चाडपर्वहरु मान्ने गर्दछन् ।

### दशै

प्राय: जसो दशै मान्ने तामाङहरु रातो अक्षताको टिका लगाउँने गर्दछन् । दशैको बेलामा सप्तमी, अष्टमी, नवमी कुन दिनमा उपयूक्त हुन्छ, सुँगुर खानेले सुँगुर र नखानेले खसी लगायत अन्य कुराहरु खाने गर्दछन ।

अहिले यस गाविसमा दशै मान्ने र नमान्ने दूई थरी रहेका छन् । कतिले यो हाम्रो चाड हैन भनेर मान्न छाडेका छन् भने धेरैले आफ्नो पुर्खाहरुले मान्दै आएको पर्व नछाड्ने भन्दै निरन्तरता दिँदै आएका छन् ।

## तिहार

मादी राम्वेनी गाउँ विकास समितिमा तामाङहरुले देउसी भैलो खेलेर रमाइलो गर्दै दिदिबहिनीबाट टिका लगाउँने गर्दछन् । तिहारका सबै दिनहरुमा गर्ने पुजाहरु राम्ररी गर्ने गर्दछन् । तिहारमा सेल रोटी, रक्सी, जाँड, खाएर रमाईलो गर्दै ढाईस, तास खेलेर बस्ने समेत गर्दछन् ।

## माघे संक्रान्ति

यहाँका तामाङहरुको माघे संक्रान्ति पनि प्रमुख चाड हो । यो चाडमा सम्भव भए सम्म विवाहित चेलिवेटीहरुलाई पनि बोलाउने गरिन्छ । संक्रान्तिका दिन बिहान नुहाई धुवाई गरेर देविदेवताको पूजा गरी घर तरुल, वन तरुल, चाकु, जाँड, रक्सी, आदि खाने गर्दछन् । विशेष गरी घर तरुल र वन तरुल अघिल्लो दिनमा नै उसिनेर राखिएको हुन्छ ।

## ल्होछार

ल्होछार चाड माघ शुक्ल पक्ष प्रतिपदाको पहिलो दिन पर्दछ । यस चाडमा यहाँका तामाङ समुदायहरु भब्यताका साथ मनाउँने गर्दछन् । यहाँका तामाङहरु यस दिनलाई नयाँ वर्षको रुपमा मानि पुरानो वर्षलाई बिदाई गरि नयाँ वर्ष राम्रो होस् भन्ने कामना गर्दछन् । यहाँका तामाङहरुको भनाई अनुसार यो पर्व बितेको छ, सात वर्ष अगाडी देखि झन राम्रो सँगले मान्न थालेको पाईन्छ । यहाँका लामाहरुको अनुसार ल्हो भनेको वर्ष र बाह्र वटा ल्हो को एक वर्ष मानि बाह्र वटा पंक्षीहरुबाट वर्ष चक्रको नामाकरण गरिएको हुन्छ । यस चाडमा हरेक परिवारहरुले सरसफाई गरि गौतम बुद्धको तस्बीर वा मुर्ति राखि साङसेरग्याम गर्दछन् । भगवान तथा पुर्खाहरु प्रति धन्यबाद ज्ञापन गर्ने र पर्याप्त खान, लाउन, बस्न, धनधान्य तथा सम्बृद्धि परिवारको लागि आर्शिवाद माग्ने गर्दछन् । यस पर्वमा यहाँका युवा पिँढीहरु परम्परागत गीत, बाजाहरु बजाएर परिवारका साथमा नाचगान गर्ने गर्दछन् । यस अध्ययन क्षेत्रमा केहि वर्ष अगाडी मात्र गुम्बा बनाएको हुनाले त्यस गुम्बामा गई सबै तामाङ समुदायहरु भेला भई हर्षोल्लास पूर्ण वातावरणमा शान्तिको कामना गर्दै नाच्ने गर्दछन् । यसरी यहाँका तामाङहरु गुम्बामा गई सामुहिक रुपमा पर्व माने पछि आफ्ना मान्यजनहरु सँग टिका लगाउँने गर्दछन् । टिका लगाउँने काम पछि जाँड, रक्सी, फलफुल आदि मिष्ठान्नहरु खाने गर्दछन् । माछा, मासुहरु भने गुम्बामा खाँदैनन् ।

**चैते दशै**

यहाँका तामाङहरु चैते दशै मान्ने गर्दछन् तर हिन्दुहरुले जस्तो टिका लगाएर मान्ने गरेको पाईदैन । साधारणतया चेलीवेटी तथा ज्वाँई चेलालाई बोलाएर खान दिने चलन रहेको छ । साथै आफ्ना नातेदारहरु विच एक आपसमा खाना खान बोलाउने चलन पनि रहेको छ ।

**बैशाख पूर्णिमा**

यहाँका तामाङहरु बैशाख पूर्णिमालाई एउटा चाडपर्वको रुपमा मनाउँछन् । वैशाख पूर्णिमा बुद्ध जयन्तिको दिनमा पर्ने हुनाले लामाहरुले बुद्ध पूजा गर्ने गर्दछन् । बुद्ध जयन्तिका दिन तामाङहरु नुहाईधुवाई गरि आ-आफ्नो घरको छेकङमा पूजा गर्दछन् । अहिले यहाँका तामाङहरुले केहि बर्ष अगाडी मात्र गुम्बा बनाएको हुनाले गुम्बामा छो (फलफूल) खादा लगाएर चढाएर बत्ति बाल्ने गर्दछन् र त्यहाँबाट आर्शिबाद लिने गर्दछन् । यसै दिन कसै-कसैले अग्लो डाँडा वा देउरालीमा झाँक्रिद्धारा सिमेभूमि पूजा पनि गर्दछन् ।

**४.१६ महिलाको स्थान (Status of Women)**

यहाँको तामाङ समाजमा छोरीलाई पनि छोरालाई जस्तै गर्ने ब्यवहार समान रुपले गर्ने गरेको पाईन्छ । छोरी चेलीलाई पनि वर्तमान समयमा आएर शिक्षा दिने चलन रहेको छ । यति हुँदाहुँदै पनि छोरी चेलीहरुले घर भित्र र बाहिरको दुवै काम सम्हाल्नु पर्ने स्थिति रहेको छ । घरायसी आन्तरिक कार्यहरुमा पुरुषहरु कै निर्णायक भूमिका देखिए पनि केहि महिलाहरु भने वाह्य र निर्णायक कार्यमा समाजमा देखिएको पाईन्छ । यहाँको तामाङ समाज पितृसतात्मक समाज हो । पितृसतात्मक समाज भए पनि महिलाहरुले स्वतन्त्रता भने पाएको देखिन्छ । परिवारका सबै सदश्यहरु सबै सँग खुलेर कुरा गर्ने, बुहारीले बुहारी जस्तो ब्यबहार गर्नु नपर्ने, स्वास्नी मानिसले आफ्नो पेवा आफु खुसि गर्न पाउने, घर भित्रको काम सासु बुहारीले मिलेर गर्ने, छोरी बुहारी हाट बजार घुम्न जाने स्वतन्त्रता रहेको छ । यस्तो स्वतन्त्रता भएपनि घरको कुनै जिम्मेवार निर्णय गर्नु परेमा पुरुषलाई सोधेर गर्ने गरेको भने यस तामाङ समाजमा पाईन्छ ।

# अध्याय - पाँच
# तामाङ जातिको संस्कार
# (Rituals of Tamang Caste)

## ५.१ जन्म संस्कार (Birth Rituals)

### ५.१.१ गर्भको रक्षा

मादी राम्वेनी गाउँ विकास समितिका तामाङहरुले पहिलो संस्कारको रुपमा गर्भ संस्कार गर्ने गरेको पाईयो । गर्भको शिशु र आमालाई राम्रो होस भन्नको लागि बौद्ध धर्मको दोमाङ ग्रन्थ पढाउने, साङसेर्गेम (कुल पुजा) गर्ने, गर्भवति महिलाले डरलाग्दो दृश्यहरु र कुनै पनि प्राणिको हत्या नगर्ने, सकभर गर्भको बच्चाको पिताले पनि काटमार नगर्ने जस्ता कार्यहरु गर्दछन् । यदि गर्भिणी महिलाको पहिलो वच्चा खेर गएको रहेछ भने लामा वा झाँक्रिले मोच मार्ने चलन यहाँ केहि मात्रामा रहेको पाईयो ।

### ५.१.२ न्वरान

यहाँका तामाङहरु वच्चा जन्मेपछि तीन दिनमा लामालाई बोलाएर न्वरान गर्ने गर्दछन् । कुनै-कुनै बेला परिस्थिति अनुकुल नहुँदा पाँच दिन, सात दिन वा एघार दिनमा न्वरान गर्ने गरेको पाईन्छ । न्वरान गर्न लामा, बोम्बो र चोहो (मुखिया) यी तीन मध्ये परिवारको आफ्नो माग अनुसार तीनै जनाबाट पालैपालो कर्मकाण्ड पनि गराईन्छ । पालैपालो गराउने भए बोम्बोले पहिले र दोश्रोमा चोहो अथवा लामा लगाईन्छ । यहाँका तामाङहरु प्रायः सम्भव भए सम्म लामा र त्यसपछि मात्र गाउँको ठूलो मान्छे कार्यकर्ता राखेर न्वरान गर्ने शान्त बहादुर मोक्तान बताउँछन् ।

न्वरान बोम्बोद्धारा सम्पन्न गरिने भएमा यहाँका तामाङहरु धन बहादुर गोलेका अनुसार निम्न प्रक्रियाहरु अपनाउँछन् । पहिलो दिन शिशु जन्मेको कुरा दाजु भाई, घर परिवार र मामलीलाई जानकारी दिन्छन् । दोश्रो दिन बोम्बोलाई नवजात शिशु पैदा भएको घरमा बोलाईन्छ । बोम्बो बेलुकी नवजात शिशुको घरमा आउँछन् । नामज्यूङको लागि आवश्यक पर्ने सामानहरु थाल, कलस, मानो, चामल, धुपबाती, आदिको ब्यबस्था गर्दछन् । बोम्बो वा घरको मुलिले धारामा गई नुहाई धुवाई गरि कलसमा चोखो पानि ल्याउँछन् । चोखो पानि बोम्बोले कलसको तीन ठाउँमा म्हार (नौनी घिउ) लगाउँछन् । त्यसपछि त्यो

कलसलाई चामल र कुल देवतालाई भातको “तोर्मा”। राखेको थालमाथि राखिन्छ र त्यसको नजिकै धुप बालिन्छ ।

बोम्बोले सर्वप्रथम त्यहाँ जुटाएको सबै सामानको नाम उच्चारण गर्दछ र गाउँको देवीदेवता, सीमेभूमेलाई पानि अर्पण गर्दछ । त्यस पछि साङ सेरकेम (धुप चढाउने) गर्दछन् । यसो गर्नाले घर, भूमि पानि र धूप चढाएपछि बोम्बोले फलानाको घरमा यो दिन यो साईतमा फलाना शिशु जन्मेको कुरा गाउँ, घर खोलानाला, मन्दिर सुनाउँदै फलाक्न थाल्दछन् । बोम्बो आफ्नो बखानमा जसरी नवजात शिशु जन्मेको कुरा सुनाउँदै गएको थियो त्यसरी नै फर्कदा नवजात शिशुलाई आर्शिवाद दिन आउनु होला भन्दै फर्कन्छ र त्यो कलसको पानि सबैको आर्शिवाद प्राप्त भएको मानिन्छ । कलश र पूजाका सवै सामानहरुलाई घर बाहिर चोखो ठाउँमा कसैले नभेट्ने गरि राखिन्छ ।

तेश्रो दिन सुत्केरीलाई सबेरै नुवाई धुवाई गर्न लगाईन्छ । सुत्केरी धाराबाट फर्केपछि बोम्बोले सोङपिङ (धुप, घिउ र पिठो) को धुप बाल्दछन् । त्यसपछि आगोको कोईला माथि तीतेपाती र दर्शने ढुङ्गा राखेर त्यसको वाफले शिशुलाई सेकाउने र अघिल्लो दिनको आर्शिवाद र शक्ति मागि राखेको कलशको पानिले नुवाई दिने तथा घर परिवार सबैलाई खान दिने वा छर्कने गरि आर्शिवाद ग्रहण गराउँने कुरा धन बहादुर गोले बताउँछन् ।

यस अवसरमा लामा उपस्थित भए टासी मोलम पढेर वा बोम्बोले टासी सुनाएर दिर्घायू, धन, मानले पूर्ण होस् भनि आर्शिवाद दिने गर्दछन् । बोम्बोले न्वरान गर्दा शिशुको नाम राखेको पाईदैन ।  पछि बाबु आमाले नाम राख्छन् । युवा भएपछि भने अहिले आधुनिक नाम राखेको पाईन्छ ।

यस गाविसमा न्वरान सम्पन्न गर्न लामालाई अनुरोध गर्ने भए पोङ राखिन्छ । पोङ ग्रहण गरेपछि लामा साईत हेरेर नवजात शिशु जन्मेको घरमा आउँछन् । सुत्केरीलाई नुहाई धुवाई गराईन्छ । वन्यू (पानि) र साङ (धुप) चढाईन्छ । लामाहरुले यस अबसरमा “दोर्जे नामज्यूङको ठुई” पढ्छन् । पढि सकेपछि लामाले बुम्बोको पानिले नवजात शिशु र आमालाई अभिषेक गर्दछन् । यसो गर्नाले भूमि, शिशु र आमा पबित्र भएको मानिन्छ । त्यस अबसरमा लामाले आफ्नो धार्मिक कर्मकाण्ड पाठ गरि 'ची' (ज्योतिष शास्त्र) को आधारमा ग्रह, नक्षत्र, दिन, बार, ल्हो र खाम मिलाएर तिब्बति पात्रो हेरेर शिशुको नाम तामाङ भाषामा राख्ने गर्दछन् । मादी राम्वेनी गाविसका तामाङहरुको भनाई अनुसार लामाले वच्चा

जन्मेको घरमा साईत हेरेर न्वरान गर्न आउँदा परिवारका सदश्यहरुले फलफुल, बीउबिजन नछर्ने, नरोप्ने गरेकोबाट केहि परिबारमा हिन्दु धर्मको प्रभाव भएको पाईन्छ भने सुतक पनि न्वरान गर्ने दिन सम्म बारिरहेको पाइयो । यसरी बारे पनि न्वरान गर्दा लामाद्धारा नै गराउने परम्परा भने सबै तामाङ परिवारमा पाईन्छ । न्वरान गर्नु अगाडी घर, आँगनहरु लिपेर, लुगाहरु धोएर चोखो पारिन्छ । त्यसपछि आमा र नानीलाई नुहाएर होम गर्ने ठाउँमा राखिन्छ । होम गर्दा वर, पिपल, टोटलाको फुल, तिल, घिउ, जौ, जाँड, रक्सी, दुध आदि सामग्री राखिन्छ । न्वरानमा नै लामाले वच्चाको (ल्हो) वर्ग राखि नाम, घडि, समय हेरी मिलाएर राख्दछ । यसमै डाहा, वायू, भूतप्रेत बचाउन आमा बाबु तथा वच्चाको घाँटी, नाडीमा पहेँलो धागो बाँधिन्छ । बुम्बाको पानि छरेर आमा, बाबु तथा घरका कोठाहरु शुद्ध, पवित्र बनाईन्छ र तितेपाती, थाप्साङ्ग, ग्रेसिङ, दर्शनढुङ्गा आदि तातो कोईलामा राखि धुवाँ र वाफ शिशु र आमालाई सेकाउने तथा तपाउने गरिन्छ । न्वरानमा यदि बच्चाको बाबु नभएमा पहेँलो धागो मुल खाँबोमा बाँधिन्छ । न्वरानको बेला दाजुभाई, नाता कुटुम्ब, सबै भेला हुन्छन् र लामाको हातबाट बुम्बाको पानिले अभिषेक गरि चोखो हुन्छन् । न्वरानमा आफ्नो बंश, आफन्त, चेली, माईती र मावली बोलाई भोज खुवाईन्छ । भोजमा न्वरानमा भुटेको चामलको पिठो र मासु मिसाएको थुक्पालाई विशेष खाना मानिन्छ । छ्याङ (रक्सी) र जी (जाँड) चाहिँ तामाङहरुको नभई नहुने बस्तु हो र अहिले ती लगायत वियर पनि प्रयोग गरेको देखिन्छ ।

## ५.२ कर्म संस्कार (Karma Rituals)

### ५.२.१ पास्नी

तामाङ जातिमा न्वरान पछि अर्को महत्वपूर्ण संस्कार पास्नी हो । यस अध्ययन क्षेत्रमा कसैले छोराको पास्नी छ महिना पछि र छोरीको पास्नी पाँच महिनामा गर्ने गर्दछन् । तर पनि अहिले प्रायः अधिकाम्सले न्वरानकै दिन पास्नी गर्ने गरेको पाईयो । यदि न्वरानको दिनमा पास्नी गरिएन भने अन्य दिन गर्दा साईत हेराएर गर्नु पर्ने दावा गोले बताउँछन् । पास्नीका दिनमा मैन चरी को चुच्चाले शिशुको अन्न प्रासन गराउन सके चरा जस्तै मिठो बोली हुन्छ भन्ने विश्वास यस तामाङ जातिमा पाइयो । सम्भवतः कतिपय यहाँका तामाङ परिवारमा पास्नी गर्दा नफाब्ने भएकाले पास्नी संस्कार फाब्नेले मात्र गर्ने गर्दा रहेछन् । पास्नी अहिले आएर अधिकाम्स तामाङहरुले न्वरान कै दिन गर्न थालेकाले न्वरानमा नै

भएका विभिन्न व्यक्तिहरु यसमा सामेल हुन्छन् । यदि न्वरानको दिन नगरी अन्य दिन गरेमा आफ्ना नाता गोताहरुलाई बोलाईन्छ । पास्नीमा बच्चालाइ नयाँ कपडा लगाई दिन्छन् । त्यसपछि खिर पकाएर, थालिमा दियो बत्ति बालेर टिका लगाउँदै लामाद्धारा साङ सेरकेम ( पूजापाठ) गरिन्छ र उक्त बच्चालाई भोजमा चम्चा डुवाएर परिवारको प्रमुख व्यक्तिद्धारा खुवाउने गरिन्छ । आफन्तहरुले पुरानो मोहरले बच्चालाई खुवाउने कार्यक्रम शुभारम्भ गर्दछन् । यस अवसरमा मामा, माइजूले बच्चालाई टिका लगाउनुका साथै विषेश आफ्नो गच्छे अनुसारको उपहार दिने गर्दछन् । यसमा आफन्तहरुले पनि बिभिन्न सामग्रीहरु दिने गर्दछन् । पास्नी गर्दा सबैले टिका लगाई भात खुवाइसके पछि उपस्थित सबै जनालाई भोज खुवाइन्छ । यस्ता तामाङ भोजमा रक्सी, जाँडलाई अति आवश्यक र सम्मान सत्कार गर्ने तत्वका रुपमा प्रयोग गरिएको पाइयो ।

### ५.२.२ छेवर

तामाङ जातिमा पास्नी गरेपछि छोराको लागि छेवर गर्ने गरेको पाइयो । अध्ययन क्षेत्रमा छोराको उमेर तीन, पाँच, सात बर्ष पुग्दा विजोडी बर्षमा छेवर गर्ने गरिन्छ । छेवर नगरे सम्म बच्चाको कपाल नकाट्ने चलन छ । छेवरमा सबैभन्दा ठूलो भुमिका मामाको रहेको पाइयो । मामा नभएमा साइनो पर्ने मामालाई भएपनि उपस्थित गराएकै हुनु पर्ने चलन यहाँ रहेको पाईन्छ । छेवर कुन महिनामा गर्ने भन्ने निर्णय गरेपछि लामाले साईत निकालेर छेवरको दिन टुङ्गो लगाउँछन् । अध्ययन क्षेत्रमा कसै-कसैले साईत निस्केको एक दिन अगाडी बोम्बोलाई बोलाएर भुतप्रेत भगाउन रातभरी चिन्ता बस्ने समेत गर्दछन् । यो गर्नाले बालक र आमाको लामो आयू, शक्ति र सम्पन्नता ल्याउँछ भन्ने विश्वास रहेको छ । छेवर गर्ने टुङ्गो भएपछि कसै कसैले मामालाई दुई सय/तीन सय रोटी, तीन पाथि रक्सी, एक कुखुरा, तीन पाथि चिउरा र सगुन लगिन्छ । यो लाने चलन अहिले कम हुदै गएको विरबहादूर तामाङ बताउँछन् । भान्जाको छेवरको टुङ्गो लागे पछि छेवरको लागि नयाँ कैंची, टोपी, सेतो फेटा, रुमाल, थाल, एकजोर नयाँ कपडा, खड्कुलो वा गाग्रो वा दूवै, भेटी पैशा आदि लिएर भान्जाको घरमा आउँछन् । भान्जाको घरमा आउँदा भान्जाको आमा, बुबा ( दिदि, बहिनी, भेना, ज्वाइँ) ले स्वागत भेट गर्दछन् । त्यस बेला कतिपय तामाङहरुले बन्दूक पड्काउने र डम्फु गीत समेत गाउँने गर्दछन् । त्यस पछि मामालाई खान दिईन्छ । खान

दिईसके पछि त्यस कार्यमा भेला भएका मामा र भान्जा पक्षका विच डम्फूरे गीत गाउँने गर्दछन् । यस्तो गीत गाउँने चलन अब हट्दै गएको भिम बहादुर स्याङवो बताउँछन् ।

दिदी वहिनीको घर टाढा छ भने मामा अघिल्लो दिन नै आउने गरेको पाइन्छ । छेवरको दिन दहीमा चामल मिसाएर टिका बनाइन्छ । टपरीमा एक माना चामल र चामल माथि दियो बालिन्छ, बलेको दियो छेउ-छेउमा सेल रोटी बाबर राखिन्छ । त्यहाँ पहिले, पहिले मासु राखिन्थ्यो अहिले त्यो राख्न छाडेको भिम बहादुर स्याङवो बताउँछन् । यो कार्य आँगनमा गरिन्छ । आँगनमा गुन्द्री, राडी ओछ्याइएको हुन्छ, यसलाई छेवर मन्डप भनिन्छ । कपाल काट्ने तयारी भएपछि म्ह (ज्वाइँ- भेना) ले पुनः बालकको मामालाई सगुन दिइन्छ । त्यसपछि मामाबाट कापाल काट्ने कार्य सुरु गरिन्छ । कपाल काट्दा छुरा लगाएको हुदैन र दोस्रो पल्ट छुरा मामाले नै कपाल काटेको सात दिन भित्र लगाउनु पर्दछ तर अहिले मामाले नभ्याउने भए अरुले पनि काट्ने गरेको पाइन्छ । यदि मामाले नै दोस्रो पटक काट्न भ्याउने भए पुनः मामालाई सगुन राखिदिनु पर्दछ । छुरा लगाई कपाल काट्ने कार्य कसैले भोलिपल्ट गर्छ भने कसैले सात दिनमा गरेको पाइन्छ । काटेको कपाल भुँइमा नखसोस् भनि दिदि बिहिनीले कपडामा थाप्ने गर्दछन् र त्यो कपाल सुरक्षित ठाउँ चोखो रुखको टोड्कामा अथवा ढुङ्गाको आडमा राख्ने, पानिमा लगेर सेलाउने वा फुलको रुखको फेदमा कसैले नकुल्चने ठाउँमा राख्ने गरेको पाईयो ।

मामाले कपाल काटिसकेपछि भान्जालाई दुध र अण्डाको सगुन खुवाइन्छ । त्यस पछि मामाले भान्जालाई नयाँ कपडा, नयाँ टोपी (अहिले क्याप दिने चलन बढेको छ) र टोपी माथि सेतो फेटा बाँधि दिन्छन् र सेतो टिका (पहिले कसैले रातो टिका पनि लागाउँथे) लगाई दिन्छन् । गच्छे अनुसारको उपहार दिन्छन् । यसरी मामा माइजूबाट टिका लगाउने, कपडा दिने काम सकिएपछि बुबा, आमा, बाजे, बोजू र अन्य नातेदारहरुले टिका र आर्शिबाद दिने गर्दछन् । यस अवसरमा टोटलाको फुल बालकको टाउकोमा राखिदिन्छन् । टिका र आर्शिबाद दिएपछि बालकले सबै मान्यजनहरुलाई ढोग्नु पर्छ । मामाले रुमाल थापेबापत दक्षिणा दिने चलन रहेको छ । यसरी बालकको छेवर सक्ने गरेको पाइयो । यसरी छेवर सकेपछि भोजको रुपमा रोटी, रक्सी, जाँड आदि खाएर बस्ने गर्दछन् । यस छेवर संस्कारमा लामा देखि बाहेक बाहुनलाई पनि कसै-कसैले साईत हेराउने गरेको पाइयो ।

### ५.२.३ गुन्युचोलो दिने

गुन्युचोलो दिने चलन छोरीलाई कर्म दिनको लागि गरिन्छ । अध्ययन छेत्रमा रहेका तामाङ जातिहरुका अनुसार अहिले गुन्युचोली दिने चलन नरहेको बताउँछन् । यस जातिका बुढापाकाका अनुसार गुन्युचोली दिँदा के गर्छन्, कसो गर्छन् भनेर केहि पनि थाहा नपाएपनि पहिले दिने चलन भने रहेको सुन्ने गरेको, त्यस बेला पनि आमा बुवाले छोरीलाई नयाँ कपडा लगाउँनलाई दिने गरिन्थ्यो भनि आफ्ना बुवाआमाले भनेको कुराकानी सुन्ने गरेको बताउँछन् ।

### ५.२.४ विवाह

अध्ययन छेत्र मादी राम्वेनीका तामाङ जातिहरुमा विवाह विभिन्न किसिमले गर्ने गरेको पाइयो । यसरी गरिने विवाहहरु फरक-फरक गर्नुमा व्यक्तिको इच्छा, बाध्यता एवं अनिवार्यताले गर्दा भएको पाइन्छ ।

### ५.२.४.१ मागी विवाह

मादी राम्वेनी गाविसमा अधिकाम्स विवाह मागी नै हुने गर्दछ । यस्तो विवाहमा सर्वप्रथम केटाको विवाह योग्य उमेर पुगेपछि केटाको बुवा गाउँका गान्बा, लमी को सहयोग लिएर सुहाउँदो कन्याको खोजीमा लाग्दछन् । लमीले कन्यापक्षको कुरा ल्याएपछि अर्थात केटाले नै कुनै केटी पहिले हेरिसकेको रहेछ भने उसलाई उपयुक्त लागेपछि यहाँका तामाङहरुको चाल चलन अनुसार केटी हेर्ने क्रममा लामाद्धारा केटाकेटीको ल्हो (वर्ग) र खाम (स्वभाब) हेरर विवाह गर्न उत्तम हुन्छ वा हुदैन भनेर हेर्ने गरिन्छ । यसरी थर, साईनो र केटीको खानदान मिलेमा गाउँको गान्वा, ताम्बा मार्फत केटाको तर्फबाट केटीको घरमा सगुन पोङ लगिन्छ । यो पोङ सोधनी पोङ मात्र हो । उक्त पोङ राखेर केटीको बुबा माइतीको सामु केटीको हात माग्न आएको दिने नदिने सोध्ने गर्दछन् । यसपछि केटी तर्फबाट केटा मन परेमा सो पोङ स्विकार गरि अर्को पोङ सगुन लिएर आउन अनुरोध गर्दछन् । यदि पोङ स्वीकार्य नभएमा फिर्ता पठाई दिन्छन् । पोङ स्वीकारे पछि त्यहाँ उपस्थित सबैले बाँडेर खान्छन् । अन्त्यमा विवाहको लागि विस्तृत सोधनी गर्नका लागि एउटा पोङ लगिन्छ जसलाई सोधनी पोङ भनिन्छ । यो पोङ खाँदा कन्याको मामालाई पनि बोलाएर विवाहको कुरा छिनि साईत, दिन र बार लामाद्धारा छुट्याउने गरिन्छ ।

विवाहको दिन आएपछि, लुगा, कपडा, गरगहना, लिएर जन्तिहरु सहित दुलाहा दुलहीको घरमा जान्छन् । जन्तीहरु दुलहीको घरमा पुगेपछि केटी पक्षका बुवा माइती र निम्तालुहरुले स्वागत गरि स्वयंबरको लागि बनाइएको विशेष स्थानमा दुलाहा र जन्तीलाई बस्न आग्रह गर्दछन् । जहाँ दुलहीलाई पनि दुलाहाको घरबाट ल्याईएको कपडा, गरगहना लगाई दिएर उपस्थित गराईन्छ । लामा बिचमा बसेर एक आपसमा माला र औँठी लगाउने कार्यक्रमहरु गरिन्छ । कसैले केटीकै घरमा सिन्दुर पोते लगाउँछन् भने कसैले केटाको घरमा लगेर सिन्दुर पोते दिन्छन् । त्यसपछि लामाले दुलाहा दुलहीलाई दही खुवाउने, केटाको जुठो खुवाउने टाउको ठोकाउने पनि गर्दछन् ।

त्यसपछि तामाङहरुको विवाहको एकदमै महत्पूर्ण कार्यक्रम ‘चारदाम’ हो । यो कार्य नगरे सम्म केटाकेटी मिलेर जय जन्म भई छोराछोरी विवाह योग्य भए पनि आमालाई कन्या नै मान्ने चलन यस गाविसमा रहेको तामाङहरु बताउँछन् । यदि कसैको चारदाम मारेको छैन भने छोराछोरीको विवाह नै रोकिन्छ । छोराछोरीको विवाह पुर्व नै आमा बुबाको चारदाम गर्नु पर्ने हुन्छ । यस गाविसमा चारदाम नगरी केटीको मृत्यू भएमा त्यसलाई राम्रो मानिदैन र लासलाइ चारदाम मार्ने पनि चलन रहेको बताउँछन् । चारदाममा वाकदक्त बोल्दा केटीको बुबा वा माईतीले बोल्नु पर्दछ । आफ्नो बाबु माइती नभएमा नजिकको दाजुभाईलाई र त्यो पनि नभए थरको माइतीलाई बोल्न लगाईन्छ । माइतीले वाकदक्त बोल्दा पुर्ख्यौली जान्ने गान्वा, लामा, बुढापाकाले बनाएको र कुलले चलाई आएको रीतिरिवाज अनुसार “फलाना रुइको म फलानाको फलाना नाम गरेकी छोरी चेली आफ्नो कुलको रुई (हाड) को हामी माइतीको पासमा राखिदियौ” तीन चोटी भनेर सगुन छ्योत गर्दछन् । शरीरको रुप, सीप, गुण र मासु दिए पनि हाड दिएको छैन भन्ने कुरा आकाश, पाताल, मृत्यु स्वर्ग चारै दिशाको इश्वरले थाहा पाए र पृथ्वीमा आएका सबैले थाहा पाए भनि तीन पटक दोर्याउँदै सगुन छ्योत गर्ने चलन यस अध्ययन क्षेत्रमा रहेको छ । छ्योत गरिएको जाँड सर्वप्रथम वर वधुलाई खान दिई अरु उपस्थित सबैलाई वितरण गरिन्छ । यी सबै काम सकिएपछि दुलाहा, दुलाहीलाई सबै आफन्तहरुले टिका टालो लगाई दिन्छन् । जसमा सबै आफन्तहरुले भाडाँकुडा, रुपैयाँ उपहार स्वरुप दिने गर्दछन् । यस टिका टालो कार्यक्रम सकिएपछि सबै जन्तीहरुलाई विदाई दिनु अघि खाजा खुवाईन्छ । यसरी औपचारिक रुपमा विवाहको मुख्य कार्यक्रम समाप्त हुन्छ (भिम बहादुर स्याङबो को अर्न्तवार्तामा आधारित) ।

दुलाहा दुलहीलाई केटाको घरमा भित्र्याउनु अघि ढोकामा दियो बालि दुई तिर पानि र रक्सीको सगुन राखेको हुन्छ । त्यस पछि लामा बिधि अनुसार भित्र पसाई टिको टालो कार्यक्रम गर्दै खानपिन गर्ने चलन छ । त्यसपछि भोली पल्ट गाउँमा बुहारी चिनाउने कार्यक्रम हुन्छ । तीन दिन पछि (अहिले भ्याउने समय पारेर गर्दछन्) दुलही फर्काउन लानु पर्छ ।

### ५.२.४.२ प्रेम र चोरी विवाह

यहाँका तामाङ जातिहरुले प्रेम विवाहलाई त्यति मात्रामा स्विकार गर्दैनन् । तर अहिले आएर प्रेम विवाह गर्ने प्रचलन धेरै मात्रामा बढ्न थालेको पाईन्छ । प्रेम विवाहलाई यस समाजमा नस्विकार्ने चलन भएता पनि चोरी विवाहको माध्यमबाट स्वीकार्ने चलन रहेको छ । एक आपसमा केटाकेटीहरु विच माया प्रेम बसेमा परिवारले नस्विकारे पनि उनिहरुले विवाह गर्न सक्ने परिस्थिति मादी राम्वेनी गाविसका तामाङहरुमा देखिन थालेको छ । मागी विवाह झन्झट पूर्ण र खर्चिलो रहेकाले झन्झटबाट बच्न तामाङ युवायुवतिहरु माया प्रीति गाँसेर स्वेच्छाले दाम्पत्य जीवनमा बाँधिन्छन् । यहाँका कतिपय तामाङहरुमा मागी विवाह गर्दा परिवारमा नराम्रो हुने, नफाब्ने भएको हुँदा परिवारका बाबु-आमाले नै चोरी विवाहलाई प्रोत्साहित गरेको पाईयो । यहाँका तामाङहरु हाट, बजार, मेलापात, जात्रा, आदिमा जम्मा भएको बेलामा डम्फु गीत बजाउने, जुहारी खेल्ने र नाच्ने गर्दछन् । यसबाट तामाङ युवायूवतीहरु एक आपसमा माया प्रीतिमा बाँधिन्छन् । यसरी तामाङ जातिमा यस्तो गर्ने संस्कृतिले विवाहलाई टेवा दिएको हुन्छ । केटाकेटीहरुलाई हाट, बजार, मेला, जात्रा आदिमा एक अर्कामा नजिक जाँड, रक्सी, गीत, आदिले ल्याउने गर्दछ । गीत मार्फत एक आपसमा थर पत्ता लगाउँछन् र विवाह गर्नु हुने भएमा एक आपसमा उपहार साटासाट गर्ने गर्दछन् । तर यो चलन अहिले हट्दै गएको तामाङ बुढापाका बताउँछन् । यसरी उपहार साटासाट गरेपछि प्रेम विकास हुदै जान्छ र केटा र केटी विवाह गर्ने स्थितिमा पुगे पछि आफ्नो बावु-आमाको सल्लाह र अनुमति लिने गर्दछन् । यदि आमा-बावुले अनुमति दिएको खण्डमा रातारात गरेर घरमा नै ल्याउने चलन रहेको छ । यदि फाब्ने तामाङ परिवार भए केटा-केटी दुवै पक्षका बावु-आमा मञ्जुर भएमा मागी विवाह गर्दछन् । फाब्ने परिवारका आमा-बाबु भए अनुमति नदिएमा अरुकै घरमा जाने गर्दछन् वा भाग्दछन् । आमा-बाबुले

थाहा पाएपछि खोजेर घर भित्र्याउने गर्दछन् (मान बहादुर गोले सँग अर्न्तवार्तामा आधारित) ।

त्यसपछि केटाको बाबुले केटी पक्ष कहाँ “चोरको स्वर पोङ” भनेर रक्सी र कुखुरा लिएर जाने गर्दछन् । यो पोङ केटीको माईतीलाई थाहा नदिएको बापत माफिको रुपमा लगिएको त्यहाँका तामाङहरु बताउँछन् । त्यसपछि ठेकानको पोङ लगिसकेर एक आपसमा मेल मिलापको लागि “मुखबोलो पोङ” लगिन्छ । यसपछि केटीपट्टीबाट विवाह गर्ने ईच्छा भएमा विवाह गर्नु पर्दछ । यदि केटीका बुबा-आमा र माईतीलाई त्यसरी चोरी लगेको वा पोइला गएको चित्त नबुझेमा त्यस्ती छोरी चेलीलाई खोसेर फर्काउने चलन रहेको छ ।

### ५.२.४.३ जारी विवाह

यहाँका तामाङहरुको भनाई अनुसार केही समय अगाडी जारी विवाह गर्ने चलन रहेको थियो । यस विवाहमा लोग्ने हुँदाहुदै अर्को पुरुष सँग पोईला गई भने त्यसरी जो पुरुष सँग महिला गएकी छ उक्त पुरुषले पहिलाको आफ्नो जारलाई निश्चित रकम बुझाउनु पर्दछ । तर यस्तो अहिलेको युवा पिँडिहरुमा पाईदैन । यहाँका तामाङहरुको भनाई अनुसार पहिलेको दुलाहाले आफ्नो विवाह खर्च, गरगहना, आदिमा भएको सबै धनमालहरु हिसाब गरि आफ्नो जार सँग जारी माग्ने गर्दछ र त्यो धनमालहरु पछि विवाह गर्ने लोग्नेले तिर्नु पर्दछ । त्यसरी तिरेपछि मात्र तिनीहरु स्वतन्त्र गरि हिड्न पाउँछन् । यहाँका तामाङहरुका अनुसार जारी विवाह गर्दा माईतीबाट गएको छ भने जारी तिर्नको लागि नयाँ ज्वाँईलाई सहयोग गर्नु पर्दछ । यदि लोग्नेकै घरबाट अर्को पोई सँग गएको हो भने लोग्नेले आफ्नो जार पत्ता लगाई मान्छे भेला गरेर जे जति तोक्छन् जारलाई तिर्नु पर्दछ । यदि श्रीमतिले श्रीमानले दिएको गहनापात फिर्ता गरेन भने जारलाई गाली बेइजती गर्नको साथै ज्यानको समेत हमला गर्ने गर्दछन् । जारी लिने दिने कुरालाई केटीको “चारदाम साईमुन्द्री” भै सकेको हुनु पर्दछ । चारदाम नभएकी स्वास्नीको जारी लिन नहुने यहाँका तामाङहरु बताउँछन् ।

### ५.२.४.४ अर्न्तजातीय विवाह

यहाँका तामाङहरु अर्न्तजातीय विवाहलाई त्यति राम्रो मान्ने गरेको पाईदैन । यसरी नराम्रो मानेता पनि पानि चल्ने जात भने चलाउने गरेको पाईन्छ । यदि अर्को जात ल्याए

भने अर्को छुट्टै ठाउँमा बस्नु पर्ने यहाँका तामाङहरुको रहेको छ । मादी राम्वेनी गाविसका तामाङहरुको भनाई अनुसार यहाँका धेरै जस्तो तामाङहरु आफ्नै जाति भित्र विवाह गर्दछन् । अर्थात विवाहमा कट्टरता पाईन्छ । तर अहिलेको युवा पुस्तामा आएर यो कट्टरता रहेको छैन । यस्तो कट्टरता यहाँका युवा पुस्ताहरुले छोड्दै गएको कुरा चौरासी वर्षीया तुलामान गोले बताउँछन् । युवापिँडीमा यस्तो देखिनुका साथै केहि बाहिरबाट आएका तामाङहरुले पहिले नै अर्को समाजमा रहदै अर्न्तजातीय विवाह गरेर आएको पाईन्छ ।

यहाँका तामाङ बुढापाकाका अनुसार केटाले गैर तामाङ जातकी केटी सँग विहा गर्दा पहिले केटीलाई लामाद्धारा कर्मकाण्ड सम्मत एक समारोह विच उपयुक्त तामाङ कुटुम्ब थर प्रदान गरिन्छ । अध्ययन क्षेत्रमा दुई, चार वर्ष अगाडी मात्र देखि यदि तामाङ परिवारको छोराले अन्य जातको छोरीलाई ल्यायो भने त्यो छोरीको स्वयं बाबु, माईती नराखी तामाङ कै कुनै काल्पनिक बाबु-आमा राखेर विवाह गरी भित्र्याउने चलन (यो चलनलाई कतिपय तामाङ परिवारहरुले नस्विकारे पनि गर्न बाध्य भई दोधारमा परेका छन्) रहेको छ । त्यो केटीलाई त्यसरी आफ्नै जातको कुटुम्ब थर प्रदान गरि सकेपछि थर दिने समारोहमा छिमेकका इष्टमित्र, नाता, गोता, कुटुम्बहरु, सबैलाई भोजमा डाकिन्छ । यस्तो भोजमा कालो दाल, भात, जाँड, रक्सी, आवश्यकता अनुसारका सामान राखिएको हुन्छ । भोज, भतेर पस्कने र दिने कार्यमा ती तामाङ बनाएकी केटी सम्मिलित हुनछिन् । त्यसैले यस भोजको निम्ता स्विकारेर सामेल हुनुको अर्थ (अध्ययन क्षेत्रका कतिपय तामाङ जातिहरुले अझै उपयुक्त मानेका छैनन्) ती नयाँ केटी तामाङ कुलमा चढी भन्ने हो । यसलाई “दाल भात चल्नु” पनि भनिन्छ । यसरी दाल भात चलि सकेपछि तामाङ जातिको सदश्य बन्न सक्दछ र विवाह राम्ररी सम्पन्न गर्न सकिन्छ ।

यहाँका तामाङहरुले ब्राम्हण, क्षेत्री जातका स्त्री विहे गरि ल्याएमा माईतीले “चारदाम” नदिने हुँदा उनको कर्मकाण्ड गरिदैन । तर त्यस्ता स्त्रीले जन्मेका बालक, बालिका न्वरान गर्न जेनतेन चलाउने चलन रहेको शान्ति बहादुर मोक्तान बताउँछन् ।

यहाँका तामाङ जातिहरु हाडनाता विवाहमा एकदम कट्टर देखिन्छन् । यस्तो विवाह गर्नेलाई तामाङ समाजबाट नै बहिस्कार गर्ने गर्दछन् । त्यस्ता हाडनाता भित्रका वैवाहिक सम्पर्कबाट जन्मेका शिशुलाई आफ्नो समाज भित्र हुल्दैनन् ।

### ५.२.४.५ विधवा र सट्टा विवाह

यहाँका तामाङ जातिहरु मध्ये कसै-कसैले विधवा र विदुर विवाह गरेको पाईन्थ्यो र त्यो चलन अहिले कतै पनि नभएको यहाँका तामाङहरु बताउँछन् । साली विवाह तथा फुपु माथि भदैनी विवाह गर्ने चलन वा मामा चेलो फुपु चेली विवाह गर्न हुदैन गुरुङको नियम हो तर गर्दथे, चलाउँथे अहिले आएर भने कसैले गर्ने नगरेको यहाँका पचासी वर्षीया भिम बहादुर स्याङबो बताउँछन् ।

## ५.३ मृत्यु संस्कार (Death Rituals)

### ५.३.१ दाह संस्कार

मादी राम्वेनी गाविसका तामाङहरु मध्ये मान्छे मरेको घरका सदश्यहरु कुलका सदश्यहरु, कुलका दाजुभाईहरु, दिदि-वहिनी, ज्वाँई, भेना सवैलाई थाहा दिन्छन्, लासलाई नुहाईधुवाई गर्दछन् । नुहाउँदा तामाको भाँडामा राखेर नुहाउँछन् । यदि विवाहित महिला भएमा नुहाएपछि सिन्दुर, पोते, टिका सबै श्रृगार गरिन्छ र यदि विधवि महिला भए तेल मात्र लगाई कपाल कोरीबाटी गरिदिन्छन् । त्यसपछि लासलाई हात जोडेर पद्मासन स्थितिमा राख्छन् । त्यसपछि लामाद्धारा पार्थिव शरिरबाट आत्मा अर्थात वायू शक्तिलाई अलग गर्न फो सम्पन्न गर्दछन् ।

अन्तिम संस्कारको लागि लामाले साईत निकाल्नु पर्दछ । कहिले काहिँ साईत तीन दिन सम्म पनि ननिस्कन सक्दछ । यस्तो भएमा मृतकलाई रुँग्नु पर्दछ । साईत पछि लासलाई वाहिर ल्याईन्छ । लामा नभई त्यो लासलाई चलाईदैन । लामाले लामा बिधि गरेर लासलाई घरको आँगनमा ल्याउँछ । आँगनमा लास बोक्नको लागि हरियो बाँसको सोला बनाईएको हुन्छ र लासलाई त्यहाँ राखिन्छ । लासको खुट्टापटि घरको ढोका र टाउको पटि जलाउन लाने तिर पारेर राखिन्छ । त्यसरी राख्दा त्यो लास बोक्न बनाईएको सोला भुँईमा नराखेर एकापटी अर्थात खुट्टापटि ओदान र टाउको पटि तामाको भाँडा माथि पर्ने गरि राखिन्छ । त्यसपछि त्यस लासलाई सेतो कपडाले बाँधि तीन वटा डोरीले घाँटी, जीउ र खुट्टामा पारेर कसिन्छ । त्यसपछि सेतो कपडा र सेतो कपडा बाहिर पहेँलो कपडाले छोपेर लामा बिधि अनुसार पुजा गरिन्छ । विषेश गरी त्यहाँ टोटलाको फुल नभई कुनै पनि कार्य हुदैन । त्यसपछि मृतकका आफन्तले पुजा गरि लासलाई दाहिने तिरबाट तीन पटक घुमेर

जहाँ लामा अगाडी डम्बरु, घण्टी बजाई हातमा दोर्जे बोकेर अगाडी लासको टाउको पटिबाट मृतकलाई बाध्न निकालिएको सेतो कपडाको डोरी तान्दै लासलाई अरु मानिसको सहयोगमा उठाएर घाट तर्फ लगिन्छ । त्यसरी ती सबै काम गर्दा शंख एककोहोरो बजाउने, दमा बजाउने गर्दछन् । लास उठाईसके पछि मलामीहरुमा सबै भन्दा अगाडीको मलामीले सेतो कपडा, धान र पैसा दोबाटोमा हाल्दै हिड्छ । त्यसपछाडी शंख, दमा बजाउने, त्यस पछाडी सेतो झण्डा र ध्वजो बोक्ने, त्यसपछी लामा लास र मलामीहरु हुन्छन् । लासलाई लादै जाँदा बाटामा पिपलको रुखमा लासलाई छुवाएर लामा मन्त्र गरिन्छ । त्यसपछि जलाउने ठाउँमा पुगेपछि मात्र लासलाई भूँईमा राखिन्छ । लासलाई कुन ठाउँमा जलाउने हो छनौट गरिन्छ । त्यसरी छनौट गर्दा अगाडी नजलाएको ठाउँ वा शुद्ध ठाउँ पारी राख्न खोजिन्छ । यसरी ठाउँ छनौट पछाडी लामाले त्यस ठाउँलाई लामा मन्त्रद्धारा घण्टी, डम्बरु बजाई हातमा दोर्जे बोकेर लास जलाउने ठाउँ स्वीकृत दिन्छन् । त्यो ठाउँ छनौट भई सके पछि लास जलाउनलाई सात तला दाउराको खात राखि सात तला माथि लासलाई राखिन्छ । लासको सबै कपडा खोली लासलाई दाउराले छोपिन्छ । दाउरा माथि लास राख्दा दाहिने तिरबाट त्यो खट (लास पोल्ने चिता) लाई लास बोकि लामा मन्त्रद्धारा तीन पटक घुमाईन्छ । मृतकका छोरा, भाई, नाता को छन् त्यसले दागबक्ति दिन्छन्, लामाले लामा मन्त्र पढ्छन् । दागबक्ति दिईसकेपछि दुईवटा बाँसको टोक्रिमा शुद्ध सफा दही र एउटामा पानि ल्याईएको हुन्छ त्यो लासको मुखमा हालिदिन्छन् । लासको साथमा एक मानो चामल पनि राखिदिन्छन् । त्यति गरेपछि खटको चार कुनामा सिमालीको हाँगा गाडिएको हुन्छ त्यहिँ चार तिर मलामीहरु आगो लगाउन चार जना नै हातमा राँको बोकेर तीन पटक घुम्दै चार कुनाबाट आगो लगाई दिन्छन्, त्यस समयमा लामा मन्त्र गर्दछन् भने शंख, घण्ट, डम्बरु, दमा बजाउने गरिन्छ । यसरी लासलाई एकातिर जलाउन थाल्छन् भने अर्का तिर लामाले बुद्धको फोटो राखेर जग्गे बनाएको ठाउँमा लामा बिधि गरिरहेका हुन्छन् । लामा बिधि गरिसकेपछि लास पनि जलिसकेको हुन्छ । त्यो जलि सकेको ठाउँमा लामा आउँछन् र लामा कर्म गर्दछन् । त्यो लासको खरानीहरु त्यहिँ ठाउँमा माटोले पुरेर मलामीहरु आ-आफ्नो ठाउँमा लाग्छन् । जो मृतकको छोरो, भाई वा काम गर्ने मानिस हो उसले चोखो गरि बस्नु पर्दछ । यसरी बस्दा पहिले कपाल खौरने चलन थियो तर अहिले धेरै जसोले खौरने नगरेको र आवश्यक पनि नरहेको केहि मलामी तथा लामा बताउँछन् । चोखो बस्ने मानिस तीन दिन सम्म जाँड, रक्सी खानु हुदैन । मलामीहरुलाई खाजाको रुपमा भनेर जाँड, रक्सी लास जलाएर फर्केपछि

बाटामा राखिएको हुन्छ । मलामीहरु सबैले खाजा खानु पर्ने अनिवार्यता गरिएको हुन्छ । जाँड, रक्सी नखानेको लागि अन्य ब्यबस्था गरिएको हुन्छ ।

अध्ययन क्षेत्रका तामाङहरुको भनाई अनुसार पहिले (एघार, बाह्र वर्ष अगाडी तिर) तामाङहरु मर्दा काटमार गरिनु पर्दथ्यो । मासु नखाई कुटुम्ब चोखिदैन थिए । ज्वाँई, चेला चोख्याउन कुखुराको डिम्बा भातमा पकाएर लास सँगै लानु पर्दथ्यो । लास जलाएर आएपछि ज्वाँई छोरीलाई मासु नदिई चोखिदैन थिए । बुढि बाख्रो काटेर खुवाउनु पर्दथ्यो । छापो टालो गरेर पैंतालिस दिन सम्म बस्दथे । छाक जुठो बार्ने चलन रहेको थियो किन हो कोनि अहिले त्यस्तो गरेको देखिदैन दोधार अवस्थामा बस्न बाध्य भएको केहि तामाङहरु बताउँछन् ।

धनेश्वर तामाङको अनुसार मलामीहरु घर फर्कदा ल्याई आएका मृतकको “अस्तु” (हाड) लाई लामाले तामाको पैसामा च्यापेर काँचो धागोले वरिपरी बेर्दछन् र घर भित्र चोखो ठाउँमा राख्दछन् । यसलाई “रुईवा” भन्दछन् । त्यस दिन देखि घेवा नगरुन्जेल घर परिवारले त्यस रुईवालाई जीवित मानिसलाई झैं विहान, वेलुका चोखो नितो गरि दैनिक रुपमा धुपबक्ति, खानपिन दिने गर्दछन् ।

### ५.३.२ घेवा

घेवा गर्ने निधो गरेपछि वुद्धको फोटो राखेर “डाजाङ” घर बनाईन्छ । तीन पाथि चामलको पाकेको भातमा घ्यु मुसेर “तोर्मा” बनाएर राखिन्छ । तोर्मा बिभिन्न आकृतिको बनाईन्छ । डाजाङ घरको दाँया भाग पटि घेवा गर्न जिम्मा लिने मुख्य लामा, बयोबृद्ध लामा वस्दछन् भने अन्य भागमा मृतकका परिवारका सदश्यहरु र उपस्थित अन्य ब्यक्तिहरु रहेका हुन्छन् । लामा पदमासनमा बसेर पढ्छन् ।

यहाँका तामाङहरुको विश्वास अनुसार मानवीय शरिर हाड, मासु, रगत, वायु र तेजले बनेको छ । सेम (दृश्य र मन) ले त्यसलाई नियन्त्रण र संचालन गर्दछ । सेमको सम्बन्ध चेतना सँग रहन्छ । त्यसलाई जीवन शक्ति भन्न सकिन्छ । सेम र शरिर (ल्ही) को सम्बन्ध शरिर र छायाँको जस्तै समानन्तर हुन्छ । त्यसले जीवनलाई अभिब्यक्त गर्दछ । ती दुईको सम्बन्ध टुट्नाले मानिसको मृत्यु हुन्छ । शरिर र जीवन शक्तिको सम्बन्ध नभए पछि मृत्यु पछि छाँया मात्र रहन्छ । यो छाँयाको चेतना हुन्छ । यो छाँया अर्को पुर्नजन्म नभएसम्म भौतारी रहन्छ । त्यसैले गर्दा लामाले दाहसंस्कार गरेर फर्कना साथ मृतकको अस्थिको

टुक्राबाट रुईवा (पुतला) बनाई बक्ति बालि एक कुनामा छाँयालाई बसाउँछ । अनि त्यो रुईवालाई घेवा सम्पन्न नगरुन्जेल जीबित मानिसलाई जस्तै बिहान बेलुका खानपिन गराउने चलन छ ।

लामाले भौतारिने छायाँलाई एक ठाउँमा बसाउने, उसको अबस्थाको जानकारी दिने र पाप मुक्ति गरेर संस्सारिक बस्तु  प्रतिको अशक्ति टुटाएर पुर्नजन्मको बाटोमा पठाउँछ वा पुस्तक पढेर छायाँलाई पुर्नजन्मको बाटोमा जाने वा बुद्धलोकमा जाने निर्देशित गर्दछ भन्ने विश्वास यहाँका तामाङहरुमा रहेको छ । लामाको बिधि युक्त प्रयासको अभाबमा उचित पुर्नजन्म सम्भब हुदैन, त्यसो भएमा छायाँ खराब प्रेत आत्मामा बदलिन्छ । त्यसैले नै लामाहरु पापबाट वा संस्सारिक वस्तु प्रतिको आशक्तिबाट छायाँलाई अलग गरेर मुक्ति दिलाउन ग्राला (ता ) ग्रोल (ति) गर्दछन् (धनेश्वर तामाङ सँग अर्न्तवार्तामा आधारित) ।

मादी राम्वेनी गाविसका तामाङहरुको भनाई अनुसार हिन्दुहरुको जस्तो तेह्र दिन भित्र नै काम सिध्याउनु पर्ने अनिवार्य हुदैन तर तीन दिनको सानो काम गरिव, धनि सबैले अनिवार्य रुपमा गर्नु पर्दछ जुन भ्याउने दिन पारेर गर्ने गर्दछन् । त्यसपछिको हिन्दुहरुको पैंतालीस दिनमा गरिने काम जस्तो उनन्चास दिनमा ठूलो काम भनि गर्ने गर्दछन् । आजभोलि सजिलोको लागि भ्याएको दिनमा गर्ने चलन बढेको छ । यहाँका तामाङहरुका अनुसार घेवा निम्न चार किसिमको हुन्छ ।

घेवा

यो लगातार अठार घण्टा पढ्नु पर्ने हुन्छ । त्यसैले दुई दिन एकरात लाग्न सक्छ । यो पढ्ने काम लामाद्धारा हुन्छ ।

धुईपा

यसमा बाह्र घण्टा जति लाग्छ तर कर्मकाण्डीय एवं रीमठीमले गर्दा विहान लामाद्धारा थालेपछि भोलिपल्ट विहान सम्ममा सकिन्छ ।

डिङपा

यो पढ्ने काम सवभन्दा छोटो हुन्छ । यो कार्य लामाहरुद्धारा तीन घण्टा जतिको हुन्छ र यसलाई एक विहाने घेवा पनि भनिन्छ ।

सो घेवा

सन्तान नभएका ब्यक्तिले साधारणतया आफु मर्नु भन्दा पहिले नै यो सो घेवा गर्ने गर्दछन् । यो घेवामा अरु सवै कर्मकाण्डहरु अरु तीन घेवामा गर्ने जस्तै तरिकाले गर्ने गरिन्छ । यसमा खाली “मीनज्याङ” (नाम पोल्ने) पोल्ने कार्य मात्र बाँकी राखिएको हुन्छ ।

यी माथिका चार वटा सवै घेवाहरु लामो वा छोटो जे भएता पनि धार्मिक सार भने एउटै भएको यहाँका तामाङहरु बताउँछन् । यी घेवाहरु गर्दा निम्न प्रक्रियाहरु अपनाउनु पर्ने लामा धनेश्वर तामाङ बताउँछन् ।

**(क) थुन्दा सोर्सी**

यो थुन्दा सोर्सी घेवाको एउटा महत्वपूर्ण अंग हो । यसमा मृतकको कुल कुटुम्ब, ईष्टमित्रहरले टपरीमा चामल र पैसा दिएर मृतकलाई विदाई गर्दछन् । यो घेवाको अन्त्यतिर गरिन्छ । यो अत्यन्त कारुणिक हुन्छ । यो थुन्दा सोर्सी गर्दा मृतकको कपडाको पुत्ला वा लोग्ने मान्छे मरेको भए लोग्ने मानिस जस्तै वा स्वास्नी मानिस मरेको भए स्वास्नी मानिस जस्तै पुत्ला बनाईन्छ र त्यसलाई तामाको भाँडोमा राखिन्छ । त्यसरी राखेपछि त्यसलाई धुर” भन्ने गर्दछन् । धुरको छेउमा ज्वाँई एक हातमा थाप्ने भाँडो लिएर बसेको हुन्छ । त्यहाँ एक एक गरेर कुल कुटुम्बका सदश्यहरु तथा इष्टमित्रहरु चामल पैसा लिएर जान्छन् । त्यसपछि त्यसरी लगिएको चामल पैसा ज्वाँईको हातमा भएको भाँडोमा हालिदिन्छन् । त्यस पछि लामाले उपहार दिनेहरुको वा नातेदारहरुको नाम मृतक सँगको उसको नाता बताएर अमुक ब्यक्तिले मर्त्यलोकबाट अमिताभ बुद्धको लोकमा तिमिलाई जानको लागि बाटो खर्च दिएको छ, ग्रहण गर भन्ने बार्ता गर्दछन् । यसको अलावा विबाहित दिदि बहिनीहरुले पकाएर ल्याएका जीउँदो हुँदा खाने सबै खाने कुराहरु पनि धुरलाई चढाईदिने गर्दछन् । यसलाई अनतिम बिदाई भोज भनिन्छ । यो क्रम नाता गोताका सबै सदश्यहरुको पालो नसकुन्जेल सम्म चल्दछ । यो चढाउँदा बार्ता तामाङ भाषामा नै गर्ने गरिन्छ । यसरी लामा मार्फत मृतकको सामाजिक (मृत्यु) अन्त्य हुन्छ । यसमा ज्वाँईको भूमिका महत्वपूर्ण हुन्छ । यसपछि अन्त्यमा धुरलाई संस्कार गर्न टाढा लगिन्छ । मृतक स्वास्नी मानिस रहेछ भने लोग्नेले उनको माईतीको हातमा धुर दिन्छन् र माईतीले त्यसलाई बुझाएपछि मात्र धुरको बिसर्जन गरिन्छ ।

**(ख) मीनज्याङ पोल्ने (पुत्ला पोल्ने)**

यो घेवाको अन्तिम महत्वपूर्ण कार्य मीनज्याङ पोल्नु हो । यसमा मृतकको नाम लेखेको कागजको झण्डा (पुत्ला) बनाईन्छ । त्यो पुत्लालाई तीन कुने माटोको ढिकुरो माथि छेस्को गाडेर झण्डा जसरी राखिन्छ । त्यहाँ छेउमा “रुईवा” पनि राखिएको हुन्छ । यसलाई नाम पोल्ने पनि भनिन्छ । यो पुत्ला मृतकको परिवारले लामाको हातमा सुम्पन्छ । लामाको हातमा आएपछि लामाले धार्मिक बिधि अनुरुप जलाउने काम गर्दछन् । त्यो जलेर खरानी हुँदा हावाले उड्ने गरि खेलाची गर्नु हुदैन यदी उडेर अन्यन्त्र गएमा पछि वायु आउने र परिवारमा दुःख दिने विश्वास गरिन्छ । यसरी पोल्नु भन्दा पहिले अनतिम बिदाई बापत “स्यावा” गरिन्छ । यदि मृत व्यक्ति स्वास्नी मानिस रहेछ भने उनको दाजु भाई, बाबु माईतीलाई डाजाङ मा डाकिन्छ र भनिन्छ तामाङको दस्तुर अनुसार चारदाम गर्दा विहेमा बाचुन्जेल हाड बाँकी राखि सगत मासुको शरिर मात्र दिनु भएको थियो त्यसैले तपाँईको चेलीको हाड र नाम लेखेको पुत्ला र माटोको ढिकुरा तपाँई माईतीको हातमा राखि दिएका छौ । आफ्नो चेलीलाई स्विकार गरिदिनु हवस् भनि नमस्कार गर्दछन् । त्यसपछि आफ्नो चेलीको प्रतिक स्वरुप ज्वाँईले दिएको “पुत्ला र माटोको ढिकुरा” थापि माईती भन्छन्, “मृत चेलीको सुख र शान्तिको बाटो देखाउन सक्ने यी सबै शक्तिहरु तपाँई लामासँग भएकाले यो मेरो चेलीको प्रतिक कागजको पुत्ला र शरिररुपी माटोको ढिकुरो तपाँई लामा कै हातमा चढाउँछु भनि दुवै चिज लामाको हातमा सुमपिदिन्छन् । लामाले हातमा आएको मीनज्याङलाई जलाएपछि वास्तबमा घेवाको अन्त्य हुन्छ । यसरी उसका कुल कुटुम्ब, नातागोता, परिवार सबै सँग सम्बन्ध विच्छेद भएको मानिन्छ । मादी राम्वेनीका तामाङहरुको अनुसार यसरी घेवा भएको दिन वा उनन्चास दिनको घेवाबाट मृतकले स्वर्गलोकमा जन्म लिन्छ भन्ने विश्वास राख्दछन् ।

यदि तामाङले विवाह गरेको तर वच्चा राखिएको स्त्री वा गैर तामाङको मीनज्याङ पोल्नु पर्दा कुनै ब्यक्तिलाई मृत स्त्रीको माईती बनाईन्छ र चारदाम ठिम, गरि कुटुम्ब कुलमा चढाईन्छ र मीनज्याङ उक्त कृतिम माईतीको हातबाट लामालाई सुमपिन्छ । अनि मात्र मीनज्याङ पोल्ने कार्य हुन्छ । स्वास्नी मानिसको मीनज्याङ पोल्नु भन्दा पहिले सर्वप्रथम अघि विवाहको समयमा माईतीले आफ्नो चेलीको हाड ज्वाँईलाई नदिएको हुँदा ज्वाँईले मृत स्वास्नीको हाडको टुक्रा र धुर उनको माईतीको हातमा सुमपिनु पर्दछ । यसरी सुम्पन्नलाई

मृतकको पुत्ला "धुर" निर्माण गरि साथमा माना चामल, माना रक्सी र रुपयाँ एक राख्नु पर्दछ । यो पुत्ला बनाउनेलाई "कोङगेर" भनिन्छ । ती मृतक स्वास्नीको धुर माईतीलाई बुझाउने गरिन्छ । यसरी हाड बुझाउँदा मृतकका लोग्नेले, तपाँईको चेलीको सुनको हाडको नासो ममा थियो यो बुझि लिनु हवस् भनि माईतीको हातमा दिन्छन् । यसपछि माईतीले पनि बुद्धलोकमा पुर्याउने शाष्त्रको ज्ञान लामासँग भएकोले आफ्नो चेलीलाई बुद्धलोकमा पुर्याई दिनु होला भन्ने अनुरोध गर्दै लामाको हातमा दिन्छन् । त्यसपछि मात्र लामाले विधि अनुरुप "मीनज्याङ" पोल्छन् ।

### (ग) म्हाने (बौद्ध चैत्य)

मादी राम्वेनी गाविसका तामाङहरु कसै-कसैले घेवा पछाडी मृतकको नाममा भन्ज्याङ अथवा मानिस आवत जावत गर्ने बाटोको छेउमा म्हाने चौतारी, पाटी बनाउने गर्दछन् । म्हाने बनाउँदा लामाद्धारा ह्राप्ने गराउँछन् । ह्राप्नेको अन्त्यमा लामाद्धारा लामा नाच नाचिन्छ । त्यस्ता म्हाने वा चौतारीमा बुद्ध तथा बोधिसत्वको चित्र ढुङ्गामा कुँदेर भित्तामा राख्ने चलन छ । यसो गरेमा सबैलाई धर्म लाभ हुन्छ भन्ने विश्वास गरिन्छ । यहाँका तामाङ बुद्धिजिवीहरुका अनुशार यो म्हाने बनाउने चलन भने अहिले कसैले गरेको देखिदैन र भएका म्हानेहरु पनि जीर्ण अवस्थामा रहेको बताउँछन् ।

### (घ) दान दक्षिणा

मादी राम्वेनी गाविसका तामाङहरुले बताए अनुसार मृतकको घेवा सम्पन्न गर्नुको साथै मृतकले भविश्यमा खान लाउन पाओस् भनि लामालाई दान दक्षिणा गर्दछन् । मृतकको परिवारको अवस्था अनुशार कसैले मृतक स्वास्नी मानिस भए महिलाले लगाउने कपडा, पहिरन र मृतक पुरुष भए पुरुषले लगाउने पहिरन र अन्य आबश्यक सामानहरु दिने गर्दछन् । हिजो आज भने कसै कसैले रुपयाँ, पैशा र खादा पनि चढाउँने गर्दछन् ।

### (ङ) खेप्पासुङ

खेप्पासुङमा पितृहरुलाई सम्झेर पुजा गरिन्छ । ब्राम्हण, क्षेत्रीहरुले श्राद्ध गरेझैं यहाँका तामाङहरुमा पनि खेप्पासुङ प्रत्येक वर्ष नौ रथ भित्र गर्ने चलन रहेको छ । यस पितृ पुजामा कुखुराको भालेको भोग पनि दिन्छन् । यहाँका तामाङहरुका अनुशार कुनै कुनै तामाङ परिवारहरुले कुखुराको भोग दिन छोडेका छन् । कुखुराको भोग कुल देवतालाई दिईन्छ भने

मुटु कलेजो पोलेर पितृहरुलाई सेरगेम (चढाउने) गरिन्छ । त्यस्तै घ्यु र भात मुसेर तोर्माहरु बनाईन्छ र कुखुराको फुल, सिन्दुर, सुपारी, दियो, बक्ति, धुप, टोटलाको फुल, कलस, तीतेपाती, (घर शुद्ध गर्नको लागि) आदि सामग्रीहरु चाहिन्छ । यस अध्ययन क्षेत्रका तामाङहरु खेप्पासुङ (पितृ पुजा) गरेर घरको रक्षा, सुशान्ति हुने विश्वास गर्दछन् ।

## अध्याय- छ

## संस्कारमा आएको परिवर्तन र यसका कारणहरु

## (Change in Rituals and it's Causes)

मादी राम्वेनी गाउँ विकास समितिमा (अध्ययन क्षेत्रमा) भएका तामाङ जातिहरुले आफ्नो परम्परागत रुपमा जसरी जीवनलाई अगाडी बढाउन जन्म अवस्था देखि मृत्यु अबस्था सम्म निश्चित तौर तरिका अनुसार संस्कारहरु गर्दै आएका थिए, ती संस्कार गर्ने तरिकामा अहिले फरकपनाहरु देखिन थालेको पाईन्छ । समाज सधै एउटै अवस्थामा रहिरहन सक्दैन यो परिवर्तनसिल छ । समाजमा आउने परिवर्तनले त्यसै समाजमा भएको तामाङ जातिहरुको  संस्कारहरुमा परिवर्तन आउनु नियमित एवं स्वभाविक प्रक्रिया पनि हो । यसरी परिवर्तन आउँदा बिभिन्न कारणहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्ययन क्षेत्रका तामाङ जातिहरुको सामाजिक संस्कारमा आएको परिवर्तन र त्यसका कारणहरु निम्न पाईएको छ ।

### **६.१ गर्भ संस्कारमा आएको परिवर्तन** (Change in Pregnancy Rituals)

यहाँका तामाङहरुमा आमाको गर्भमा वच्चा भएको समयमा अर्थात गर्भवति महिलाहरुले डरलाग्दा दृष्यहरु हेर्न नहुने मान्यतालाई र गर्भको वच्चाको पिताले पनि काटमार गर्न नहुने भन्ने विश्वासलाई रुढिबादी र अन्धविश्वास हो भन्ने चेतनाको कारणले काटमार गर्न थालेको उदाहरणहरु पाउन थालिएको छ । गर्भवति महिला पनि स्वास्थ्य चेतनाको कारणले बच्चा खेर गएको रहेछ भने लामा वा झाँक्रीकोमा जाने प्रचलनमा कमि र स्वास्थ्यको लागि नियमित रुपमा स्वास्थ्य जाँच गराउन स्वास्थ्य संस्थाहरुमा जान थालेको पाईन्छ । जुन प्रचलन अहिले पहिलाको भन्दा तिब्र रुपमा पाईन्छ ।

### **६.२ न्वरानमा आएको परिवर्तन** (Change in Nwaran)

यहाँका तामाङहरु शुद्धिकरणका लागि बिभिन्न बिधीहरुद्धारा न्वरान संस्कार गर्दछन् । यसरी न्वरान संस्कार गर्दा लामाले लामा बिधिद्धारा राख्ने नाम (आईतवार जन्मदा आईते) अहिले आएर आधुनिकीकरणको प्रभावको कारणले आठ, नौ वर्ष अगाडी देखि आधुनिक नामहरु (बिवेक, राकेश, आदि) राख्ने प्रचलन बढेर गएको पाईन्छ । न्वरान गर्दा बोलाईने चेली, माईती, मावली, आफन्तलाई निम्ता गर्ने प्रचलनमा आधुनिकीकरणको कारणले कमि

आउँदै गरेको र बोलाईएका आफन्त वा पाहुनाहरु पनि पहिले भन्दा कम नै उपस्थित हुने गरेको पाईन्छ । न्वरानमा आएका निम्तालुहरुलाई स्थानीय रक्सी, जाँडका साथै विश्वव्यबस्थाको प्रभावको कारण अरुलाई खाफू ठुलो देखाउन भएपनि चार, पाँच वर्ष अगाडी देखि कुनै कुनै तामाङ परिवारले वियरलाई महत्व दिन थालेको पाईन्छ । न्वरान संस्कार गर्दा बोम्बोलाई भन्दा पनि संस्कारमा शुद्धता ल्याउन भनेर लामालाई नै बोलाएर गर्ने चलन बढेको पाईन्छ । न्वरान गर्न व्यक्तिलाई जुन दिन अनुकुल पर्दछ भ्याइएको दिन गरौ न भन्ने उदासिनपनाको कारणले गर्दा तथा समयको कारणले गर्दा जुन दिन अनुकुल पर्दछ, समयलाई ध्यानमा राखेर गर्न थालेको पाईन्छ । न्वरानको दिन लामाले बच्चालाई डाहा, वायू, भूतप्रेत, आदिबाट बचाउन राखिएको बच्चाको घाँटीमा र नाडीमा धागो राख्ने विश्वास अर्थहिन र अन्धविश्वास हो भन्ने युवा पिँढीहरुमा आएको ज्ञानको विकासको कारण क्रमसः घट्दै गएको पाईन्छ । कतिपय तामाङ परिवारमा यो धागो नलगाउने गरेको समेत पाईन्छ । यसरी न्वरान संस्कारमा परिवर्तन देखिन थालेको पाईन्छ ।

## **६.३ पास्नीमा आएको परिवर्तन** (Change in Pasni)

यहाँका तामाङहरुले पहिले बिधि पुर्बक पास्नी गर्ने गर्दथे । अहिले विगत आठ, नौ वर्ष अगाडी देखि लामा थोरै मात्र भएर नभ्याउने हुँदा तथा युवा पिँढीहरु बिभिन्न बिधि तथा प्रक्रियाहरुमा मतलव नगर्ने उदासिपनको कारण न्वरान कै दिनमा नै पास्नी गर्ने गरेको बताउँछन् । यसरी पास्नी गर्दा न्वरानको दिन सामान्य रुपमा नै वच्चाको मुखमा जुठो लगाई दिएर पास्नी सक्ने गरिएको यहाँका तामाङ जातिहरु बताउँछन् ।

## **६.४ छेवरमा आएको परिवर्तन** (Change in chhewar)

छेवर संस्कारको लागि मामाको भूमिका महत्वपूर्ण रहेको छ । छेवर गर्नु अगाडी वालकको कपाल नकाट्ने गरेको पाईएता पनि केटाकेटी स्कुल भर्ना गर्नु पर्ने भएको कारणले छेवर अगाडी पनि कसै कसैले कपाल काटिदिने गरेको पाईन थालेको छ । शिक्षा तथा चेतनाको कारण संस्कारलाई सजिलो र व्यबहारिक बनाउनको लागि छेवर गर्ने टुङ्गो लागेपछि मामालाई लगिने सगुनमा र मामाले पनि भाञ्जाको छेवरका लागि ल्याउनु पर्ने खड्कुलो, गाग्रो नल्याउने गरेको पाईन्छ । मामा, भाञ्जाको घरमा आईपुग्दा बन्दुक पड्काउने चलन र डम्फुरे गीत गाउने प्रचलनमा आधुनिकीकरणको प्रभावको कारण कमि आउँदै गरेको पाईन्छ । तिनीहरुको ठाउँमा विश्वव्यापीकरणको कारण सीडी मार्फत गीत

बजाउने प्रचलन बढ्न थालेको छ । छेवर गर्दा बालिने दियोको छेउमा मासु राख्ने चलन बौद्ध धर्मलाई शुद्धता ल्याउने कारणले अहिले हटेर सेल रोटी, वाबर राख्ने चलन देखिएको छ । छेवरमा कसै कसैले पहिले टिका रातो लगाउँथे भने अहिले सेतो टिका लगाउँछन् । यसरी सेतो टिका लगाउनु र मासु नराख्नुको कारण यहाँका तामाङ जातिहरु बुद्ध धर्म मान्ने भएको र बौद्ध धर्मको चेतनाको कारणले आफ्नो धार्मिक संस्कार गर्ने तरिकामा शुद्धता ल्याउँदै गरेको यहाँका तामाङहरु बताउँछन् । यसरी यस अध्ययन क्षेत्रमा छेवर संस्कारमा परिवर्तन आउँदै गरेको पाईन्छ ।

### **६.५ गुन्युचोलो दिनेमा आएको परिवर्तन** (Change in Gunyucholo dine)

यहाँका तामाङ जातिहरुले धेरै समय अगाडी मात्र छोरी चेलीलाई गुन्यू चोली दिने संस्कार रहेको सुन्ने गरेको पाईएकोले अहिले यस तामाङ जातिमा यो संस्कार नै गर्न छोडेको पाईन्छ । यो संस्कार यसरी गर्न छोड्नुको कारण महिलाहरुले एकै चोटी विवाह गर्दा भै हाल्छ नी, अर्काकोमा जाने जात नगर्दा केहि हुदैन भनेर छोडेको होला, हामिले त यो गर्नु पर्छ भनेको सुनेको तर नदेखेको  भनि अहिलेका बृद्ध तामाङ महिलाहरु तथा जानिफकारहरु बताउँछन् । यसरी यो संस्कार गर्न चासो वा वास्तै नगरेको उदासिपनाको कारणले हटेर गएको पाईन्छ ।

### **६.६ विवाहमा आएको परिवर्तन** (Change in Marriage)

यस अध्ययन क्षेत्र मादी राम्वेनी गाउँ विकास समितिमा रहेका तामाङ जातिहरुको विवाह संस्कारमा परिवर्तन आएको पाईन्छ । यहाँ अधिकाम्स विवाहहरु मागी नै हुने गरेको भए पनि लमिको आवश्यकता भने अहिले पर्दैन । अहिले प्रेम र मागी मिश्रित प्रकारको विवाह बढि मात्रामा गरेको पाईन्छ । लमिको आवश्कता नपर्ने र मिश्रित प्रकारको विवाह गर्नुको कारण संञ्चार सेवामा भएको विकास तथा आधुनिकताको प्रभावको कारणले गर्दा केटाकेटीहरु एक आपसमा माया प्रितिमा बसेर आफ्नो परिवारलाई जानकारी गराई प्रेम विवाह गर्ने चलनमा तिब्रता आउँदै गरेकोले हो । मागी विवाह खर्चिलो र झन्झटिलो भएकोले पनि प्रेम विवाह बढेको पाईन्छ । यसरी माया प्रितिमा बाँधिदा पहिले मेला पात जात्रा आदिमा डम्फु गीत गाउने, जुहारी खेल्ने, नाच्ने गर्दथे भने अहिले आएर स्कुल, क्याम्पस, बाटो, घाटो, शहर बजार र फोन सम्पर्कको माध्यमबाट माया प्रितिमा गाँसिन पुगेको पाईन्छ । डम्फुरे गीत, जुवारी तथा परम्परागत भेषभुषा, बाजागाजा, पोशाकका

ठाउँमा आधुनिकीकरण र विश्वब्यबस्थाको प्रभावको कारण चलचित्रहरु हेर्न जाने, त्यसै अनुसार नक्कल गर्ने गरेको पाईन्छ ।

यहाँका तामाङ जातिहरुमा कसै कसैले जारी विवाह, विधवा र विदुर विवाह, मामा चेला फुपु चेली विवाह चलाउँने गर्दथे तर अहिले आएर शिक्षा तथा जातीय चेतनाले गर्दा कसैले पनि गर्ने नगरेको यहाँका तामाङ बुढापाकाहरु बताउँछन् । यहाँका तामाङ जातिहरु अर्न्तजातीय विवाहलाई नराम्रो मानेतापनि बौद्ध धर्मको चेतनामा बृद्धि भएको कारणले गर्दा केहि मात्रामा भए पनि अर्न्तजातीय विवाहलाई स्विकार्न थालेको पाईन्छ । बर्तमान युवायुवतिहरु बिभिन्न स्थानमा हुने सम्पर्क आदिले गर्दा आफ्नो जात भनेर नछुट्याई जुन सुकै जातमा पनि विवाह गर्न थालेको पाईन्छ । यसरी अन्य जात सँग विवाह गर्नु पर्दा त्यो विवाहित जोडीलाई छुट्टै र अलग्गै राख्ने चलनमा परिवर्तन आएर कुन जातकी केटी हो त्यो केटीको स्वयंम बावु, माईती नराखी काल्पनिक तामाङको बावु आमा राखेर केटीलाई तामाङ कुटुम्ब थर प्रदान गरि विवाह गर्ने चलन (यहाँका कतिपय तामाङहरु यो चलन मान्न तयार नभए पनि लामाले तामाङ घेदुङ्ग संघले भने अनुसार गर्न थालेकोले बाध्यतामा परेका छन्) दुई, चार वर्ष अगाडी देखि देखिन थालेको छ । यस अध्ययन क्षेत्रमा शिव पौडेल (काल्पनिक नाम) की छोरी अनिता पौडेल (काल्पनिक नाम) लाई तामाङको बिधि विधान गरेर काल्पनिक बाबु भिम बहादुर तामाङ (काल्पनिक नाम) को छोरी अनिता तामाङ बनाई उक्त काल्पनिक बाबु भिम बहादुर तामाङ बाबु माईती भएर तामाङ केटा विर बहादुर तामाङ (काल्पनिक नाम) र अनिता तामाङको बिचमा विवाह गरिएको छ । त्यसरी अर्को थर परिवर्तन गर्ने प्रचलन तामाङ घेदुङ्ग संघको प्रभावले गर्दा भएको अध्ययन क्षेत्रका बुढापाकाहरु बताउँछन् । यसरी यहाँका तामाङ जातिहरुमा विवाह संस्कारमा परिवर्तन आउन थालेको पाईन्छ ।

### ६.७ मृत्युमा आएको परिवर्तन (Change in Death)

अध्ययन क्षेत्रमा भएका तामाङ जातिहरुका अनुसार मृत्यु संस्कार तामाङ जातिको एउटा महत्वपूर्ण सामाजिक संस्कार हो । यो संस्कार गर्ने तरिकामा अहिले ठूलो परिवर्तन आएको पाईन्छ । पहिले अर्थात एघार, बाह्र वर्ष भन्दा अगाडी कसैको मृत्यु भएमा छोरा वा काम गर्ने मानिसले कपाल खौरन पर्दथ्यो । नुन तेल बार्नु पर्दथ्यो । छापो टालो गरेर पैंतालिस दिन सम्म बस्नु पर्दथ्यो । मान्छे मरेर डाडाँमा जलाउन लगेपछि ज्वाँई चेलालाई

चोख्याउन कुखुराको डिम्मा, भातमा पकाएर लास सँगै लानु पर्दथ्यो । लास जलाएर फर्केर आएपछि बुढि बाखो काटेर ज्वाई छोरीलाई चोख्याउन अनिवार्य खुवाउनु पर्दथ्यो तर अहिले आएर तामाङ जातिले संस्कारमा शुद्धता ल्याउन तामाङ घेदुङ्ग संघको प्रभावको कारणले कपाल काटेर छापो टालो गरेर बस्नु पर्दैन, कपाल खौरन नपर्ने, नुन तेल बार्नु नपर्ने, बाखो काटेर खुवाउनु नपर्ने, जस्ता क्रियाकलापहरु गर्न थालेको पाईन्छ । संस्कारमा लामाको भूमिका महत्वपूर्ण भएकाले पहिले जे जसरी संस्कार गर्ने भएपनि लामाले अहिले आएर तामाङ घेदुङ्गले भने अनुसार नै तामाङ संस्कार गर्ने गरेको पाईन्छ । जसले गर्दा यस गाविसको तामाङ जातिहरुमा पहिले गर्ने संस्कार र अहिले गर्ने संस्कारमा दुबिधा देखिएको पाईन्छ । जसले गर्दा कोहि रातो टिका लगाउने, कोहि नलगाउने कोहि काटमार गर्ने, कोहि नगर्ने अबस्था देखिएको छ । यसरी अहिले मृत्यु संस्कारमा परिवर्तन आएको पाईन्छ । त्यस्तै मृत्यु संस्कार छिटो र सजिलोका लागि एक दिनमा नै सक्ने प्रचलन आएको पाईन्छ ।

यहाँका तामाङहरु मृतकको नाममा कुनै डाँडा, भन्ज्याङ्ग वा मानिस आवत जावत गर्ने जुन सुकै ठाउँमा म्हाने गुम्बा बनाउँने गर्दथे । अहिले आएर यस्तो बनाउँने काममा अनाबस्यक खर्च हो भनेर वा खर्चको अभावले बनाउँदा के पो पाईने हो ? भन्ने उदासिन पनाको कारण कसैले पनि बनाउने नगरेको र बनाउँदा पनि बाटामा फलैंचा बनाउन थालेको पाईन्छ । पहिले बनाईएका म्हाने, गुम्बाहरु भने भतकिन थालेको अर्थात जीर्ण अवस्थामा पुगेको देखिन्छ । यसबाट अबका पुस्ताहरुले म्हाने गुम्बा बनाउनु पर्ने आफ्नो संस्कार नै थाहा नपाउने अबस्था सृजना भएको देखिन्छ । यसरी मृत्यु संस्कार गर्ने तरिकामा यहाँका तामाङ जातिहरुमा परिवर्तन देखिन थालेको छ ।

## अध्याय-सात

## सारांश र निष्कर्ष (Summary and Conclusion)

### ७.१ सारांश र निष्कर्ष (Summary and Conclusion)

प्रस्तुत शोधपत्रलाई जम्मा सात अध्यायमा बिभाजन गरि अध्ययन गरिएको छ । अध्याय एकमा परिचय, समस्याको कथन, उद्देश्य र महत्वको बारेमा चर्चा गरिएको छ । अध्याय दुईमा सन्दर्भ साहित्यको पुनरावलोकन गर्ने क्रममा संस्कार सम्बन्धि अध्ययन गरिएका तामाङ सम्बन्धि सामग्रीहरुको बारेमा चर्चा गरिएको छ । अध्याय तीनमा अनुसन्धान बिधिको बारेमा उल्लेख गरिएको छ । अध्याय चार अध्ययन क्षेत्रको परिचयमा अध्ययन क्षेत्रको बारेमा र संम्लग्न गरेर ल्याईएको तथ्य तथ्याङ्कहरु साथै अध्ययनरत तामाङ जातिहरुको बिभिन्न पक्षहरुको बारेमा ब्याख्या र विश्लेषण गरिएको छ । अध्याय पाँचमा तामाङ जातिले गर्ने गरेका संस्कारहरु र ती संस्कारहरु गर्ने तरिका बारे ब्याख्या र विश्लेषण गरिएको छ । अध्याय छ मा तामाङ संस्कारमा आएको परिवर्तन र त्यसका कारणहरुबारे प्रकाश पारिएको छ । अध्याय सातमा सारांश र निष्कर्षलाई राखिएको छ ।

तामाङ जाति नेपालका विभिन्न जातिहरु मध्ये एक महत्वपूर्ण प्राचिन जाति हो । यी जातिहरु अन्य जातिहरुको भन्दा फरक किसिमको सामाजिक संस्कार गर्ने तरिकाहरु रहेको छ । जस मध्ये संखुवासभा जिल्लाको मादी राम्वेनी गाविसमा वसोवास गर्ने तामाङ जातिहरुको सामाजिक संस्कार गर्ने तरिका र त्यसमा आएको परिवर्तन र कारणहरु पत्ता लगाउने यस शोध पत्रको उद्देश्य रहेको छ । यी उद्देश्यहरु पुरा गर्नको लागि सिमित स्रोत, साधन र समयलाई मध्यनजर राख्दै यस मादी राम्वेनी गाविसमा बसोवास गर्ने समग्र २०२ तामाङ घरधुरीहरु मध्ये सबै वडाहरुको २५ प्रतिशत पर्ने गरि ५३ वटा तामाङ घरधुरीहरु नमुनाको रुपमा छनौट गरी, त्यस देखि बाहेक तामाङ बुढापाका, लामा तथा जानिफकार ब्यक्तिहरु सँग अर्न्तवार्ता, छलफल र अवलोकन गरि प्राथमिक र द्वितीय दुवै स्रोत प्रयोग गरेर आबश्यक तथ्य, तथ्याङ्कहरु सङ्कलन गरिएको छ ।

यस अध्ययन क्षेत्रमा रहेका तामाङ जातिहरुले आफ्नो जन्म संस्कारमा गर्भको रक्षा, र न्वरान, कर्म संस्कारमा पास्नी, छेवर र विवाह, मृत्यु संस्कारमा दाह संस्कार र घेवा गर्ने गर्दछन् । यसरी गर्दै आएका संस्कारहरुमा परिवर्तन देखिन थालेको पाईन्छ । यसरी संस्कारमा आएको परिवर्तनले यहाँका तामाङ जातिहरुको आफ्नो जातीय संस्कारहरुमा

केहिमा सकरात्मक प्रभाव पारेको पाईन्छ भने कुनै संस्कारहरुमा नकरात्मक प्रभाव पनि पारेको पाईन्छ ।

गर्भ संस्कारमा गर्भवति महिलालाई लामा वा झाँक्रिकोमा लाने प्रचलनमा कमि आउँदै स्वास्थ्य चेतनाको कारण स्वास्थ्य संस्थामा लाने चलनमा तिब्रता आउँदै गरेको पाईन्छ । गर्भको अवस्थामा शिशु राम्रो होस् भन्नको लागि दोभाङ ग्रन्थ पढाउने गर्दछन् । वच्चाको न्वरान पाँच, सात, एघार कुन दिन अनुकुल पर्दछ लामा, बोम्बो मध्ये कसैलाई बोलाएर गर्ने गरेको भएपनि अहिले आएर संस्कारमा शुद्धता ल्याउने भन्दै लामालाई बढि लगाउन थालेको पाईन्छ । लामालाई न्वरान सम्पन्न गर्न निम्तो दिने प्रचलन छ । लामा वच्चा जन्मेको घरमा साईत हेरेर न्वरान गर्न आउँछन् । यसरी लामाले लामा बिधि गर्दै वच्चाको नाम ज्योतिष शाष्त्रका आधारमा वार, नक्षत्र, विचार गरि राख्ने प्रचलन (आईतवार जन्मदा आईते) मा आधुनिकीकरणको प्रभावको कारण परिवर्तन आई आठ, नौ वर्ष अगाडी देखि आधुनिक नामहरु (बिवेक, राकेश) राखिदिन थालेको पाईन्छ । न्वारनमा निम्तालुहरुलाई आफु ठुलो देखाउन कसै कसैले चार, पाँच वर्ष अगाडी देखि विश्वब्यवस्थाको कारण वियर प्रयोग गर्न थालेका छन् । यो न्वरान मुख्य शुद्धिकरण र नामाकरणको लागि नै गरिन्छ ।

यहाँका तामाङहरु छोराको पास्नी छ महिना र छोरीको पास्नी पाँच महिनामा गर्ने गरेको पाईएता पनि अहिले आठ, नौ वर्ष अगाडी देखि आएर लामाले नभ्याउने तथा युवा पिँढीहरुले चासो नदिने उदासिपनाको कारणले गर्दा परिवर्तन आई न्वरान कै दिनमा सामान्य रुपमा मुखमा जुठो लगाई दिएर पास्नी गर्ने गर्दछन् । यस जातिमा पास्नी गरेपछि छोराको लागि तीन, पाँच, सात विजोड वर्ष पारेर छेवर गर्ने गर्दछन् । छेवर नगरुन्जेल कपाल नकाट्ने हुँदा छेवरको दिन विभिन्न प्रक्रिया पुर्याएर मामालाई अनिवार्य डाकेर भाञ्जाको कपाल काट्ने गरिन्छ । छेवरको टुङ्गो लागेपछि लामाद्धारा साईत हेराएर कपाल काटिन्छ तर अहिले आएर कतिपपय तामाङ परिवारले केटाकेटीलाई स्कुल भर्ना गर्नु पर्ने भएकोले अगाडी नै कपाल काट्ने गरेको पाईन्छ । कपाल काट्दा मामाले भाञ्जालाइ ल्याउनु पर्ने खड्कुलो, गाग्रो र मामालाई बोलाउन लगिने सगुनमा शिक्षा तथा चेतनाको कारण ब्यबहारिक रुपमा सजिलो गरि ल्याउन सकिने सामान मात्र ल्याउन थालेको पाईन्छ । मामाले भाञ्जालाई पहिले रातो टिका लगाउँने गर्दथे, अहिले आएर जातीय शुद्धता ल्याउने भन्दै सेतो टिका लगाई दिन्छन् । मामा, भाञ्जाको घरमा आईपुग्दा बन्दुक पड्काउने र

डम्फुरे गीत गाउँने प्रचलनमा आधुनिकीकरणको प्रभावको कारण कमि आउँदै तिनीहरुको ठाउँमा विश्वव्यापीकरणको कारण सीडी मार्फत गीत बजाउने प्रचलन बढ्न थालेको छ । छोरीको लागि भने गुन्यु चोली दिने चलन यस अध्ययन क्षेत्रमा अहिले पाईदैन ।

अध्ययन क्षेत्रका तामाङ जातिहरुमा मागी विवाह, प्रेम तथा चोरी विवाह, जारी विवाह, मामा चेला फुपु चेली विवाह, विधवा र सट्टा विवाह गर्ने गरेको पाईएता पनि अहिले आएर शिक्षा तथा जातिय चेतनाले जारी विवाह, मामा चेला फुपु चेली विवाह, विधवा र सट्टा विवाह गर्ने प्रचलन रहेको पाईदैन । अधिकाम्स विवाहहरु मागी नै रहने गरेको भएपनि क्याम्पस, बाटोघाटो, शहर बजार, फोन सम्पर्क, आधुनिकरण आदिको कारण प्रेम गरी प्रेम र मागी मिश्रित विवाह गर्ने चलन तिब्र रुपमा बढ्दै गएको पाईन्छ । यहाँका तामाङ जातिहरुमा जुन सुकै विवाह गर्ने भए पनि एकदमै महत्वपूर्ण कार्यक्रम ‘चारदाम’ गरिन्छ । चारदाम नगरे सम्म केटाकेटी मिलेर जय जन्म भई छोरा छोरी विवाह योग्य भएपनि आमालाई कन्या नै मान्ने चलन रहेको पाईन्छ । यस्तो चारदाम गर्दा लामाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यहाँका लामाहरु मागी विवाह गर्दा थर, साईनो, खानदान विचार गरी केटा र केटीको ल्हो र खाम हेरेर विवाह गर्न उत्तम हुन्छ वा हुदैन छुट्याई, यदि हुने भएमा केटा र केटी दुवै पटिबाट गर्नु पर्ने बिभिन्न प्रक्रिया पुर्याई विवाह सम्पन्न गर्दछन् । प्रेम तथा चोरी विवाह बाध्यकारी रुपले भएपनि केटा केटी दुवै पक्षका बाबु आमाले आ-आफ्नै बिधि प्रक्रिया पुर्याएर विवाह गर्दछन् भने, अन्य जातकी केटी सँग विवाह गर्नु पर्दा अहिले दुई, चार वर्ष देखि यता आएर संस्कारमा शुद्धता ल्याउने भन्दै तामाङ घेदुङ्ग संघको प्रभावको कारणले केटीको काल्पनिक बाबु तामाङ नै राखेर केटीलाई तामाङ थर प्रदान गरी कुटुम्बरी बनाएर विवाह गर्ने गरेको (यहाँका कतिपय तामाङहरु यो चलन मान्न तयार नभए पनि लामाले तामाङ घेदुङ्ग संघले भने अनुसार गर्न थालेकोले बाध्यतामा परेका छन्) पाइन थालेको छ । जसले गर्दा पहिलेको बिधि बिधान अनुसार गर्नेहरु बाध्यतामा परेको पाईन्छ ।

मृत्यु संस्कारमा यहाँका तामाङहरु लामालाई बोलाउँछन् । लामाले आफ्नो बिधि बिधान गरेपछि लासलाई एउटा डाँडोमा जलाउने गर्दछन् । यसरी त्यस जलाउने ठाउँ शुद्ध र चोखो हेरेर लामाले अनुमति दिएपछि त्यस ठाउँमा लास जलाईन्छ भने, अर्का तिर लामाले जग्गे बनाएर लामा बिधि गरिरहेको हुन्छ । लामाले लामा बिधि सक्दा लास जलि सकेको हुन्छ । त्यसपछि सबै मलामीहरु भेला भई खाजा खाएर आ-आफ्नो घरमा लाग्दछन् । पहिला

अर्थात एघार, बाह्र वर्ष भन्दा अगाडी आफ्ना आफन्त मर्दा कपाल काट्ने, नुन तेल बार्ने, छापो टालो गरेर बस्ने तामाङहरु, अहिले आएर जातिय चेतना र संस्कारमा शुद्धता ल्याउने भनेर तामाङ घेदुङ्ग संघको प्रभावको कारण बुढी बाखो काटेर खुवाउने, नुन तेल बार्ने, छापोटालो गरेर बस्न नपर्ने गर्न थालेको पाईएकोले तामाङ भित्र नै द्विबिधाको अवस्था देखिन थालेको पाईन्छ । दाह संस्कार सकिएपछि घेवा गर्नु पर्दछ । घेवा यति नै दिनमा गर्नु पर्छ भनेर अनिवार्य नभएपनि तीन दिनको सानो काम धनि गरिव सबैले गर्नु पर्छ । त्यस पछि उनन्चास दिनमा ठुलो घेवा गर्ने गरिन्छ । यसरी घेवा गर्दा लामाले आफ्नो शाष्त्रको बिधिद्धारा सम्पन्न गर्ने गर्दछन् । यसरी घेवा सकिएपछि मृतकको सम्झनामा प्रत्येक वर्ष नौ रथ भित्र खेपासुङ (पितृहरुलाई श्राद्ध) गर्दछन् ।

# सन्दर्भग्रन्थ सूची (Reference)


आचार्य, बलराम (२०६४), 'नेपाली समाज र संस्कृतिको विश्लेषण' चौथो संस्करण, सन लाईट प्रकाशन कीर्तिपुर ।

खनाल, रामशरण (२०६१), 'काठमाडौ क्षेत्रको ब्राम्हण समाज, परम्परा र परिवर्तन', त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र मानवशास्त्र केन्द्रिय विभाग कीर्तिपुर, शोधपत्र ।

गाउँ विकास समिति, (२०६६), पार्श्व चित्र मादी राम्बेनी गाउँ विकास समितिको कार्यालय, संखुवासभा ।

जिल्ला विकास समिति, (२०६७), अभिलेख, संखुवासभा ।

टेलिफोन डायरी, (२०६६), संखुवासभा काठमाडौ सम्पर्क मञ्च नेकपा एमाले ।

तामाङ, कुमार योन्जन (२०६४), 'ताम्सालिङ चुनौति र सम्भावनाहरु', प्रथम प्रकाशन, प्रकाशक दुर्गबहादुर तामाङ स्मृति प्रतिष्ठान, बसुन्धरा ,काठमाडौ ।

तामाङ, पर्शुराम (२०५१), 'तामाङ जाति', प्रकाशक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,कमलादी, काठमाडौ ।

तामाङ, मुक्त सिंह (२०६५), 'राज्य पुनसंरचना राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण' पुस्तकमा प्रकाशित 'समानता, सङ्घीयता र बहुसांस्कृतिक राष्ट्रवाद' प्रकाशक मार्टिन चौतारी, थापाथली, काठमाडौं ।

तामाङ, रविन्द्र (२०५४), 'तामाङ रीमठीम', प्रथम प्रकाशन,प्रकाशक प्रतिभा समूह, बानेश्वर काठमाडौ ।

तामाङ, रुद्रसिंह (२०६०),'तामाङ संस्कार र सस्कृति', प्रथम प्रकाशन, प्रकाशक आदिवासी जनजाती उत्थान प्रतिष्ठान काठमाडौ ।

तामाङ, सिङमान (२०६१), 'तामाङ जाति इतिहास देखि वर्तमान सम्म', प्रथम संस्करण, प्रकाशिका श्रीमति काँइली तामाङ चौघरे-५ ललितपुर ।

पोखेल, ईश्वर (२०६३),‘सामाजिक अनुसन्धान पद्धति’, प्रथम प्रकासन, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन अनामनगर काठमाडौ ।

मिश्र, चैतन्य (२०६६), ‘अँध्यारोमा ढुंङ्गा हानेर बनाईदै छ संघीय नेपाल’ नयाँ पत्रिका राष्ट्रिय दैनिक वर्ष ३, अंक २४९, १२ पुष ।

मिश्र, चैतन्य (२०६७), ‘बदलिँदो नेपाली समाज’ प्रकाशक फाईनप्रिन्ट झम्सिखेल-३, ललितपुर ।

लामा, चुडादेव सिंह (२०६६), ‘नेपालका आदिवासी तथा जनजाति संस्कार एक : परिचय’, प्रथम संस्करण, नेपाल तामाङ गुम्बा सेवा केन्द्र केन्द्रिय कार्यालय काठमाडौं ।

लामा, सन्तवीर (२०५१), ले ‘ताम्बा काईतेन ह्वाई रिमठीम’, एघारौ प्रकाशन, प्रकाशक रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौ ।

विष्ट, डोर बहादुर (२०६४), ‘सबै जातको फूलवारी’, किफायति संस्करण, प्रकाशक हिमाल किताव काठमाडौं ।

विष्ट, पृत बहादुर (२०६६), ‘खस क्षेत्रीका आदिबासी जनजाति पहिचाहन सम्बन्धि आधार’ ।

सामुदायिक अध्ययन केन्द्र, (२०६७), अभिलेख, मादी राम्बेनी गाउँ विकास समिति संखुवा सभा ।

शर्मा, जनकलाल (२०५८), ‘हाम्रो समाज एक अध्ययन’, तेस्रो प्रकाशन, प्रकाशक साझा प्रकाशन काठमाडौ ।

शर्मा, नगेन्द्र (२०५२), ‘नेपाली जनजीवन’, दोस्रो प्रकाशन, प्रकाशक साझा प्रकाशन काठमाडौ ।

Ahearn, Laura M. (2004), Invitations to Love , Literacy Love, Letters, and Social Change in Nepal, The University of Michigan Press.

Bhattachan, Krishna (2008), Minorities and Indigenous People of Nepal, MCARD Nepal.

Bista, Dor Bahadur (1972), 'The People of Nepal', Ratna Pustak Bhandar, Kathmandu.

David, H. Holmberg (1989), 'Order in Paradox myth, ritual and exchange among Nepal's Tamang',Cornell University Press.

Devkota, Sunil Kumar (2002), 'Rites and Rituals of Tamang' Centeal Department of Sociology Anthropology Tribhuvan University, Kirtipur, Thesis.

District and VDC Profile of Nepal, (2010), Intensive Study and Research Centre.

Eastern Hoefer, Andras (1981), Tamang Ritual Texts, Preliminary studies in the folk religion of an ethnic Minority in Nepal.

Frick, Thomas E. (1986), Himalayan Household: Tamang Demography and Domestic Process, Book Faith India.

Maclver and C.H. Page, (1996), Society an Introductory Analysis, Macmillan, India Limited,

March, Kathryn (1983), Weaving, Writing and Gender.

Patton, M.Q. (1990), Qualitative Evaluation and Research Method, Suga Publication, New Dehli.

Singh,C.B. and Shrestha D.B. (2044), 'Ethnic Group of Nepal and Their Way of Living.

Tamang, Mukta Singh (2008), Himalayan Indigeneity: Histories, Memory and Identity Among Tamang in Nepal, Ph.D Dissertation submitted to Cornell University.

## अनुसूची - १

**संखुवासभा जिल्ला मादी राम्वेनी गाविसका तामाङहरुको संस्कार र परिवर्तन सम्वन्धि अध्ययनको क्रममा तथ्याङ्क संकलनका लागि सोधिने प्रश्नहरु तल निम्न अनुसार छन् ।**

मिति ................................

समय ............ वडा नं. - ............ फोन ..................

अनुसन्धानको क्रममा उत्तरदाताले गर्दै गरेको काम

..................................................................................................................

(१) घरसंख्या -

(२) उत्तरदाताको नाम -

(३) घरमूलीको

(क) नाम - ....................................................... (ख)लिङ्ग ............

(ग) उमेर ............. (घ) धर्म ...................... (ङ भाषा ............

(च) पेशा - (अ) मुख्य ................ (आ) सहायक ......................

(छ) शिक्षा - (अ) साक्षर ...................... (आ) निरक्षर

(४) परिवारका सदश्यहरुको विवरण :-

| क.सं. | नाम | उमेर | लिङ्ग | घरमुलीसँग नाता | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(५) तपाँईको परिवारमा कुन कुन चाडपर्वहरु मान्नु हुन्छ ?

……………………………………………………………………………………………………………
………………

(६) तँपाईको जमिन कति छ ?

(क) छ भने रोपनी ……………(ख) छैन

(७) त्यो जमिनले खान पुग्छ ?

(क) पुग्छ (प्रश्न ८ मा जाने) (ख) पुग्दैन

पुग्दैन भने के कसो गरेर जीवन निर्वाह गर्दै हुनुहुन्छ ?………………………………………………………………

(८) विरामी हुँदा उपचार के गर्नु हुन्छ ?

……………………………………………………………………………………………………………
………………

(९) तँपाईको परिवार कस्तो छ ?

(क) एकल (ख) संयुक्त

(१०) तपाँईको जातिमा के के संस्कारहरु गरिन्छन् ?**(प्रश्न १० देखि १९ सम्म थप अन्य आवश्यक कुरा आएमा कपिमा टिप्ने)**

……………………………………………………………………………………………………………
………………

……………………………………………………………………………………………………………
…………

(११) महिला गर्भवति भएको अवस्थामा के कस्ता व्यवहार गर्नु, गराउनु पर्छ ?

……………………………………………………………………………………………………………
………………

……………………………………………………………………………………………………………
…………

(१२) छोरा छोरीको न्वरान कति दिनमा के कसरी गर्नु भयो ?

(क) छोरो …………दिनमा (ख) छोरी …………. दिनमा (ग) गरिन (प्रश्न १३ मा जाने)

गर्ने तरिका ……………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

(१३) छोरा छोरीको पास्नी कति दिनमा के कसरी गर्नु भयो ?

(क) छोरो ........... दिनमा (ख) छोरी ........... दिनमा (ग) गरिन (प्रश्न १४ मा जाने)

गर्ने तरिका ........................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

(१४) छोराको छेवर कति वर्षमा के कसरी गर्नु भयो ? (क) ........वर्षमा (ख) गरिन (प्रश्न १५ मा जाने)

गर्ने तरिका ..................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

(१५) वालिकालाई गुन्यूचोली कति वर्षमा के कसरी दिनु भयो ? (क) ........वर्षमा (ख) दिईन (प्रश्न १६ मा जाने)

दिने तरिका ..................................................................................................................................

..........................................................................................................................................

(१६) तामाङ जातिमा कस्तो कस्तो प्रकारको विवाहहरु के कसरी गरिन्छ ?

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

........................................................................................................................................
...........

(१७) मानिसको मृत्यु हुँदा काम कति दिनमा के कसरी सक्नु हुन्छ ?

........................................................................................................................................
.................

........................................................................................................................................
...........

........................................................................................................................................
...........

(१८) तँपाईले थाहा पाए देखि अहिले सम्म तामाङको जन्म, कर्म र मृत्यु संस्कार गर्ने तरिकामा के कस्तो फरक देख्दै हुनुहुन्छ ?

........................................................................................................................................
........................................................................................................................................
........................................................................................................................................
............................................

(१९) किन त्यस्तो फरक आएको होला ?

........................................................................................................................................
.................

........................................................................................................................................
.................

........................................................................................................................................
...........

## अनुसूची - २

## बुढापाका, लामा तथा जानिफकार ब्यक्तिहरु सँग अर्न्तवार्ताको लागि चेकलिष्ट

(१) जातीय इतिहास, उत्पति र आगमन ।

(२) तामाङहरुले गर्ने बिभिन्न संस्कारहरु ।

(३) जन्म संस्कार अर्न्तगत गरिने संस्कारहरु र तिनिहरु गर्ने तरिका ।

(४) जन्म संस्कार अर्न्तगत गरिने बिभिन्न संस्कारहरु गर्ने तरिकाहरुमा आएको फरक र त्यसको कारणहरु ।

(५) कर्म संस्कार अर्न्तगत गरिने संस्कारहरु र तिनिहरु गर्ने तरिका ।

(६) कर्म संस्कार अर्न्तगत गरिने बिभिन्न संस्कारहरु र गर्ने तरिकामा आएको फरक र त्यसको कारणहरु ।

(७) मृत्यु संस्कार अर्न्तगत गरिने संस्कारहरु र तिनिहरु गर्ने तरिका ।

(८) मृत्यु संस्कार अर्न्तगत गरिने बिभिन्न संस्कारहरु गर्ने तरिकामा आएको फरक र त्यसको कारणहरु ।

(९) चाडपर्वहरु ।

(१०) परम्परागत भेषभुषा, मातृभाषा, लोक नृत्य र विश्वास ।

(११) धार्मिक विश्वास ।

(१२) महिलाको स्थान र भुमिका ।

(१३) आधुनिकीकरण, विश्वब्यापीकरण, पश्चिमीकरण, आदिको विकास ।

(१४) रोजगारी तथा वसाँईसराईको प्रभाव ।

## अनुसुची - तीन

**संखुवासभा जिल्ला मादी राम्वेनी गाउँ विकास समितिका तामाङहरुको घरमुलीको नामावली यस प्रकार रहेको छ ।**

**<u>वडा नं. १</u>**

१) विर बहादुर स्याङवो १५) ज्ञान बहादुर गोले

२) टेक बहादुर तामाङ १६) लाल बहादुर तामाङ

३) कृष्ण बहादुर तामाङ १७) चेत बहादुर तामाङ

४) प्रेम बहादुर तामाङ

५) धन बहादुर तामाङ

६) कमान सिंह तामाङ

७) गोपाल लाल तामाङ

८) दिल बहादुर तामाङ

९) पञ्चविर तामाङ

१०) राम बहादुर तामाङ

११) छत्र बहादुर तामाङ

१२) पुष्प बहादुर घिसिङ

१३) युवराज तामाङ

१४) तुल बहादुर गाले

१८) विर बहादुर तामाङ

१९) हेम बहादुर तामाङ

२०) मन बहादुर तामाङ

२१) धनमाया तामाङ

२२) पृथ्वीमान तामाङ

२३) पर्शुराम तामाङ

२४) उदय बहादुर दुङ

२५) रुपक दुङ

२६) कुल बहादुर थिङ

२७) मन कुमार थिङ

**वडा नं. २**

१) रीता तामाङ

२) दावा गोले

३) दुर्गामणि गोले

६) मान बहादुर गोले

४) धन बहादुर गोले

७) कर्ण बहादुर गोले

५) छत्र बहादुर तामाङ

८) धन बहादुर गोले

**वडा नं. ३**

१) जित बहादुर तामाङ १७) फुर्वाराम तामाङ

२) रत्न सुन्दर थिङ १८) लक्ष्मी बहादुर मोक्तान

३) चन्द्रमान तामाङ १९) मान बहादुर गोले

४) राम बहादुर तामाङ २०) मान बहादुर दुङ

५) वुद्धिमाया गोले २१) दिल बहादुर दुङ

६) नर बहादुर मोत्तान २२) मन बहादुर घिसिङ

७) शान्ति बहादुर मोत्तान २३ ) वुद्धविर गोले

८) राम बहादुर गोले २४) सहरमान गोले

९) मान बहादुर गोले २५) विर बहादुर गोले

१०) पासाङ गोले २६) लाल बहादुर स्याङदान

११) वुद्धिमान दुङ २७) सनक बहादुर गोले

१२) नर बहादुर तामाङ २८) लाखमान गोले

१३) किर्तिमान मोत्तान २९) रत्न बहादुर गोले

१४) संगिता गोले ३०) सल बहादुर तामाङ

१५) प्रेम बहादुर मोत्तान                                    ३१) लाल बहादुर गोले

१६) शोम बहादुर गोले                                    ३२) राम बहादुर गोले

३३) दल बहादुर गोले                                    ३९) लोक कुमार गोले

३४) सीता मोत्तान                                    ४०) जित बहादुर गोले

३५) गञ्ज बहादुर मोत्तान                                    ४१) चन्द्र बहादुर गोले

३६) हेम बहादुर तामाङ                                    ४२) भिम बहादुर गोले

३७) धन बहादुर लोप्चन

३८) सुर्य बहादुर लोप्चन

**वडा नं. ४**

१) टेक बहादुर तामाङ                                    १०) अमर बहादुर गोले

२) खगेन्द्र तामाङ                                    ११) डिक बहादुर तामाङ

३) स्याम कुमार तामाङ                                    १२) मान बहादुर तामाङ

४) काली बहादुर लुङवा                                    १३) डिल्लि बहादुर गोले

५) वुद्धि बहादुर तामाङ                                    १४) विर बहादुर गोले

६) ज्ञान बहादुर तामाङ		१५) अर्घुन बहादुर गोले

७) जङ्ग बहादुर गोले		१६) सोम बहादुर गोले

८) सुक विर थिङ		१७) तुलमान गोले

९) वुद्धि मान गोले

**<u>वडा नं. ५</u>**

१) दिल बहादुर तामाङ		४) यम बहादुर गोले

२) ध्रुवराज योञ्जन		५) मन बहादुर घिसिङ

३) दलविर योञ्जन		६) डिक बहादुर घिसिङ

७) चन्द्र बहादुर पाखिन		२१) वुद्धविर गोले

८) दिनेश कुमार पाखिन		२२) जीत कुमारी गोले

९) प्रेम बहादुर योञ्जन		२३) लाख बहादुर स्याङवो

१०) कृष्ण बहादुर थिङ		२४) सूर्य बहादुर स्याङवो

११) चक्र बहादुर थिङ		२५) कृष्ण बहादुर स्याङवो

१२) विर बहादुर गोले		२६) जित बहादुर स्याङवो

१३) सूर्य बहादुर गोले		२७) नारदमुनि गोले

१४) धनेश्वर तामाङ		२८) सुरेन्द्र गोले

१५) रत्न सिंह तामाङ		२९) मोहन प्रसाद गोले

१६) दिल बहादुर घिसिङ		३०) मार्मिन स्याङवो

१७) राम बहादुर मोक्तान		३१) प्रेम बहादुर स्याङवो

१८) कमला तामाङ (लिम्बु)		३२) दाछुरे स्याङवो

१९) वाङविर गोले		३३) लाखमान स्याङवो

२०) फुर्वराम तामाङ		३४) सीता घिसिङ

**वडा नं. ६**

१) पदम बहादुर लोप्चन		६) जनक तामाङ

२) धन बहादुर लोप्चन		७) जस बहादुर तामाङ

३) ज्ञान बहादुर लोप्चन		८) भिम बहादुर तामाङ

४) कमल बहादुर डुम्जन		९) सुकुमाया तामाङ

५) डिल्लिमान डुम्जन		१०) धन बहादुर तामाङ

११) तिर्थ बहादुर घिसिङ		२३) बल बहादुर तामाङ

१२) धन बहादुर घिसिङ		२४) लक्ष्मण तामाङ

१३) कमला घिसिङ                                    २५) कृष्ण कुमार तामाङ

१४) धन बहादुर थिङ

२६) गोपाल तामाङ

१५) सुर विर तामाङ

२७) सन्तोस तामाङ

१६) मन बहादुर घिसिङ

२८) हर्क तामाङ

१७) विर बहादुर तामाङ

२९) विर बहादुर वाईबा

१८) लाल बहादुर वोम

३०) दिपक तामाङ

१९) टीका तामाङ

३१) अम्रित वाइबा

२०) रण बहादुर तामाङ

३२) तिर्थ कुमार तामाङ

२१) रत्न बहादुर तामाङ

३३) पदमलाल घिसिङ

२२) सोम बहादुर तामाङ

३४) गणेश बहादुर तामाङ

**वडा नं. ७**

१) चन्द्र बहादुर तामाङ

४) विर बहादुर तामाङ

२) नैन सिंह तामाङ

५) धन सिंह तामाङ

३) सोम बहादुर तामाङ

६) विमल तामाङ

**वडा नं. ८**

१) रण बहादुरतामाङ

४) वुद्धिमान तामाङ

२) विष्णु माया तामाङ

५) श्रीवहादुर तामाङ

३) टेक बहादुर तामाङ ६) धन बहादुर तामाङ

७) फूलमाया तामाङ २१) सन्त बहादुर तामाङ

८) गन्ज बहादुर तामाङ २२) सोम बहादुर तामाङ

९) दिनेश कुमार तामाङ २३) आइत बहादुर तामाङ

१०) धन नारायण तामाङ २४) कालि बहादुर तामाङ

११) सुन नारायण तामाङ २५) मन बहादुर तामाङ

१२) मन बहादुर तामाङ २६) हर्क बहादुर तामाङ

१३) धन बहादुर तामाङ २७) पुड्क बहादुर तामाङ

१४) जस बहादुर तामाङ २८) जित बहादुर तामाङ

१५) विष्णु बहादुर तामाङ २९) हेम बहादुर तामाङ

१६) विर बहादुर तामाङ ३०) वुद्धिमान तामाङ

१७) चेतमान तामाङ ३१) खगेन्द्र तामाङ

१८) फूलमाया तामाङ ३२) गणेश बहादुर तामाङ

१९) जय बहादुर तामाङ ३३) सन्तमान तामाङ

२०) सोम माया तामाङ                                    ३४) प्रेम बहादुर तामाङ

**वडा नं. ९**

एउटै तामाङ परिबार छैन ।

## अनुसुची - चार

**तामाङ जातिका थरहरु :-**

| | | | |
|---|---|---|---|
| (१) बल | (२) वोम्जन | (३) गोले | (४) लोपचन |
| (५) दोङ | (६) मोक्तान | (७) पाखीन | (८) ग्यामदेन |
| (९) घिसिङ | (१०) ग्यावाक | (११) तीतुङ | (१२) थीङ |
| (१३) ब्लोन | (१४) रुम्वा | (१५) थोकर | (१६) डेसुर |
| (१७) ख्युङवा | (१८) डुमजन | (१९) जीम्बा | (२०) ग्लान |
| (२१) लुङबा | (२२) मोकचन | (२३) छेकपाल | (२४) ग्रेनदेन |
| (२५) योञ्जन | (२६) स्याङदान | (२७) वाइवा | (२८) बज्यू |
| (२९) स्याङबो | (३०) जोङगन | (३१) घले | (३२) लोबेन |

(३३) यारसादेन (३४) डिमदोङ (३५) दारताङ (३६) गाङताङ

(३७) गोङबो (३८) महिन्दोङ (३९) ब्राङदोङ (४०) लो

(४१) मार्पा (४२) टुपा (४३) सींगर (४४) चिमकन

(४५) ब्रोसिंगर (४६) तोइसाङ (४७) गोङबो (४८) गोम्जा

(४९) छ्युमी (५०) जुमी (५१) ल्हामीन्खोर (५२) सामदेन

(५३) होपतेन (५४) गोम्देन (५५) मम्बा (५६) गलतेन

(५७) खानिखोर (५८) नेगी (५९) ग्रङदन (६०) डोन

(६१) गोमच्यो (६२) घुन्सादेन (६३) लामागन्जु (६४) पङवोतेन

(६५) कालदेन (६६) कामदेन (६७) मुलुङ (६८) सिङगन

(६९) प्रभुबा (७०) जोङगन (७१) ब्लेनदेन (७२) ग्रोमबा

(७३) सुम्बा (७४) मोदेन (७५) डेके (७६) नाजुङ

(७७) चोदेन (७८) हिमटुङ (७९) गोन्दन (८०) कमैबा

(८१) स्हाङरी (८२) हेन (८३) कागते (८४) दामराङ

(८५) सेन्तेन (८६) गेमसींङ (८७) न्यारबा (८८) बामते

(८९) डिलपा (९०) सीङतन (९१) गोङसो (९२) डोसिङ

(९३) मनाङथेन (९४) थाङतेन (९५) ग्रोपच (९६) मान्देन

(९७) स्याङजुबा (९८) स्योरतेन (९९) रिमतेल (१००) फिउब

(१०१) ज्यूमी (१०२) गाङताङ (१०३) गोङबो (१०४) ङ्याजो

(१०५) गाङदेन (१०६) गोङबा (१०७) तोइसाङ (१०८) सामदेन

(१०९) सिङदन (११०) जोङगन (१११) कोल्देन (११२) ङारदेन

(११३) चौथेन (११४) म्यापा (११५) पाङथेन् (११६) स्याम्जन

(११७) फ्युबा (११८) रम्पोद (११९) लला (१२०) जोन्ना

(१२१) पाल्देन (१२२) सामतेन (१२३) दोङपा (१२४) ग्यावतेन

(१२५) ङ्याङ्जो (१२६) डीछेन (१२७) जोग्ना (१२८) वालदोङ

(१२९) दोङपा (१३०) ग्याप्तेन (१३१) सर्पाखोर (१३२) सुग्तल

(१३३) तुन्पा (१३४) तोङ्यार (१३५) गोथर ।

## अनुसुची - पाँच

**राजपत्रमा प्रकाशित ५९ आदिवासी जातिहरु :-**

(१) किसान (२) कुमाल (३) कुशवाडिया (४) कुशुण्डा (५) गनगाई

(६) गुरुङ (७) चेपाङ (८) छन्त्याल ( ९) छैरोतन (१०) जिरेल

(११) भाँगड (१२) डोल्पो (१३) ताङवे (१४) ताजपुरिया (१५) तामाङ

(१६) तीन गाउँले थकाली (१७) तोप्केगोला (१८) थकाली (१९) थामी

(२०) थारु (२१) थुदाम (२२) दनुवार (२३) दराई (२४) दुरा

(२५) धानुक (राजवंशी) (२६) धिमाल (२७) नेवार (२८) पहारी

(२९) फ्री (३०) वनकरिया (३१) बरामो (३२) बाह्रगाउँले (३३) बोटे

(३४) भुजेल (३५) भोटे (३६) मगर थकाली (३७) माभ्ही (३८) मार्फाली

(३९) मुगाली (४०) मेचे (वोडो) (४१) याक्खा (४२) राई (४३) राउटे

(४४) राजवंशी (कोच) (४५) राभ्ही (४६) लार्के (४७) लिम्बु

(४८) लेप्चा (४९) ल्होपा (५०) ल्होमी (शङसावा) (५१) वालुङ

(५२) व्यासी (५३) शेर्पा (५४) सतार (सन्थाल) (५५) सियार

(५६) सुनुवार (५७) सुरेल (५८) हायु (५९) हयोल्मो ।

## अनुसुची - छ

**राजपत्रमा प्रकाशित ६१ जनजातिहरु :-**

हिमाली

(१) भोटे (२) शेर्पा (३) थकाली (४) डोल्पो

(५) ल्होमी (शिङ्सावा) (६) ल्होपा (७) लार्के (नुप्रीवा)

(८) सियार (चुम्वा) (९) मुगाली (१०) बाह्रगाउँले (११) मनाङे

(१२) वालुङ (१३) थुदाम (१४) ताङ्वे (१५) तोप्केगोला (ढोक्प्या)

(१६) मार्फाली (१७) ठिन्तन (१८) चिम्तन (१९) स्याङतान

(२०) छैरोतन (२१) व्यासी

पहाडी

(२२) चेपाङ (२३) गुरुङ (२४) जिरेल (२५) लेप्चा

(२६) लिम्बु (२७) नेवार (२८) मगर (२९) राई

(३०) सुनुवार (३१) तामाङ (३२) थामी (३३) दुरा

(३४) हायु (३५) छन्त्याल (३६) ह्योल्मो (३७) पहरी

(३८) भुजेल/घर्ती (३९) बरामो (४०) सुरेल

(४१) कुसुण्डा (४२) फ्रि (४३) कुशवाडिया (कुहवाडिया)

(४४) बनकरिया

<u>भित्री मधेश</u>

(४५) बोटे (४६) दनुवार (४७) कुमाल (४८) दराई

(४९) माझी (५०) राजी (५१) राउटे

<u>तराई</u>

(५२) धानुक (रजवंशी) (५३) धिमाल (५४) गनगाई (५५) राजवंशी (कोच)

(५६) थारु (५७) मेचे (वोडो) (५८) किसान (५९) सतार (सन्थाल)

(६०) ताजपुरिया (६१) झाँगड ।





अनुसन्धानकर्ताले प्रश्न सोध्दै । तामाङको म्हाने र छेउको तामाङको घर ।



ॅ तामाङको लामाले घेवा गर्दै गरेको ।





बृद्ध तामाङ सँग अनुसन्धानकर्ता ।

तामाङ जातिको गुम्बा ।



घेवामा मृत आत्माको पुण्यको कामना गर्दै तामाङ परिवार ।





तामाङको घर ।　　　　　　　　जाँड पकाउदै तामाङ पति पत्नी ।